# शैक्षिक सूचना

## २०८१

नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

सिंहदरबार, काठमाडौँ

**शैक्षिक सूचना, २०८१**

प्रकाशक : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिहंदरबार, काठमाडौं

प्रकाशन गरिएको प्रति :

प्रकाशन मिति : २०८२ बैशाख

प्रतिलिपि अधिकार : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सुरक्षित रहनेछ ।

## सम्पादन समिति

| | |
|---|---|
| सयोजक | श्री शिवकुमार सापकोटा, सहसचिव, योजना तथा अनुगमन महाशाखा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य | श्री शङ्कर अधिकारी, उपसचिव, योजना तथा बजेट शाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य | श्री मुरारी निरौला, उपसचिव, आर्थिक प्रशासन शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य | श्री पदमराज पाण्डेय उपसिचव, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| सदस्य | श्री गिरमान थापा, उपसचिव, राष्ट्रिय किताबखाना (शिक्षक) |
| सदस्य | श्री सुशीला अधिकारी, आन्तरिक व्यवस्थापन शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य | श्री भक्तबहादुर गोदार, निर्देशक, शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| सदस्य | श्री प्रमिला बखती, निर्देशक, शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| सदस्य | श्री बासुदेव वस्ती, निर्देशक, पाठ्यक्रम विकास केन्द्र |
| सदस्य | श्री जरिना ख्वजु, निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद |
| सदस्य | श्री केदार आचार्य, निर्देशक, विश्वविद्यालय अनुदान आयोग |
| सदस्य | श्री नृपध्वज मगर, उपसचिव, शिक्षक सेवा आयोग |
| सदस्य सचिव | श्री निलकण्ठ ढकाल, उपसचिव, अनुगमन तथा मूल्याङ्कन शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |

माननीय रघुजी पन्त
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Mr. Raghuji Panta
Hon'ble Minister
Ministry of Education, Science & Technology
Singhadarbar, Kathmandu, Nepal

## शुभकामना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षासम्वन्धी विवरण समावेश गरी 'शैक्षिक सूचना २०८१' प्रकाशन गरेकोमा खुसी व्यक्तगर्दछु। शिक्षा समाज परिवर्तनको आधार हो। गुणस्तरीय र व्यावसायिक शिक्षा प्रणालीमार्फत मात्र राष्ट्रको सामाजिक,आर्थिक र सांस्कृतिक रूपान्तरण सम्भव हुन्छ भन्ने दृढ विश्वासका साथ मन्त्रालयले **'शैक्षिक सूचना २०८१'** सार्वजनिक गरेको छ। यो सूचना नेपालको शिक्षालाई २१औं शताब्दीको आवश्यकताअनुरूप आधुनिक, वैज्ञानिक, नवप्रवर्तनमुखी र उत्तरदायी बनाउने दिशामा एक महत्वपूर्ण कदम हो। यस सूचनाले **'शिक्षामा पहुँच, गुणस्तर र समावेशिता'** भन्ने मूल मर्मलाई आत्मसात् गर्दै शिक्षालाई देशको समग्र विकासको मूल आधारका रूपमा प्रस्तुत गरेको छ।

शिक्षा नीतिमा नवीन सोच, प्रविधिको प्रयोग, शिक्षकको क्षमता अभिवृद्धि, सिकाइ केन्द्रित पद्धति र शिक्षालाई रोजगारीसँग जोड्ने नीति तथा कार्यक्रम **'शैक्षिक सूचना २०८१'** का प्रमुख आधारशिला हुन्। साथै विपन्न, सिमान्तकृत र विशेष आवश्यकता भएका समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समेट्ने हाम्रो प्रतिबद्धताले कार्यान्वयनका क्षेत्रमा समेत साकार रुप लिएको छ।

अन्त्यमा, सूचना सङ्कलन, सम्पादन र प्रकाशनमा संलग्न सबैलाई धन्यवाद व्यक्त गर्दै शिक्षा क्षेत्र र यस मन्त्रालयका गतिविधिमा सरोकार राख्ने सबैमा यस प्रकाशनले पारदर्शिता र सूचनामा सर्वसुलभ पहुँच पुऱ्याउन सफलता प्राप्त गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**२०८२ वैशाख**

रघुजी पन्त
(मन्त्री)

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।


## शुभकामना

शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालयले बिगत बर्षहरुदेखि नै प्रत्येक बर्ष प्रकाशन गर्दै आएको शैक्षिक तथ्याङ्क सम्वन्धी विवरण सहितको **शैक्षिक सूचना २०८१** प्रकाशन गरेको छ। यस प्रकाशनमा मन्त्रालय र अन्तर्गतका बिभिन्न निकायहरुको परिचय सहित सांगठनिक संरचना, कार्यक्रम तथा सान्दर्भिक तथ्याङ्कहरु समावेश गरिएको छ।

शिक्षा मन्त्रालय अन्तर्गतका केन्द्रीय निकाय लगायतका शिक्षासँग सम्वन्धित निकायहरुले आफ्नै शैक्षिक सूचना व्यवस्थापन प्रणालीबाट शैक्षिक तथ्याङ्क संकलन तथा प्रशोधन गरी प्रकाशन गर्दै आएका पनि छन्। सबै निकायका महत्वपूर्ण शैक्षिक गतिविधिहरु, सूचना र तथ्याङ्कलाई एकिकृत गरि शैक्षिक सूचना २०८१ मा समावेश गरिएकाले सबै सरोकारवालाहरुलाई शैक्षिक सूचना प्राप्त गर्न सहज हुने देखिन्छ।

मन्त्रालयबाट प्रकाशित यस पुस्तिकालाई अध्ययन गर्ने सबै पाठकहरुले आ-आफ्ना रचनात्मक एवम् सिर्जनशील सुझाव एवं पृष्ठपोषण उपलब्ध गराउनु हुने छ भन्ने अपेक्षा लिएको छु। यसरी प्राप्त हुने सुझाव तथा पृष्ठपोषणले समग्र शिक्षा, विज्ञान तथा प्रबिधिको क्षेत्रमा सुधार गर्न र प्रकाशनमा रहेका कमी कमजोरीहरुलाई सुधार गर्दै आगामी दिनमा थप गुणस्तरीय र अझै उपयोगी बनाउन सकिन्छ भन्ने विश्वास लिएको छु।

अन्त्यमा,पुस्तिका प्रकाशनको लागि आवश्यक सूचना तथा विवरण उपलब्ध गराउनु हुने सबै निकाय तथा पुस्तिका प्रकाशनमा महत्बपूर्ण योगदान पुऱ्याउनु हुने सम्पादन समितिका सदस्यहरु लगायत संलग्न सबैलाई हार्दिक धन्यबाद दिदै यस पुस्तिकाको प्रभावकारी उपयोगको अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८२ बैशाख

डा. दिपक काफ्ले
सचिव (शिक्षा)

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
चलानी नं.:-

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**विषयः शुभकामना**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विगत वर्षहरुदेखि नैं प्रत्येक वर्ष प्रकाशन गर्दै आएको शैक्षिक सूचना २०८१ यस बर्ष पनि प्रकाशन हुन लागेकोमा मलाई खुसी लागेको छ। यस प्रकाशनमा मन्त्रालयसम्बद्ध एवम् अन्तर्गतका विभिन्न संस्थाको उद्धेश्य, सांगठनिक संरचना, कार्यक्रम तथा सान्दर्भिक तथ्याङ्कहरु समावेश गरिएको छ।

शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) नीति तथा योजना निर्माणको आधारशीला हो। यसैमा आधारित भइ यस मन्त्रालयले समग्र शैक्षिक क्षेत्रको योजना, नीति, कार्यक्रम बनाउँदै आएको छ। मन्त्रालयबाट प्रकाशित यस पुस्तिकालाई अध्ययन गर्ने सबै पाठकहरुले आ-आफ्ना रचनात्मक, सिर्जनशील सुझावहरु उपलव्ध गराउनुहुने छ भन्ने अपेक्षा लिएको छु। यसरी प्राप्त हुने सुझाव तथा पृष्ठपोषणले समग्र शिक्षा क्षेत्रमा क्रमिक सुधार गर्न र प्रकाशनमा रहेका कमी कमजोरीहरुलाई सुधार गर्दै आगामी दिनमा थप गुणस्तरीय र अझै उपयोगी बनाउन सकिन्छ भन्ने मलाई लागेको छ।

अन्त्यमा, शैक्षिक सूचना, २०८१ प्रकाशनको लागि निकायगत शैक्षिक सूचना तथा विवरण उपलव्ध गराउनु हुने तथा पुस्तिका सम्पादन समितिमा रही महत्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस पुस्तिकाको प्रभावकारी उपयोगको लागि शुभकामना व्यक्त गर्दछु।

मितिः २०८२ वैशाख

विश्वबाबु पुडासैनी
सचिव (विज्ञान प्रविधि)

# प्रकाशकीय

नेपालको शैक्षिक क्षेत्र निरन्तर परिवर्तन र विकासको क्रममा रहेको छ। यसै सन्दर्भमा शैक्षिक सूचना २०८१ को अंक पाठकसमक्ष प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं। यो वार्षिक प्रकाशन शिक्षासँग सम्बन्धित नवीनतम नीति, कार्यक्रम, अनुसन्धान र विचारहरूको एक महत्त्वपूर्ण संग्रह हो। यस अंकमा हामीले विशेष गरी  शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरुको विवरण, मुख्य मुख्य उपलब्धि र शिक्षा क्षेत्रसँग सम्वन्धित महत्वपूर्ण सूचना तथा जानकारी समावेश गरेका छौ।

शिक्षा व्यक्तिको जीवन र राष्ट्रको समग्र विकासको लागि अपरिहार्य छ।  यसै मान्यतालाई आत्मसात गर्दै यस अंकले शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाविद्, नीति निर्माता र सरोकारवाला सबैलाई शैक्षिक क्षेत्रका समसामयिक मुद्दाहरूमाथि गहन छलफल र विश्लेषण गर्न प्रेरित गर्नेछ। शैक्षिक सूचना २०८१ लाई विभिन्न खण्डमा प्रस्तुत गरेका छौ।  पहिलो खण्डमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायहरुको परिचय समावेश गरिएको छ।  त्यसैगरी दोस्रो खण्डमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायहरुको प्रमुख कार्यक्रम, तेस्रो खण्डमा विभिन्न शैक्षिक सूचना र चौथो खण्डमा मन्त्रालय अन्तर्गतका केन्द्रीय निकायहरुको संगठनात्मक संरचना प्रस्तुत गरिएको छ।  हामीलाई आशा छ, यस शैक्षिक सूचना २०८१ मा प्रस्तुत भएका जानकारीमूलक विषयवस्तुले शिक्षा क्षेत्रमा सरोकार राख्ने जो सुकै व्यक्तिको लागि उपयोगी हुनेछ।

शैक्षिक सूचना २०८१, प्रकाशनको लागि सम्पादन समितिमा रहेर समन्वय, सहयोग र मेहनत गर्नुहुने तथा निकायगत सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई यो रुपमा ल्याउन सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं। साथै पुस्तकलाई थप परिष्कृत र पठनीय बनाउँदै लैजानको लागि पाठकहरुबाट निरन्तर सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुको अपेक्षा गरिएको छ ।

मिति: २०८२ बैशाख

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(योजना तथा अनुगमन महाशाखा)

# विषय सूची

**खण्ड क : शिक्षा, विज्ञान तथा प्राविधि मन्त्रालय अन्तर्गतका केन्द्रीय तथा विभागीय निकाय ................................ १–३०**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ........................................ २
शिक्षा तथा मानव स्रोत विकास केन्द्र ........................................ ५
पाठ्यक्रम विकास केन्द्र........................................ ७
शैक्षिक गुणस्तर परीक्षण केन्द्र........................................ ८
राष्ट्रिय परीक्षा बोर्ड ........................................ ९
राष्ट्रिय किताबखाना (शिक्षक)........................................१०
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ........................................१२
शिक्षक सेवा आयोग ........................................ १४
चिकित्सा शिक्षा आयोग........................................ १५
विश्वविद्यालय अनुदान आयोग ........................................ १७
नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ........................................ १७
राष्ट्रिय विधि विज्ञान प्रयोगशाला ........................................१९
वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति........................ २०
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ........................................२१
नेपाल राष्ट्रिय पुस्तकालय........................................ २३
केशर पुस्तकालय ........................................ २५
डिल्लीरमण कल्याणी पुस्तकालय........................................ २७
युनेस्कोका निमित्त नेपाल आयोगको सचिवालय ........................................ २८

**खण्ड ख: शिक्षा, विज्ञान तथा प्राविधि मन्त्रालय अन्तर्गतका प्रमुख कार्यक्रमसम्बन्धी विवरण ............................. ३१–५२**

**खण्ड ग: शैक्षिक तथ्याङ्कसम्बन्धी विववरण........................................५३–९२**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायहरुको संगठनात्मक संरचना ........................९३–१०४**

अनुसूची १: शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको संगठन संरचना ........................................ ९५
अनुसूची २: नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको संगठन संरचना........................................ ९६
अनुसूची ३: शिक्षा,तथा मानव स्रोत विकास केन्द्रको संगठन संरचना ........................................ ९७
अनुसूची ४: पाठ्यक्रम विकास केन्द्रको संगठन संरचना ........................................ ९८
अनुसूची ५: शिक्षक सेवा आयोगको संगठन संरचना........................................ ९९
अनुसूची ६: शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संगठन संरचना........................................१००
अनुसूची ७: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको संगठन संरचना........................................ १०१
अनुसूची ८: विश्वविद्यालय अनुदान आयोगको संगठन संरचना ........................................१०२
अनुसूची ९: चिकित्सा शिक्षा आयोगको संगठन संरचना........................................१०३
अनुसूची १०: राष्ट्रिय किताबखाना (शिक्षक) को संगठन संरचना ........................................१०४

खण्ड क

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका केन्द्रीय तथा विभागीय निकाय

शिक्षा, विज्ञान र प्रविधि मानव जीवनका अभिन्न अंग हुन्। शिक्षाले मानिसलाई ज्ञान, सीप र नैतिक मूल्य प्रदान गरी व्यक्तित्व विकासमा मद्दत गर्छ। विज्ञानले प्राकृतिक नियमहरू बुझ्न र जीवन सहज बनाउन आवश्यक आविष्कार तथा नवप्रवर्तनहरू सम्भव बनाउँछ र नयाँ खोज तथा आविष्कार गरी समाजको विकासमा टेवा पुऱ्याउँछ । प्रविधिले यी ज्ञान र विज्ञानलाई दैनिक जीवनमा प्रयोग गर्न सहज बनाउँछ, जसले गर्दा जीवनस्तरमा सुधार आउँछ र देशको समग्र प्रगति सम्भव हुन्छ। मुलुकको समग्र शिक्षा तथा विज्ञान प्रविधि सम्बन्धी नीति निर्माण, योजना तर्जुमा तथा शैक्षिक सुधारका कार्यक्रम कार्यान्वयनको समन्वय तथा सहजीकरण गर्ने कार्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हुँदै आएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा विभागस्तरको निकायको रुपमा केन्द्रीयस्तरमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र रहेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यालय शिक्षा, अनौपचारिक शिक्षा र शैक्षिक जनशक्ति विकासको लागि विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयन, अनुगमन, व्यवस्थापन तथा प्रतिवेदनसम्बन्धी काम गर्दछ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रदेश सरकार, जिल्ला तहको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तह सँग समन्वय र सहकार्य गरी शैक्षिक योजना कार्यान्वयन, अनुगमन र व्यवस्थापनसम्बन्धी कार्यहरू गर्दछ। त्यसै गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत केन्द्रीयस्तरमा पाठ्यक्रम विकास केन्द्र रहेको छ जसले विद्यालय तहको शिक्षाको लागि समय सापेक्ष पाठ्यक्रम तथा पाठ्यपुस्तक र शैक्षणिक सामग्रीहरूको विकास, परिमार्जन र कार्यान्वयनको लागि सिफारिश गर्दछ। यसै गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत केन्द्रीयस्तरमा राष्ट्रिय परीक्षा बोर्डको स्थापना गरिएको छ जसले विद्यालय शिक्षाको अन्तमा लिइने कक्षा १२ को निर्णयात्मक परीक्षाको प्रबन्ध, सञ्चालन र व्यवस्थापनसम्बन्धी कार्यसम्पादन गर्दछ। यसका अतिरिक्त विद्यालय तहका शिक्षकहरूको स्थायी नियुक्ति र बढुवाको लागि विज्ञापन प्रकाशन गरी खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाहरू सञ्चालन तथा व्यवस्थापन गरी नियुक्तिको लागि सिफारिश गर्ने शिक्षक सेवा आयोगको गठन भई कार्य सञ्चालन भइरहेको छ। यस मन्त्रालय अन्तर्गत केन्द्रीय स्तरमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेको छ। जसले शैक्षिक गुणस्तर तथा विद्यार्थी सिकाइ उपलब्धिको मापन तथा मूल्याङ्कन गरी स्तरनिर्धारण गर्ने काम गर्दछ। पाठ्यपुस्तकहरू तथा अन्य शैक्षिक सामग्रीको छपाइ र वितरणका लागि सरकारी स्वामित्व सहितका संस्थान जनक शिक्षा सामग्री केन्द्र र साझा प्रकाशन पनि रहेका छन्। राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने उच्च तथा विशिष्ट स्तरीय जनशक्ति उत्पादनको जिम्मेवारीमा रहेको उच्च शिक्षाको नीति निर्माणमा सहयोग र सञ्चालनको समन्वय अन्तर्गत केन्द्रीय स्तरमा विश्वविद्यालय अनुदान आयोग रहेको छ। विश्वविद्यालयहरू आफ्ना कार्य सञ्चालन गर्नका लागि स्वायत्त छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत केन्द्रीयस्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरूको सम्बन्धन, सञ्चालन र व्यवस्थापनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को

स्थापना भएको छ जसले (विश्वविद्यालयका कार्यक्रमहरू बाहेक), छोटो अवधिको सिप विकास तालिम, प्राविधिक प्रवेशिका र डिप्लोमा तहका कार्यक्रमहरू सञ्चालन र सिप परीक्षण गर्ने कार्यहरू सम्पादन गर्दै आइरहेको छ। यसैगरी यस मन्त्रालय अन्तर्गत दुईवटा केन्द्रीय पुस्तकालयहरू (राष्ट्रिय पुस्तकालय र केशर पुस्तकालय) र एउटा स्वायत्त पुस्तकालय (डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय) सञ्चालनमा रहेका छन् ।

यसै गरी विज्ञान प्रविधितर्फ केन्द्रीय निकायका रुपमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, विधि विज्ञान प्रयोगशाला, वी.पी. कोइराला प्लानेटोरियम एण्ड अब्जरभेटरी विकास समिति रहेका छन्।

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

### १. परिचय

नेपालमा विक्रम सम्बत २००७ सालमा आएको राजनीतिक परिवर्तनपछि शिक्षा मन्त्रालयको स्थापना गरिएको हो। शिक्षा मन्त्रालयको पहिलो नेतृत्व सम्हाल्ने व्यक्तिको रुपमा माननीय मन्त्री नृपजङ्ग राणा हुनुहुन्थ्यो। शिक्षा मन्त्रालयको स्थापना भएपछि विभिन्न कालखण्डमा मन्त्रालयलाई विभिन्न जिम्मेवारीसहित विभिन्न नामले सम्बोधन गर्ने गरिएको पाइएको छ। जस्तै: शिक्षा मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय यस्तै गरी शिक्षा तथा खेलकुद मन्त्रालय हुँदै वि.सं. २०७४ चैत्र १ मा शिक्षा मन्त्रालय र विज्ञान तथा प्रविधि मन्त्रालय गाभिएर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय गठन भएको हो।

शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रका कार्यहरू सम्पादन गर्नको लागि मन्त्रालयमा २ जना सचिवको नेतृत्वमा शिक्षातर्फ प्रशासन, प्राविधिक तथा व्यवसायिक शिक्षा, विद्यालय शिक्षा, उच्च शिक्षा र योजना तथा अनुमगन महाशाखा गरी ५वटा महाशाखा र विज्ञान तथा प्रविधि तर्फ विज्ञान प्रविधि र पारमाणिक पदार्थ व्यवस्थापन महाशाखा गरी ७ वटा महाशाखा र महाशाखा अन्तर्गत ३० वटा शाखा रहने गरी जम्मा १८५ जना कर्मचारीको दरवन्दी सहितको सङ्गठनात्मक संरचना स्वीकृत गरिएको छ।

सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास र समाजसँग विज्ञान र उत्पादनसँग प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको दिर्घकालीन सोच रहेको छ।

### २. उद्देश्य

क) विद्यालय शिक्षालाई गुणस्तरीय, सान्दर्भिक, पहुँचयोग्य, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।
ख) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समावेशी र समतामूलक महुँच र गुणस्तर सुनिश्चित गर्नु ।
ग) उच्च शिक्षालाई गुणस्तरीय, वैज्ञानिक, अनुसन्धानमूलक, प्रविधिमैत्री र उत्पादनशील तथा रोजगारमूलक बनाउनु ।
घ) सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु ।
ङ) सङ्घीय संरचना अनुरूप सबै तहमा संरचनागत सुधार गर्दै पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्नु।

च)  अनुसन्धान तथा नवप्रवर्तनलाई उत्पादन तथा दिगो पूर्वाधार विकाससँग जोड्नु ।
छ)  नवप्रवर्तन पारिस्थितिकीय प्रणालीलाई सबल बनाई उद्यमशीलता विकास तथा उत्पादन वृद्धि गर्नु।
ज)  विद्यमान अनुसन्धानमूलक निकायहरूलाई सबलीकरण, सुधार तथा नीतिगत दिशानिर्देश र प्रभावकारी समन्वय गरी सङ्घीय संरचना अनुरूप सङ्घ, प्रदेश र स्थानीय तहमा विकास र विस्तार गर्नु।
झ)  मौलिक ज्ञान तथा परम्परागत प्रविधिको स्तरोन्नति तथा व्यवसायीकरण गर्न प्रोत्साहन गर्नु।

## ३. रूपान्तरणकारी रणनीति

क)  नीतिगत र संस्थागत सुधारलाई निरन्तरता प्रदान गर्ने।(५/१४)
ख)  भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने।(५/१५)
ग)  सबै तहको शिक्षाको पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयिक र व्यावहारिक बनाउने।(५/१६)
घ)  शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने।(५/१७)
ङ)  राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गर्ने।(५/१८)
च)  शिक्षा र सिपलाई उत्पादन र बजारसँग जोड्ने।(५/१९)
छ)  गुणस्तरीय र समावेशी शिक्षाका लागि लगानी विस्तार गर्ने।(५/२०)
ज)  शैक्षिक सुशासन सुनिश्चित गर्ने।(५/२१)
झ)  प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमलाई प्रभावकारी बनाउने।(४/३)
ञ)  अध्ययन अनुसन्धान र विकासमा जोड दिने। (३/१०)
ट)  नीतिगत र संस्थागत सुधार गर्ने। (५/२२)
ठ)  वैज्ञानिक अनुसन्धान, प्रविधि विकास, बौद्धिक सम्पत्ति सिर्जना तथा नवप्रवर्तनलाई जोड दिने। (५/२३)
ड)  विशेष सहुलियत प्रदान गर्ने। (५/२४)
ढ)  प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने। (५/२५)

## ४. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्य क्षेत्र

१. शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन
२. केन्द्रीय विश्वविद्यालयसम्बन्धी नीति, कानुन र मापदण्ड
३. विदेशी विश्वविद्यालयसँगको सम्बन्धन, समकक्षता निर्धारण, प्रत्यायन (एक्रिडिटेशन), समन्वय तथा नियमन
४. केन्द्रीय पुस्तकालसम्बन्धी नीति, कानुन र व्यवस्थापन
५. मानव संशाधन आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानवस्रोत विकास योजना
६. विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारुप, मूल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारुप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड
८. विद्यालय तहको शिक्षकको सेवा सर्त , योग्यता एवम् समकक्षताको नीति र मापदण्ड

९. शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारुप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय
१०. विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण
११. कूटनीतिक नियोगबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति
१२. विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति, प्रत्यायन तथा नियमन
१३. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय
१४. विश्वविद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय, खुला विश्वविद्यालय र केन्द्रीयस्तरका शैक्षिक प्रतिष्ठानसंग समन्वय
१५. छात्रवृत्ति र विद्वतवृत्तिसम्बन्धी नीति र मापदण्ड
१६. शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृतिसम्बन्धी नीति, कानुन र मापदण्ड
१७. राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन
१८. शैक्षिक गुणस्तर मानक निर्धारण, मापन तथा नियमन
१९. राष्ट्रिय परीक्षा बोर्ड , प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
२०. विज्ञान प्रविधिसम्बन्धी नीति, कानुन, मापदण्ड
२१. वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञानसम्बन्धी अध्ययन तथा अनुसन्धान
२२. विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविस्कार , प्रवद्र्धधन र विकास
२३. विज्ञान प्रविधि विषयक तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षणको मापदण्ड
२४. पारमाणविक प्रविधि, रेडियोधर्मी पदार्थहरूको गुणस्तर तथा उपयोगसम्बन्धी तथ्याङ्क प्रणालीको स्थापना, व्यवस्थापन र नियमन
२५. जैविक तथा पारमाणविक प्रविधिको उपयोग तथा प्रवद्र्धधन, नियन्त्रण र नियमन
२६. ओजोन अध्ययन, सौर्य विकीरण मापन तथा सूचना प्रवाह
२७. वैज्ञानिक उपकरण क्यालिब्रेशन तथा प्रमाणिकरण
२८. रासायनिक पदार्थको उपयोग तथा प्रवद्र्धधन, नियन्त्रण र नियमन
२९. पारमाणविक पदार्थ , वेवारिसे स्रोतहरूको खोज तथा पुनर्लाभ र व्यवस्थाप
३०. आणविक ऊर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन
३१. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेटेरियम, वोधशाला र विज्ञान संग्रहालय
३२. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय
३३. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन
३४. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलजी समूह बाहेक)।

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## १. परिचय

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको स्थापना साविकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेका तीन वटा केन्द्रीय निकायहरू शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रलाई एकीकृत गरी २०७५ साल जेठ ६ गते नेपाल सरकारबाट भएको हो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनको साथै अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार गरी समग्र विद्यालय शिक्षामा गुणस्तर सुधार र सुशासन कायम गर्ने कार्य गर्दछ। सवैको लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितताको साथै आजीवन सिकाइका अवसरहरु विस्तार गर्ने लक्ष्य हासिल गर्नको लागि विद्यालय शिक्षा योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन, समन्वय र सहजीकरण गर्ने काम गर्दछ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका कार्यहरुलाई तीनवटा क्षेत्रमा बाँडेर हेर्न सकिन्छः विद्यालय शिक्षाको लागि आवश्यक मापदण्डहरुको विकास तथा विद्यालयहरुमा अनुदान रकम निकासा, शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन र साक्षरता तथा आजीवन सिकाइ कार्यमा सहयोग।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा रही विभिन्न केन्द्रीय निकाय, प्रदेश सरकार तथा स्थानीय तह एवम् विभिन्न विकास साझेदार संस्थाहरु सँगको समन्वय र सहकार्यमा विद्यालय शिक्षा क्षेत्र योजना, वार्षिक कार्यक्रम तर्जुमा, विभिन्न मापदण्डहरुको विकास तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, सहकार्य र सहजीकरणको काम गर्दछ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा शैक्षिक योजना तथा विकास महाशाखा, मानव संसाधन विकास महाशाखा शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखा गरी तीनवटा महाशाखाहरू रहेका छन्। केन्द्रको प्रमुखको रूपमा महानिर्देशक रहने र प्रत्येक महाशाखाको नेतृत्व उपमहानिर्देशकवाट हुने व्यवस्था रहेको छ। केन्द्र अन्तर्गत सत्रवटा शाखाहरू रहेकाछन् भने जिल्लामा केन्द्रको कामलाई सहयोग, समन्वय र सहजीकरण गर्नको लागि प्रत्येक जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइहरू रहेका छन्। केन्द्रमा जम्मा १०१ जना कर्मचारीको दरवन्दी रहेको छ। विद्यालय शिक्षा क्षेत्र योजनातर्फ १९ जनाको अस्थायी दरवन्दी रहेको छ।

## २. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यविवरण

१) विद्यालय शिक्षासम्बन्धी द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरु र निकायसंगको समन्वय।

२) शिक्षासम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता तथा सम्झौता अनुरुप विद्यालय शिक्षा क्षेत्र विकास योजना लगायतका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन तथा समन्वय।

३) अनिवार्य आधारभूत शिक्षा र माध्यमिक शिक्षा एवम् राष्ट्रिय पठनसीप लगायतका विषयमा नमूना कार्यक्रम विकास तथा कार्यान्वयन।

४)	मानव संसाधन प्रक्षेपण योजना तर्जुमा, त्यस अनुरुप शैक्षिक योजना, कार्यक्रम विकास एवम् मानव संसाधन विकास योजना तयार।

५)	विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अध्ययन अनुसन्धान गर्ने गराउने तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन।

६)	प्रदेश र स्थानीय तहबाट माग भएबमोजिम प्राविधिक विषयमा सहजीकरण एवम् समन्वय।

७)	विद्यालय शिक्षाको एकीकृत शैक्षिक तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा प्रबोधीकरण।

८)	विद्यालय शिक्षाको लागि भौतिक सुविधा सहितको न्यूनतम सिकाइ अवस्थाको योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक स्रोत व्यवस्थापन एवम् सहजीकरण।

९)	प्रारम्भिक बालविकास तथा शिशु शिक्षा सम्बन्धी नीति तथा मापदण्ड निर्धारण एवम् कार्यक्रम सञ्चालनको समन्वय।

१०)	अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक मापदण्ड निर्माण तथा कार्यान्वयनमा सहजीकरण।

११)	माध्यमिक शिक्षातर्फ साधारण तथा प्राविधिक शिक्षाको लागि आवश्यक नीतिगत व्यवस्था।

१२)	शिक्षण संस्थाको स्थापना र सञ्चालनको न्यूनतम राष्ट्रिय मापदण्ड निर्धारण तथा आवश्यक समन्वय, सहजीकरण र अनुगमन।

१३)	विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन एवम् सहजीकरण।

१४)	विद्यालय शिक्षामा पहुँच बढाउन छात्रवृत्ति, दिवाखाजालगायतका प्रोत्साहन कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण।

१५)	शिक्षक व्यवस्थापन तथा विकासका लागि मापदण्ड तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण।

१६)	सेवाकालीन शिक्षक तालिमको लागि पाठ्यक्रमको ढाँचा निर्माण एवम् स्वीकृति, कोर्स तथा स्रोत सामग्री विकास, प्रशिक्षक तयारी, तालिम मापदण्ड विकास, तालिमको प्रमाणीकरण तथा समकक्षता निर्धारण।

१७)	प्रदेश अन्तरगतका शैक्षिक तालिम कार्यक्रम तथा निकायहरुको सम्वन्धन, प्राविधिक सहयोग, समन्वय,अनुगमन तथा नियमन।

१८)	शिक्षक तालिम सम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारुप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसंगका समन्वय समावेशी शिक्षा, लैगिक समविकास, मातृभाषा, तथा विशेष शिक्षा सम्बन्धी कार्य।

१९)	विद्यालयमा हुने विपद् जोखिम न्यूनीकरणका लागि सुरक्षित विद्यालय नीति तथा एकीकृत विद्यालय सुरक्षासम्बन्धी कार्यक्रमहरूको विकास तथा कार्यान्वयन।

२०)	नमूना विद्यालय विकास,व्यवस्थापन एवम् सञ्चालनमा समन्वय र सहजीकरण।

२१) परम्परागत, बैकल्पिक एवम् खुला शिक्षा तथा निरन्तर सिकाइसम्बन्धी नीति एवम् मापदण्ड निर्धारण तथा कार्यान्वयमा सहजीकरण।

२२) विभिन्न तहमा शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक सामग्रीको सूची विकास,तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणीकरण, नमूना तालिम सामग्री उत्पादन तथा वितरणसम्बन्धी कार्यहरु।

२३) भाषिक, लैङ्गिक लगायतका विविधतालाई व्यवस्थापन गर्न समावेशी शिक्षा नीति अनुरूपका नमूना कार्यक्रमहरू तर्जुमा एवम् कार्यान्वयन।

२४) विद्यालय पोषण, बालमैत्री विद्यालयसम्बन्धी सहजीकरण तथा सवलीकरणका कार्यहरु।

२५) शिक्षक तथा शिक्षा प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी मापदण्ड विकास, कार्यक्रम तर्जुमा,कार्यन्वय र प्रमाणीकरण।

२६) दूर शिक्षा/खुला सिकाइ कार्यक्रमको लागि,श्रव्य तथा श्रव्यदृष्य सामग्री विकास एवम् प्रसारण, कार्यक्रम सञ्चालन एवम् समन्वय।

२७) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा सामुदायिक सिकाइ केन्द्रको नीति तर्जुमा योजना विकास र नियमन।

२८) केन्द्रमा कार्यरत कर्मचारीको व्यवस्थापन, बृत्ति विकास, क्षमता विकास र आन्तरिक व्यवस्थासम्बन्धी कार्यहरु।

२९) समावेशी शिक्षा, लैङ्गिक समविकास तथा विशेष शिक्षा सम्बन्धी कार्यहरु।

३०) स्रोतकेन्द्रको मापदण्ड, नक्साङ्कन र स्रोतव्यक्तिको छनौट तथा सेवा सर्त सुविधासम्बन्धी कार्यहरु।

## पाठ्यक्रम विकास केन्द्र

१. **परिचयः**

पाठ्यक्रम विकास केन्द्र (CDC), शिक्षा मन्त्रालय अन्तर्गतको एक शैक्षिक केन्द्र, शिक्षाको राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्न विद्यालय शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तकहरू र अन्य निर्देशनात्मक सामग्रीहरू विकास गर्ने उद्देश्यले स्थापना गरिएको हो। यस केन्द्रले शैक्षिक सामग्रीको उपयोगिताबारे वार्षिक तथा आवधिक छलफल, अन्तरक्रिया, प्रचारप्रसारका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसबाहेक, यसले विद्यालय शिक्षालाई सान्दर्भिक, व्यावहारिक र प्रतिस्पर्धात्मक बनाउन अनुसन्धानमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्छ। विद्यालय शिक्षालाई उत्तरदायी र सक्षम नागरिकको विकासको आधारशिला मानिन्छ। तसर्थ, प्रारम्भमा १९७१ मा पाठ्यक्रम, पाठ्यपुस्तक र सुपरीवेक्षण केन्द्रको रूपमा स्थापना भएको र पछि १९९७ मा पाठ्यक्रम विकास केन्द्र नामकरण गरिएको हो। यस केन्द्रले स्थापनाकालदेखि नै विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रक्रियामार्फत विद्यालय शिक्षामा विद्यार्थीहरूको आवश्यकता र रुचिलाई एकीकृत गर्न कटिबद्ध छ।

पाठ्यक्रम विकास केन्द्रमा महानिर्देशकको रूपमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवको नेतृत्वमा प्राविधिक र प्रशासनिक दुवै क्षेत्रका ५५ जना कर्मचारीको दरवन्दी रहेको छ। रोजगार उन्मुख, विद्यार्थी

केन्द्रित, व्यावहारिक, जीवन सीप उन्मुख, व्यावसायिक, प्रतिस्पर्धात्मक र गुणात्मक विद्यालय शिक्षाको लागि आवश्यक उपयुक्त पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य निर्देशनात्मक सामग्रीहरू विकास गरी शैक्षिक केन्द्रको रूपमा पहिचान गर्ने दृष्टिकोण रहेको छ।

## २. पाठ्यक्रम विकास केन्द्रको कार्यविवरण

क) विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास तथा पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री एवम् विद्यार्थी मूल्याङ्कनसम्बन्धी गुणस्तर मापदण्ड निर्धारणसम्बन्धी कार्य।
ख) विद्यालय शिक्षाको योग्यता परीक्षण, मान्यता तथा समकक्षता र प्रमाणीकरणसम्बन्धी कार्य।
ग) विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी योजना तथा कार्यक्रम विकास, कार्यान्वयन र मूल्याङ्कन।
घ) पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री (डिजिटल पाठ्यसामग्री समेत) विकाससम्बन्धी कार्य।
ङ) थप पाठ्यसामग्रीको अनुमति तथा स्वीकृति तथा अनुगमनसम्बन्धी कार्य।
भ) पाठ्यक्रम कार्यान्वयन, मूल्याङ्कन, नियमन, अध्ययन अनुसन्धान तथा अनुगमनसम्बन्धी कार्य।
झ) पाठ्यक्रम तथा पाठ्यसामग्री एवम् विद्यार्थी मूल्याङ्कनसम्बन्धी गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन।

# शैक्षिक गुणस्तर परीक्षण केन्द्र

## १. परिचयः

राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा स्थापित मूल्य, मान्यता एवम् सिद्धान्तका आधारमा विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र शैक्षिक संस्था एवम् निकायको कार्यसम्पादन परीक्षण गरी प्राप्त नतिजा सार्वजनिकीकरण मार्फत शैक्षिक क्षेत्रका नीति निर्माण तथा कार्यान्वयनमा सम्बद्ध पक्षलाई सहयोग पुऱ्याउने उद्देश्यले वि.स. २०६६ साल कार्तिक १३ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको विभागीय स्तरको सङ्गठनका रूपमामा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको हो। शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा ७ख. बमोजिम २०७३ सालदेखि यस केन्द्रलाई आफ्नो कार्य सञ्चालनका निमित्त कानुनी आधार प्राप्त भयो। ऐनले उल्लेख गरेका कार्यविवरण पूरा गर्ने सन्दर्भमा कार्य सञ्चालन प्रणालीलाई व्यवस्थित गर्न नेपाल सरकारले २०७४ सालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सञ्चालन निर्देशिका जारी गऱ्यो। जसअनुसार केन्द्रले आवधिक रूपमा परीक्षण प्रतिवेदनहरू प्रकाशन गर्ने, मन्त्रालयबाट तर्जुमा हुने नीति तथा योजनामा परीक्षणका नतिजा तथा सुझावको उपयोग गर्न प्रतिवेदन गर्ने, र विद्यालय स्तरमा व्यवस्थापकीय एवम् शिक्षण सिकाइका अभ्यास सुधारका लागि प्रतिवेदनका सिफारिसलाई अनुसरण गर्न सहयोग गर्ने संयन्त्रको रुपमा विकास भएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा महानिर्देशक सहित जम्मा ३१ जना कर्मचारीको दरवन्दी रहेको छ।

## २. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले ऐनको दफा ७ख. मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने व्यवस्था गरेको छ। त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुखका रूपमा काम गर्न नेपाल सरकारले एक जना प्रमुख शिक्षा परीक्षक

नियुक्ति गर्ने व्यवस्था छ। शिक्षाको गुणस्तर सुधार र समता कायम गर्ने, शिक्षा पद्धतिको उत्तरदायित्वमा सुधार एवम् सक्षमता र प्रभावकारिता वृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि नेपाल सरकार तथा मातहतका शैक्षिक निकाय तथा विद्यालयहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने उद्देश्यका साथ स्थापित शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख कार्यहरू देहायका क्षेत्रहरूसँग सम्बन्धित रहेका छन् :

१) विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण
२) विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण र
३) शैक्षिक मुद्दाहरूमा अध्ययन अनुसन्धान

## राष्ट्रिय परीक्षा बोर्ड

### १. परिचय

शिक्षा (आठौं संशोधन) ऐन, २०७३ कार्यान्वयनमा आए संगै उच्च माध्यमिक शिक्षा परिषद् खारेज भई राष्ट्रिय परीक्षा बोर्ड क्रियाशील भइसकेको छ। साविकको उच्च माध्यमिक शिक्षा परिषद् बाट सम्पादन हुँदै आएका सम्बन्धन विद्यालय अनुमति, छात्रवृत्ति, विद्यालय संचालन सम्बन्धी कार्य स्थानीय तहबाट व्यवस्थापन गरिने र पाठ्यक्रम निर्माण, विकास एवम् समकक्षता निर्धारण सम्बन्धी कार्य पाठ्क्रम विकास केन्द्रबाट सम्पादन गर्ने गरी कार्यक्षेत्र निर्धारण भएका छन्। कक्षा १० ( एस.इ.इ) को परीक्षा एवं कक्षा ११ र १२ (एस एल सी ई)को परीक्षा सम्बन्धी कार्यहरुलाई राष्ट्रिय परीक्षा बोर्डको क्षेत्राधिकार भित्र आवद्ध गरिएको छ। साथै कक्षा १० को परीक्षा प्रादेशिक स्तरमा संचालन गर्ने र समग्र विधालय शिक्षाको परीक्षालाई समेत दिशानिर्देश गर्ने दायित्व राष्ट्रिय परीक्षा बोर्डको परिधिभित्र समाहित गरिएकोछ।

ऐनमा भएको व्यवस्था अनुसार विद्यालय शिक्षाको परीक्षा संचालन, व्यवस्थापन र उन्नयनका लागि स्थापना गरिएको राष्ट्रिय परीक्षा बोर्डको मूलकार्य परीक्षा पद्धतिको विकासमा केन्द्रित रहेको छ । राष्ट्रिय परीक्षा बोर्डलाई अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्थाको रुपमा शिक्षा ऐनमा परिभाषित गरिएको छ। उच्च माध्यमिक शिक्षा परिषद्को परीक्षा नियन्त्रण कार्यालयबाट सम्पादन हुँदै आएका सबै कामकारवाही राष्ट्रिय बोर्डबाट संचालन भइरहेका छन्। उच्च माध्यमिक शिक्षा परिषद्को नाममा रहेको चल /अचल सम्पत्ति तथा दायित्व बोर्डमा सरेको छ।

### २. बोर्डको गठन :

क) मान्यताप्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको र शिक्षा तथा परीक्षा सम्बन्धी क्षेत्रमा कम्तिमा बाह्र वर्षको अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा ख्यातिप्राप्त शिक्षाविद्हरु मध्येबाट कम्तीमा एकजना महिला सहित मन्त्रालयले मनोनयन गरेका दुईजना सदस्य रहेको समितिको सिफारिसका आधारमा नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष
ख) शिक्षा मन्त्रालयको सचिव -उपाध्यक्ष
ग) मन्त्रालयको सहसचिव (विद्यालय शिक्षा हेर्ने) -सदस्य
घ) महानिर्देशक, शिक्षा विभाग -सदस्य
ङ) कार्यकारी निर्देशक, पाठ्यक्रमविकास केन्द्र -सदस्य

च)  सदस्य सचिव, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् -सदस्य

छ)  परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय -सदस्य

ज)  प्राध्यापन, शिक्षा प्रशासन र परीक्षा क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त गरी विशेषज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट बोर्डले मनोनित गरेका कम्तिमा दुईजना महिला सहित तीनजना -सदस्य

झ)  सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका प्राध्यानाध्यापकहरु मध्येबाट कम्तिमा एकजना महिला सहित मन्त्रालयले मनोनित गरेका दुईजना -सदस्य

ञ)  नेपाल शिक्षा सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत वाबोर्डको वरिष्ठ कर्मचारीहरु मध्येबाट मन्त्रालयले तोकेको कर्मचारी -सदस्य सचिव

३. **बोर्डको काम,कर्तव्य र अधिकारः**

क)  मन्त्रालयले स्वीकृत गरेको परीक्षा सम्बन्धी नीतिको अधीनमा रही बोर्डको नीति निर्धारण गरी कार्यान्वयन गर्ने गराउने,

ख)  बोर्डको दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

ग)  विद्यालय शिक्षा परीक्षाको मर्यादा र गुणस्तर कायम भए नभएको सम्बन्धमा मूल्यांकन गर्ने गराउने,

घ)  बोर्डको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

ङ)  बोर्डको काम सुचारु रुपले सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत जुटाउने,

च)  बोर्डको आवधिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्ने,

ञ)  तोकिए बमोजिमका अन्य कामहरु गर्ने गराउने ।

४. **बोर्डको कार्यालय तथा कार्य सञ्चालन :**

राष्ट्रिय परीक्षा बोर्डको कार्यालय साविकको उच्च माध्यमिक शिक्षा परिषद्को कार्यालय रहेकै स्थापना भई दैनिक कार्य संचालन भइरहेको छ। राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा ११ र १२ को परीक्षा र कक्षा १० को परीक्षा सम्बन्धी कार्य छुट्टा छुट्टै परीक्षा नियन्त्रण कार्यालय बाट भइरहेका छन्। बोर्डको केन्द्रीय कार्यालय, प्रदेश कार्यालयहरु र जिल्लास्थित शाखा कार्यालयहरुबाट विद्यार्थीहरुलाई प्रमाणपत्र वितरण लगायतका काम हुने गरेका छन। पुराना विद्यार्थीका लागि यस्ता प्रमाणपत्रमा राष्ट्रिय परीक्षा बोर्डको छाप लगाई, द्रव्यष्टमा NB:- "This certificate has been issued by the National Examinations Board pursuant to clause 41 (2) of the Education Act (8th Amendment), 2073 B.S. (2016 A.D.)" भन्ने वाक्यांश लेखिएको प्रमाणपत्र वितरण गरिने कार्य भइरहेको छ । माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक शिक्षाको अन्त्यमा हुने कक्षा बाह्रको परीक्षा बोर्डबाट सञ्चालन हुने गरी कार्यक्षेत्र तोकिएको छ। कक्षा दशको परीक्षा प्रदेश तहमा र कक्षा ११ र १२ को परीक्षा केन्द्रीय तहबाट संचालन गरिएका छन्। राष्ट्रिय परीक्षा बोर्डका ७ वटा प्रदेश कार्यालयहरु र ४ वटा जिल्लास्थित शाखा कार्यालयहरुले शिक्षा विकास तथा समन्वय इकाईसंग समन्वय गरी सेवा प्रवाह गर्ने कार्य गरिरहेका छन्।

## राष्ट्रिय किताबखाना (शिक्षक)

१. **परिचय**

सेवा निवृत हुने शिक्षकहरुलाई निवृतभरण, उपदान लगायतका सेवा सुविधा दिने व्यवस्था २०३५ सालमा भएपछि अभिलेख राख्ने र सेवा सुविधा प्रदान गर्ने कार्य साबिकको क्षेत्रीय शिक्षा निर्देशनालयबाट हुदै

आएकोमा अलग्गै निकायबाट उक्त कार्य सञ्चालन गर्ने उद्देश्यले मन्त्रिपरिषद्को मिति २०५४ माघ २ गतेको निर्णय बमोजिम शिक्षा नियमावली २०४९ मा भएको (छैठौं संशोधन) ले विद्यालय शिक्षक किताबखानाको स्थापना गरेको हो। मिति २०५४।१२।२६ गतेदेखि केशरमहल परिसरको एक कोठाबाट आफ्नो कार्य आरम्भ गरी वि.सं. २०५५ साल भाद्र महिनादेखि ताहाचल स्थित साबिकको जिल्ला शिक्षा कार्यालय काठमाडौंको भवनमा स्थानान्तरण गरियो। वि.सं. २०६६ जेष्ठदेखि विद्यालय शिक्षक किताबखानाको आफ्नै भवन काठमाडौं महानगरपालिका वडा न. १३ म्यूजियम मार्गमा निर्माण भएपछि यहीबाट सेवाप्रदान गर्दै आएको छ।

नेपालको संविधान जारी भएपश्चात मुलुक संघीय संरचनामा गएसँगै नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५ आषाढ ४ गतेको निर्णयानुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत निजामती किताबखाना, विद्यालय शिक्षक किताबखाना र प्रहरी किताबखानालाई गाभेर राष्ट्रिय किताबखाना बनाइएको छ। यसपछि यस किताबखानाले राष्ट्रिय किताबखाना (शिक्षक) को रुपमा कार्य गर्दै आएको छ। राष्ट्रिय किताबखाना शिक्षकमा ७३ जना कर्मचारीको दरवन्दी रहेको छ।

## २. संस्थाको उद्देश्य

(क) सामुदायिक विद्यालयका स्थायी शिक्षकको सुरु नियुक्तिदेखि अवकाश हुँदासम्मको अभिलेख सुरक्षित र व्यवस्थित रुपमा अद्यावधिक गर्ने.

(ख) सेवाबाट निवृत्त भएका शिक्षकको निवृत्तभरण, उपदान, उपचार खर्च, पारिवारिक निवृत्तभरण, सन्तति वृत्ति, बिरामी बिदा (अस्थायी अवधिको समेत) को रकम आदि सुविधा उपलब्ध गराउने र सोको अभिलेख राख्ने।

(ग) सरकारका विभिन्न निकायहरुलाई नीति निर्माणका लागि आवश्यक पर्ने शिक्षक सम्बन्धी सूचना तथा तथ्याङ्क उपलब्ध गराउने।

(घ) सामुदायिक विद्यालयका स्थायी शिक्षकको अभिलेखको सूचना केन्द्रको रुपमा कार्य गर्ने।

(ङ) सामुदायिक विद्यालयका स्थायी शिक्षकको वार्षिक तलबी प्रतिवेदन पारित गर्ने/गराउने।

(च) सामुदायिक विद्यालयका स्थायी शिक्षकको सम्पत्ति विवरणको वार्षिक रुपमा अभिलेख राख्ने।

## ३. संस्थाको कार्यहरु

(क) स्थायी शिक्षकको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) दर्ता गरी नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारवाही, असाधारण एवम् अध्ययन बिदा, उपचार खर्चको रकम जस्ता शिक्षकसँग सम्बन्धित विवरणहरु वैयक्तिक तथा नोकरी विवरण(सिटरोल) फाइलमा संलग्न गरी अद्यावधिक गर्ने।

(ख) शिक्षकको वार्षिक तलबी प्रतिवेदन पारित गर्ने।

(ग) ६ महिना अगावै शिक्षकलाई अनिवार्य अवकाशको जानकारी दिने सम्बन्धी सूचना व्यवस्थापन गर्ने।

(घ) सेवाबाट अलग भएका शिक्षकको बिरामी बिदा (अस्थायीको समेत) उपचार खर्च, उपदानको रकम निकासा दिने तथा निवृत्तभरण, पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति जस्ता सुविधा किटान गरी नि.भ.अधिकारपत्र (पेन्सनपट्टा) प्रदान गर्ने।

(ङ) शिक्षा ऐन र नियमावलीमा व्यवस्था भए अनुसार सेवा अवधि गणना गर्ने।
(च) निवृत्तभरण प्राप्त शिक्षकलाई परिचयपत्र प्रदान गर्ने।
(छ) स्थायी शिक्षकको स्थायी ठेगाना परिवर्तन गर्ने।
(ज) शिक्षकको अभिलेख तथा सुविधा सम्बन्धी सूचना केन्द्रको रुपमा काम गर्ने।
(झ) शिक्षकको सम्पत्ति विवरणको वार्षिक रुपमा अभिलेख राख्ने।
(ञ) सम्बन्धित निकाय तथा शिक्षकलाई शिक्षकको अभिलेख अनुरुपका तथ्याङ्क नियमानुसार उपलब्ध गराउने।
(ट) शिक्षकको अभिलेखलाई निरन्तर आधुनिक प्रविधिअनुरुप व्यवस्थित एवम् अद्यावधिक गर्दै जाने।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

### १. परिचय

आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम एक संगठित संस्थाको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो। परिषद्लाई मार्गदर्शन प्रदान गरी सुव्यवस्थित ढंगले सञ्चालन गर्नका लागि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा २३ सदस्यीय सभा र ९ सदस्यीय परिषद्को व्यवस्था गरिएको छ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तरगत जम्मा  जना कर्मचारीको दरवन्दी रहेको छ।

### २. सभाको काम, कर्तव्य र अधिकार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा २(क) मा सभाको गठन र दफा ५(क) मा उल्लेख गरिएको सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई मार्गदर्शन दिने।
ख) परिषद्को नीति निर्धारण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने।
ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास र विस्तार समयानुकूल भए नभएको मूल्याङ्कन गर्ने गराउने।
घ) परिषद्को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।
ङ) दीर्घकालीन योजना तयार गर्न लगाउने र त्यसको कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउन लगाउने।
च) आवश्यकतानुसार समिति, उपसमिति वा अध्ययन अनुसन्धान टोली गठन गर्ने गराउने।
छ) परिषद् अन्तर्गतका कुनै निकाय वा अधिकारीलाई आवश्यक निर्देशन दिने।
ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएका अन्य कामहरू गर्ने गराउने ।

## ३. परिषद्को काम, कर्तव्य र अधिकार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा ६ अनुसार परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास गर्नको लागि तोकिए बमोजिमका विभिन्न शिक्षण प्रशिक्षण र अनुसन्धानको व्यवस्था गर्ने र त्यसको सञ्चालनको व्यवस्था मिलाउने।

ख) निजी एवं गैर सरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको

ग) अध्यापन वा सञ्चालन स्वीकृति दिने र तिनीहरुले पाउने सुविधा र सहयोग सम्बन्धी व्यवस्था गर्ने।

घ) प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको सम्बन्धमा स्वदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्ने र स्तरयुक्त शिक्षा वा तालीममा जोड दिने।

ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सम्बन्धी नीति निर्धारण गरी सभामा स्वीकृतिको लागि पेश गर्ने।

च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने।

छ) आधारभूत तहको सीप तथा तालीम सञ्चालन गर्ने र मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने ।

ज) बहुप्राविधिक (पोलिटेक्निक) शिक्षालय स्थापना एवं सञ्चालन गर्ने गराउने।

झ) नेपाल सरकारको स्वामित्वमा रहेका संगठित संस्था तथा गैर सरकारी संगठित संस्थाद्वारा सीप विकासको निमित्त दिइने व्यावसायिक तालीमको पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण समितिले निर्धारण गरे बमोजिम लागु गर्ने गराउने।

ञ) विभिन्न तालीम सम्बन्धी कार्यक्रमहरू बीच समन्वय कायम गर्ने गराउने।

ट) प्राविधिक प्रशिक्षक सम्बन्धी तालीम सञ्चालन गर्ने।

ठ) अप्रेन्टिसिप तालीम सम्बन्धी आवश्यक व्यवस्था मिलाउने।

ड) प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालीन वा घुम्ती तालीम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरु पाठ्यविषय (ट्रेनिङ्ग प्याकेज) तथा तालीम दिने शिक्षक सम्बन्धी आवश्यक व्यवस्था मिलाउने।

ढ) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्ने गराउने।

ण) सीप प्रमाणीका बनाउने र सीपको स्तर निर्धारण गर्ने।

त) सरकारी तथा गैर सरकारी निकायहरूले सञ्चालन गरी आएका सेवाकालीन तथा पूर्व सेवाकालीन, प्राविधिक तथा व्यावसायिक तालीम पाठ्यक्रममा सामञ्जस्य ल्याई त्यस्ता तालीमहरूको राष्ट्रिय स्तरमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने र मान्यता प्रदान गर्ने।

थ) आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने गराउने।

द) सभाले पारित गरेको कार्यक्रमको कार्यान्वयन गर्ने गराउने।

ध) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रूपले परिचालन गर्ने गराउने।

न) नेपाल सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका लागि आवश्यक परामर्श दिने।

प) नेपाल सरकारको पूर्व स्वीकृति लिई स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्झौता वा करार गर्ने।

फ) परिषद्को वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीको लागि सभामा पेश गर्ने।

ब) यस ऐनको उद्देश्य कार्यान्वयनको लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने।

## शिक्षक सेवा आयोग

### १. परिचय

शिक्षक सेवा आयोग शिक्षकहरूको नियुक्ति तथा बढुवासम्बन्धी काम गर्न शिक्षा ऐन, २०२८ द्वारा निर्देशित मान्यता प्राप्त स्वतन्त्र र स्वायत्त निकाय हो। संविधानको भाग २३ धारा २४३ मा स्पष्टीकरणमा "यस धाराको प्रयोजनका लागि संगठित संस्था भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका सङ्गठित संस्था सम्झनु पर्छ।" भन्ने उल्लेख भएकाले सामुदायिक विद्यालयमा रिक्त शिक्षक पदपूर्तिका लागि योग्य उम्मेदवारको छनोट गरी सिफारिस गर्ने संविधान प्रदत्त जिम्मेवारी यस आयोगलाई प्राप्त भएको देखिन्छ। आयोगको स्थापना कालदेखि नै कार्य सम्पादनमा निष्पक्षता र तटस्थता यसको मूलमन्त्र रही आएको छ। आयोगबाट सम्पन गरिएका नतिजा प्रकाशनसम्बन्धी कार्य सङ्ख्यात्मक र गुणात्मक रूपमा अझै परिस्कृत हुँदै सरोकारवालाहरूको विश्वास जित्न सफल हुँदै गएको छ।

साबिकमा जिल्ला शिक्षक छनोट समिति र क्षेत्रीय शिक्षक छनोट समितिवाट सामुदायिक बिद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरवन्दीअनुसार शिक्षक नियुक्ति गर्ने व्यवस्था रहदै आएकोमा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ को सिफारिस समेतको आधरमा शिक्षकहरूको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एउटा स्वतन्त्र र निष्पक्ष अलग निकायको आवश्यकताको महसुस भई शिक्षा ऐन, २०२८ को छैटौं संशोधनको व्यवस्था बमोजिम सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्न शिक्षक सेवा आयोग गठन भएको हो। राष्ट्रिय शिक्षक सेवा आयोगको नामबाट स्थापित यो निकाय पुनः शिक्षा ऐनको सातौं संशोधनबाट शिक्षक सेवा आयोगको नाममा परिणत भयो । योग्यता प्रणालीमा आधारित रहेर शिक्षण पेसामा दक्ष, प्रतिभाशाली र क्षमतावान् व्यक्तिको निर्वाध प्रवेश गराई शैक्षिक गुणस्तर अभिवृद्धिमा योगदान पुर्‍याउन शिक्षक छनोट कार्यलाई सक्षमतामा आधारित, निष्पक्ष र तटस्थ ढङ्गबाट सम्पादन गर्ने एउटा स्वतन्त्र निकायको रूपमा आयोग रहेको छ। शिक्षा ऐन, २०२८ को सातौं संशोधनले आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदको उम्मेदवार हुन नपाउने व्यवस्था गरेपछि आयोगको कार्य क्षेत्र थप विस्तार भयो। जसअनुसार स्थायी शिक्षक छनोट तथा बढुवाको लागि सिफारिस गर्ने कार्यका अतिरिक्त अध्यापन अनुमतिपत्रको परीक्षा सञ्चालन गरी त्यस्तो अनुमतिपत्र प्रदान गर्ने जिम्मेवारी पनि आयोगमा थप गरियो। आयोगको कार्य सम्पादनलाई थप व्यवस्थित गर्न वि.सं. २०५७ सालमा शिक्षक सेवा आयोग नियमावली जारी भयो।

शिक्षक सेवा आयोगमा प्रशासकिय प्रमुख सहित जम्मा ४० जना कर्मचारीको दरवन्दी रहेको छ।

### २. उद्देश्य

क) सक्षमतामा आधारित शिक्षक छनोट र कार्य सम्पादनमा निष्पक्षता र उत्कृष्टता नै शिक्षक सेवा आयोगको प्रमुख उद्देश्य हो ।

३. **शिक्षक सेवा आयोगको गठन**

शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा ११ ख अनुसार सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरवन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने प्रावधानबमोजिम यो आयोग गठन भएको हो ।

आयोगमा अध्यक्ष र एकजना महिला सहित अन्य २ जना सदस्य रहने छन्। आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्तिको लागि सिफारिस गर्न नेपाल सरकारले लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति र मन्त्रालयको सचिव सदस्य रहेको एक समिति गठन गर्ने र सो समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले नियुक्त गर्ने व्यवस्था छ। यसरी नियुक्त पदाधिकारीहरूको पदावधि ५ वर्षको हुने व्यवस्था रहेको छ। आयोगका वरिष्ठ कर्मचारीले आयोगको सचिव भई काम गर्ने व्यवस्था रहेको छ ।

४. **आयोगको काम, कर्तव्य र अधिकार**

शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित), २०५७ अनुसार आयोगको काम कर्तव्य र अधिकार यस प्रकार रहेको छ।

क) शिक्षकको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्ने।

ख) विद्यालयमा अध्यापन गर्न चाहने शिक्षकलाई अध्यापन अनुमति पत्र दिने।

ग) अध्यापन अनुमति पत्रका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी कार्य गर्ने।

घ) शिक्षकको सेवा, सर्त र सुविधासम्बन्धी विषयमा मन्त्रालयलाई सुझाव दिने।

ङ) शिक्षकको नियुक्ति तथा बढुवाको लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी अन्य कार्य गर्ने।

च) उजुरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको एक वर्षपछि परीक्षासम्बन्धी कागजात धुल्याउने।

छ) ऐन वा यस नियमावली बमोजिम आयोगले गर्नुपर्ने काम कारवाहीको विषयमा आवश्यकता अनुसार निरीक्षण तथा जाँचबुझ गर्ने।

## चिकित्सा शिक्षा आयोग

१. **परिचय**

नेपालको संविधानले शिक्षा र स्वास्थ्यलाई नागरिकका आधारभुत आवश्यक तथा नैसर्गिक अधिकारका रूपमा स्वीकार गरी मौलिक अधिकारको रूपमा राखिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणा-पत्रले सुलभ र गुणस्तरीय शिक्षा र स्वास्थ्यको अधिकारलाई सुनिश्चित गरेको छ. त्यसैको फलस्वरुप नेपाल सरकारले आवधिक योजना र वार्षिक कार्यक्रम तथा बजेटमा शिक्षा र स्वास्थ्यका विषयलाई उच्च प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको छ।

चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने, चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरुप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर,

पेशाधर्मिता, संस्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सवै विद्यार्थीहरुको समान पहुँच सुनिश्चित गर्नका लागि चिकित्सा शिक्षा सुधार गर्ने सम्बन्धमा विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावना समेतलाई दृष्टिगत गरी चिकित्सा शिक्षा आयोगको स्थापना तथा सञ्चालन गर्ने विक्रम संवत २०७५ साल फागुन १० गते राष्ट्रिय चिकित्सा शिक्षा ऐन जारी भएको थियो। उक्त ऐन अनुसार नै चिकित्सा शिक्षा आयोगको गठन भएको हो । यसको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ।

चिकित्सा शिक्षा आयोगमा पुल तथा अस्थायी दरवन्दी सहित प्रशासनिक र प्राविधिक गरी जम्मा ५८ जना कर्मचारी कार्यरत रहेका छन्।

२. **आयोगको काम, कर्तव्य र अधिकार**

(क) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नु पर्ने राष्ट्रिय नीति तय गर्ने,

(ख) संघ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह र विधाको मापदण्ड तथा स्तर निर्धारण सम्बन्धी नीति तथा मापदण्ड निर्धारण,

(ग) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने,

(घ) प्रत्यायन सम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,

(ङ) चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण,

(च) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकता अनुसार निर्देशन दिने,

(छ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,

(ज) आशयपत्र, सम्बन्धन र सम्बन्धन खारेज सम्बन्धी नीति र मापदण्ड तय गर्ने,

(झ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,

(ञ) आयोगको वार्षिक वजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(ट) शिक्षण संस्था स्थापनाको लागि नक्साङ्कन स्वीकृत गर्ने,

(ठ) आयोगको योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ड) चिकित्सा शिक्षाका विभिन्न तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधिसम्बन्धी मापदण्ड स्वीकृत गर्ने।

३. **निर्देशनालय / बोर्ड**

चिकित्सा शिक्षा आयोगको कार्य सम्पादनलाई प्रभावकारी बनाउनको लागि चार वटा निर्देशनालय/बोर्ड रहेका छन। प्रत्येक निर्देशनालय/ बोर्डमा अलग अलग निर्देशक रहने व्यवस्था छ। आयोगमा देहाय अनुसारका निर्देशनलाय/ बोर्ड रहेका छन।

क) मापदण्ड तथा प्रत्यायन निर्देशनालय

ख) योजना समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय

ग) परीक्षा निर्देशनालय

घ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटि

## विश्वविद्यालय अनुदान आयोग

१. **परिचय**

नेपाल सरकारले निर्धारण गरेका उच्च शिक्षाका उद्देश्य पूरा गर्दै राष्ट्रलाई आवश्यक पर्ने साधारण, व्यावसायिक एवम् प्राविधिक क्षेत्रका उच्च तथा विशिष्टस्तरको जनशक्ति उत्पादनको लागि स्थापित विभिन्न विश्वविद्यालयहरूको सञ्चालन तथा विकासको निम्ति विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम समुचित तवरले वितरण गर्न तथा विश्वविद्यालयहरूको शैक्षिकस्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदानार्थ प्रोत्साहन दिने सम्बन्धी काम गर्न विश्वविद्यालय अनुदान आयोगको स्थापना र व्यवस्था गर्न जरुरी देखिएकोले नेपालमा विक्रम सम्बत् २०५० मा विश्वविद्यालय अनुदान आयोग ऐनमार्फत अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्थाको रुपमा विश्वविद्यालय अनुदान आयोगको स्थापना भएको हो।

२. **आयोगका काम, कर्तव्य र अधिकार**

क) विश्व विद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने।

ख) विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरूलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने।

ग) विश्वविद्यालयहरूलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरूको लागि सम्बन्धित निकायहरूमा सिफारिश गर्ने।

घ) विश्वविद्यालयहरूमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरूबिच समन्वय कायम गराउने।

ङ) शैक्षिकस्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने।

च) विश्वविद्यालयहरूमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने।

छ) नेपालभित्र तथा बाहिरका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूबिच छात्रवृत्ति, विद्धतवृत्ति आदि आदानप्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने।

ज) विश्वविद्यालयहरूबिच समन्वय कायम गर्ने।

झ) आयोगको काम कारवाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने।

ञ) आयोगको उद्देश्य पूर्तिको लागि तोकिए बमोजिमका अन्य कामहरू गर्ने।

## नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

१. **परिचय**

मुलुकको चौतर्फी विकासमा विज्ञान तथा प्रविधिको अहम् भूमिका रहने भएकोले विज्ञान तथा प्रविधिको माध्यमबाट देश विकास गर्ने उद्देश्यले २०३९ साल मङ्सिर २० गते नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको स्थापना भएको हो। यसलाई व्यवस्थित गर्ने ऐन नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ हो जुन २०४९ बैशाख १७ गते लालमोहर लागी प्रकाशन भएको देखिन्छ। नेपालमा २०६३ सालको राजनीतिक परिवर्तनले राजसंस्थाको अन्त्य गरेपछि २०६४/०६/१५ मा भएको यस ऐनको दोस्रो संशोधनले यसको नाममा रहेको "नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान" भन्ने शब्दहरूको सट्टा "नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान" भन्ने शब्दहरू राखी रुपान्तरण गरिएको छ। यो संस्था स्थापनाको औचित्यको सम्बन्धमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को

प्रस्तावनामा निम्न व्यहोरा उल्लेख भएको देखिन्छः “विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र प्रवर्धन गर्न वैज्ञानिक तथा प्राविधिक क्रियाकलापका लागि उपयुक्त वातावरणको सिर्जना गर्न, विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत प्रतिभावान् वैज्ञानिक तथा प्राविधिकहरूलाई प्रोत्साहन र कदर गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलाई एक सङ्गठित र सक्षम निकायका रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले व्यवस्थापिका संसदले यो ऐन बनाएको छ”। यो अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित एवम् सङ्गठित संस्था हुने तथा यसको अंग्रेजी नाम Nepal Academy of Science and Technology (NAST) रहने छ भनी ऐनमा उल्लेख भएको छ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानमा २३१ जना कर्मचारीको दरवन्दी रहेको छ।

## २. प्रज्ञा-प्रतिष्ठानको उद्देश्य

राष्ट्रको सर्वाङ्गीण विकासका लागि देशमा विज्ञान तथा प्रविधिको विकास गर्नु गराउनु, स्वदेशी प्रविधिको संरक्षण र आधुनिकीकरण गर्नु, गराउनु, विज्ञान तथा प्रविधिसम्बन्धी अनुसन्धान गर्नु, गराउनु र देशको लागि उपयुक्त विदेशी प्रविधि पहिल्याउनु र सो को हस्तान्तरणको लागि सहयोग पुर्‍याउनु प्रज्ञा प्रतिष्ठानको मूलभूत उद्देश्य रहेको छ।

## ३. प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार

ऐनको दफा ६ मा उल्लिखित प्रज्ञा-प्रतिष्ठानका काम, कर्तव्य र अधिकार देहायबमोजिम छन् ।

क. विज्ञान तथा प्रविधिका विभिन्न विषयहरूमा प्राथमिकताको आधारमा अध्ययन, अनुसन्धान तथा विकास र प्रवर्धन गर्ने।

ख. प्रविधि हस्तान्तरणसम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारलाई सहयोग पुर्याउने।

ग. स्वदेशी तथा विदेशी वैज्ञानिक तथा प्रविधिसम्बन्धी निकायहरूसित समन्वयात्मक ढङ्गले कार्यक्रमहरू सञ्चालन गर्ने।

घ. विज्ञान तथा प्रविधिसम्बन्धी केन्द्रीय प्रलेख तथा सूचना प्रणालीको विकास गरी सेवा प्रदान गर्ने।

ङ. विज्ञान तथा प्रविधि विषयहरूमा गोष्ठी, सम्मेलन आदि आयोजना गर्ने गराउने तथा विज्ञान तथा प्रविधिसम्बन्धी विभिन्न प्रकाशन गर्ने गराउने।

च. विज्ञान तथा प्रविधिसम्बन्धी क्षेत्रीय वा अन्तर्राष्ट्रिय र अन्य विदेशी सङ्घसंस्थासित सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदानप्रदान गर्ने।

छ. प्रज्ञा-प्रतिष्ठानको सञ्चालन तथा विज्ञान तथा प्रविधिसम्बन्धी कार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट वित्तीय, प्रावधिक तथा अन्य सहयोग प्राप्त गर्ने र परिचालन गर्ने।

ज. विज्ञान तथा प्रविधिको विकास, प्रवर्धन वा प्रयोगमा उत्कृष्ट योगदान दिने व्यक्ति वा संस्थालाई कदर गर्ने र प्रोत्साहित गर्ने।

झ. विज्ञान तथा प्रविधिको उपयोगिता र उपादेयताबारे जनमानसमा जागरुकता अभिवृद्धि गर्ने, गराउने र विज्ञान तथा प्रविधिको प्रयोग बढाउन अनुकूल वातावरण सृजना गर्ने।

ञ. विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय निकायहरूको कार्यक्रम र उपलब्धिबारे अध्ययन गरी आवधिक प्रतिवेदन तयार गर्ने।

ट. विज्ञान तथा प्रविधि विकास कार्यक्रम सम्बन्धमा नेपाल सरकारलाई सुझाब दिने।

ठ. विज्ञान तथा प्रविधिको अनुसन्धान तथा विकासका लागि नयाँ निकाय वा प्रयोगशाला स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई राय दिने।

ड. देशभित्र रहेको विज्ञान तथा प्रविधिसँग सम्बन्धित कुनै प्रयोगशाला वा निकायको विकासका निमित्त तोकिएबमोजिम वित्तीय वा प्राविधिक सहयोग प्रदान गर्ने।

ढ. विज्ञान तथा प्रविधिसम्बन्धी उत्कृष्ट आविष्कार तथा नमुनाहरूको प्रदर्शन कक्ष स्थापना गर्ने।

ण. प्रज्ञा-प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरू गर्ने गराउने।

## राष्ट्रिय विधि विज्ञान प्रयोगशाला

**१. परिचय**

विधि विज्ञान (Forensic Science) भौतिक सवूत प्रमाणहरुको परीक्षण, विश्लेषण, तुलना, पहिचान आदिसंग सम्बन्धित विज्ञान हो र यसको प्रयोजन खास गरी अपराध अनुसन्धान तथा न्याय सम्पादनमा गरिन्छ। भौतिक सवूत प्रमाणले झूठो नबोल्ने, पक्ष विपक्षको आधारमा बयान नदिने, अदालत समक्ष प्रत्यक्ष साक्षीको रुपमा पेश गर्न सकिने र आवश्यकता परे पुनः परीक्षणको लागि संरक्षण गरी राख्न सकिने भएकोले देखि जान्ने तथा मावनीय साक्षी प्रमाण भन्दा भौतिक सवूत प्रमाणको विशेष महत्व रहेको हुन्छ।

अपराध अनुसन्धान तथा न्याय सम्पादनमा भौतिक सवूत प्रमाणको वैज्ञानिक परीक्षणको महत्वलाई हृदयङ्गम गरी न्याय सुधार आयोग (२०४०) ले एउटा स्वतन्त्र एवं स्वशासित संस्थाको रुपमा विधि विज्ञान प्रयोगशालाको स्थापना गरी त्यसलाई साधन सम्पन्न गर्ने र दक्ष विशेषज्ञहरुद्धारा सबै किसिमका जाँच गराउन सक्ने ब्यवस्था गर्नु पर्ने भन्ने प्रतिवेदन दिए अनुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको स्थापना वि.सं.२०४३ मा भएको थियो। तत्काल नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट) द्धारा स्थापना कार्य शुरु गरिएको उक्त प्रयोगशाला २०५२ सालदेखि कानुन तथा न्याय मन्त्रालय अन्तर्गत विकास समिति गठन गरी संचालन गरिएको थियो। हाल राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) आदेश, (पहिलो संशोधन, २०५७) बमोजिम यो प्रयोगशाला शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत संचालन भईरहेको छ । राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा ९८ जना कर्मचारीको दरवन्दी रहेको छ।

**२. राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समितिको कार्यविवरण**

१. विधि विज्ञानसँग सम्बन्धित विभिन्न विषय क्षेत्रहरूमा अध्ययन, अनुसन्धान, परीक्षण तथा विश्लेषण गर्ने गराउने।

२. अपराध अनुसन्धान तथा न्याय सम्पादनमा सहयोग पुर्याउन विभिन्न भौतिक सबुदहरू जस्तैः विषादी, लागू औषध, डि.एन.ए.,वन्यजन्तुका अखेटोपहार, विवादित लिखत आदिको वैज्ञानिक परीक्षण गर्ने।

३. अदालतबाट माग भएका विवरण उपलब्ध गराउने वा विशेषज्ञलाई अदालतमा उपस्थित गराई बयान वा बकपत्र गराउने।

४. प्रयोगशालाको सेवा प्राप्त सरकारी, अर्धसरकारी तथा गैरसरकारी संस्थामा कार्यरत व्यक्तिलाई विधि विज्ञान सम्बन्धमा आवश्यक तालिम दिने।

## वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति

### १. परिचय

अन्तरिक्ष विज्ञान नै एउटा राष्ट्रको समग्र विकासको परिसूचक एवम् राष्ट्रिय गौरवको आधार भएकोले यस क्षेत्रको विकासले एउटा राष्ट्रको समृद्धिलाई प्रतिविम्बित गर्दछ भने यस क्षेत्रको अविकसित अवस्थाले राष्ट्रको पछौटेपनलाई दर्शाउदछ। तसर्थ आज सम्पूर्ण विश्व नै अन्तरिक्ष अन्वेषण र अध्ययन अनुसन्धानमा अहोरात्र संलग्न छ। मानव चन्द्र विजय पश्चात् मङ्गलग्रहमा आफ्नो उपनिवेश स्थापना गर्नमा अग्रसर भै सकेको छ भने टेराफार्मिङ (अन्य ग्रह-उपग्रहलाई पृथ्वी समान बनाउनु) र अन्तरिक्ष पर्यटन जस्ता कुराहरू विज्ञानकथामा मात्र सीमित नरहेर वास्तविकतामा परिणत भैसकेका छन्। यस्तो परिस्थितिमा नेपालमा एकमात्र अन्तरिक्ष विज्ञानको अध्ययन अनुसन्धान तथा विकास एवम् जनमानसमा वैज्ञानिक चेतना तथा संस्कार प्रवाह गर्ने कार्यमा संलग्न यस संस्थाको अत्यधिक महत्व रहेको छ। वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिले यस क्षेत्रको विकासको लागि आवश्यक पूर्वाधारहरू समेत सृजना गरी यस क्षेत्रमा निरन्तर रूपमा कार्य गरी रहेको छ। यसै सन्दर्भमा नगरकोटमा राष्ट्रिय बेधशालाको स्थापना गरी अध्ययन अनुसन्धानको कार्यलाई निरन्तरता दिनुका साथै भौतिकशास्त्र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूले निरन्तर रूपमा अनुसन्धनात्मक कार्यहरू गर्दै आईरहेका छन्। साथै प्रतिवर्ष देशका कुना काप्चाहरूबाट समेत समय समयमा विद्यार्थीहरूलाई आमन्त्रण गरी अध्ययन अनुसन्धान गराउने गरिएको छ। यसका साथै उक्त अब्जरभेटरीमा नासा, युरोपियन यूनियन, इन्टरनेशनल एस्ट्रोनोमिकल यूनियन समेतका वैज्ञानिकहरू आएर अध्ययन अनुसन्धान गर्ने गरेका छन्। साथै यस समितिले जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारको प्रादुर्भाव गर्नका लागि नेपाल जस्तो रूढीवादीबाट आक्रान्त समाजलाई विज्ञान तथा प्रविधिको सार्थक ज्ञानको प्रवाह गरी रूढीवादबाट मुक्त गरेर वैज्ञानिक चेतना तथा वैज्ञानिक सोचमा आधारित समाजको निर्माण गर्नका लागि अहम् भूमिका निर्वाह गर्दै आएको छ। यसै परिप्रेक्ष्यमा विज्ञान सङ्ग्रहालय सर्वसाधारणका लागि खुल्ला गरिसकिएको छ। त्यसै गरी स्पेस थिएटरको निर्माण कार्यको प्रारम्भ अन्तिम चरणमा पुगिसकेको छ।

विश्वमा अन्तरिक्ष विजयको महाअभियानको प्रारम्भसँगै चन्द्रमा तथा अन्य आकाशीय पिण्डहरू लगायत अन्तरिक्षको अन्वेषण तथा शान्तिपूर्ण प्रयोग सम्बन्धी सन्धि-सम्झौतामा नेपाल १६ अक्टोवर १९६७ मा पक्ष राष्ट्र रहन गएको सन्दर्भमा नेपालमा प्लानेटेरियम, बेधशाला तथा विज्ञान सङ्ग्रहालयको स्थापना, सञ्चालन तथा विकास गरी जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारमा अभिबृद्धि गर्न, खगोल विज्ञान, खगोल भौतिक विज्ञान, अन्तरिक्ष विज्ञान तथा ज्योर्तिविज्ञानमा अध्ययन अनुसन्धान गर्न, विज्ञान तथा प्रविधिको सार्थक ज्ञानलाई जनमानसमा प्रवाहित गर्न विकास समिति ऐन, २०१३ बमोजिम विपि कोईराला मेमोरियल प्लानेटेरियम तथा अब्जरेभटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको स्थापना भएको हो। यस कार्यालयमा जम्मा ११ जना कर्मचारीको दरवन्दी रहेको छ।

### २. उद्देश्य

क) बेधशालाको अध्ययन अनुसन्धानबाट समकालीन विश्वमा अन्तरिक्ष विज्ञान तथा प्रविधिमा भएका ज्ञान एवम् प्रविधिलाई आत्मसाथ गर्दै अन्तरिक्ष तथा आकाशीय पिण्डहरूको अध्ययन अनुसन्धान गर्ने।

ख) स्नातकोत्तर तहमा खगोल तथा अन्तरिक्ष विज्ञानमा अध्ययनरत् विद्यार्थीहरूका लागि अनुसन्धान गर्ने कार्यमा निरन्तर पहुँच सुनिश्चित गरी उच्चस्तरीय शिक्षामा खगोल विज्ञान तथा अन्तरिक्ष विज्ञानको क्षेत्रमा गुणस्तरीय जनशक्ति तयार गर्नमा सहयोग पुर्याउने।

ग) सर्वसाधरण तथा यस क्षेत्रमा कार्यरत व्यक्तिलाई आकाशीय मानचित्र तथा ग्रहताराहरू तथा आकाशीय पिण्डहरूको विषयमा जानकारी गराउने।

घ) "गर र सिकको" सिद्धान्त अनुरूप विद्यार्थीहरूको लागि विज्ञान सङ्ग्रहालय मार्फत विज्ञानका कठिन एवम् दुरूह सिद्धान्त तथा समिकरणहरूलाई सरल र सहज रूपमा बुझाएर विज्ञानको क्षेत्रमा गुणस्तरीय जनशक्ति तयार गर्नमा सहयोग पुर्याउने।

ङ) राष्ट्रमा "साइन्स क्याडर" निर्माण गर्नमा सहयोग पुर्याउने।

च) जनमानसमा वैज्ञानिक चेतना तथा संस्कारको प्रादुर्भाव गर्ने।

छ) विज्ञान सङ्ग्रहालयलाई पूर्ण क्षमतामा सञ्चालन तथा प्लानेटेरियमको स्थापनाबाट यस संस्थालाई स्वावलम्वन मात्र नबनाई राजश्व सङ्कलनमा समेत उल्लेख्य योगदान पुर्याउने।

ज) नेपाल अप्टीकल बेधशालाको लागि विश्वमा नै एक उत्कृष्ठ स्थल भएकोले उच्चस्तरीय अप्टीकल बेधशालाको स्थापना गरी यस क्षेत्रको अध्ययन अनुसन्धानमा विश्वमा नै अग्रयायी हुने।

३. **कार्यविवरण**

१) बेधशाला, प्लानेटेरियम तथा विज्ञान सङ्ग्रहालयको स्थापना एवम् सञ्चालन गर्ने।

२) खगोल एवम् अन्तरिक्ष विज्ञानमा अध्ययन अनुसन्धान गर्ने गराउने।

३) राष्ट्रिय अन्तरिक्ष विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रको स्थापना गर्ने।

४) आम जनमानस र विद्यार्थीहरूमा विज्ञानको प्रवर्धन गर्ने तथा आम जनमानसमा पुर्याउनलाई राष्ट्र विकासमा सहयोग गर्ने।

## केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा)

१. **परिचय**

भूकम्पबाट क्षतिग्रस्त भएका विद्यालयहरूको पुनर्निर्माण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्ने अभिप्रायले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) स्थापना गरिएको हो। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त विद्यालय पुनर्निर्माण सम्बन्धी नीतिगत मार्गनिर्देशन एवम् स्रोत अनुरुप केन्द्रीय आयोजना कार्यान्वयन इकाइले विद्यालय पुनर्निर्माणको कामलाई द्रुततर रूपमा अगाडि बढाइरहेको छ।

विद्यालयहरूको पुनर्निर्माणमा योगदान पुर्याउन इच्छुक व्यक्तिगत तथा सामुहिक दाताहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरू, कुटनैतिक नियोगहरू लगायत विकासका अन्य साझेदारहरूसँग निरन्तर सञ्चार समन्वय र सहकार्य गर्दै इकाइ विद्यालय पुनर्निर्माणमा सक्रिय छ। भूकम्पबाट अति प्रभावित २० वटा जिल्लाहरुमा केन्द्रीय आयोजना कार्यान्वयन इकाइ(शिक्षा) मातहत रहने गरी जिल्ला आयोजना

कार्यान्वयन इकाइ (शिक्षा)हरू स्थापना भएका थिए। अन्य ११ वटा भूकम्प प्रभावित जिल्लामा विद्यालय पुनर्निर्माण शाखा रहने व्यवस्था रहेकोमा मिति २०७६ श्रावण १ गते देखि एघारवटै जिल्लाहरुमा जिल्ला आयोजना कार्यान्वयन इकाइ(शिक्षा) को आफ्नै कार्यालय स्थापना भई उक्त यी एघारवटा जिल्लाहरु समेत थप भए पश्चात भूकम्प प्रभावित ३१ वटै जिल्लाहरुमा कार्यालय गठन भई कार्यालय सञ्चालन गर्दै आएकोमा हाल जिल्लाका उक्त इकाइहरु खारेज भै विद्यालय पुनर्निमाणको काम केन्द्रिय आयोजना कार्यान्वयन इकाइमार्फत हुदै आएको छ।

२. **उद्देश्य**

क) भूकम्पबाट भएको सामुदायिक विद्यालयहरूको क्षतिको अभिलेख र पुनर्निर्माणको आवश्यकता अद्यावधिक गर्दै पुनर्निर्माणको योजना तर्जुमा गर्ने।

ख) प्राकृतिक विपद् प्रतिरोधक र अझ सुदृढ भौतिक संरचना तयार हुने गरि विद्यालयहरूको पुनर्निमाण र प्रवलीकरण सञ्चालन गर्ने।

ग) विद्यालय पुनर्निर्माणको अभियानमा योगदान गर्ने दाताहरू, सङ्घ संस्थाहरू र विभिन्न साझेदारहरू बिच सञ्चार, समन्वय गरी विद्यालय पुनर्निर्माण कार्यको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

घ) नेपाल सरकार र विभिन्न दातृ निकायबिच भएका विद्यालय पुर्निनर्माण सम्बन्धी सम्झौता अनुसारका आयोजनाहरू कार्यान्वयन गर्ने।

ङ) विद्यालय पुनर्निर्माण कार्यमा गुणस्तरीयता कायम गर्न अनुगमन, सुपरीवेक्षण गर्ने।

३. **रणनीति एवम् कार्यनीतिः**

क) विद्यालय क्षेत्रको पुनर्निर्माणका लागि विभिन्न क्षेत्रसँग सहकार्य गरी पुनर्निर्माण गतिविधिहरू सञ्चालन गरिनेछ। विभिन्न विकास साझेदारहरू, मानवतावादी सङ्घ संस्थाहरू एवम् व्यक्तिहरू तथा सबै सरकारी तथा गैरसरकारी निकायहरूको सहयोग विद्यालय पुनर्निर्माण कार्यका लागि परिचालन गरिनेछ।

ख) पुनर्निर्माण गर्दा Build Back Better को विश्वव्यापी अवधारणालाई आत्मसाथ गरी विद्यालय भवन एवम् भौतिक पूर्वाधारहरू बालमैत्री, वातावरण मैत्री, लैगिक मैत्री र विपद् प्रतिरोधी बनाउने नीति प्रभावकारी रूपले लागू गरिनेछ।

ग) नेपाल राष्ट्रिय भवन निर्माण संहिता एवम् भवन निर्माण सम्बन्धी प्रचलित मापदण्डहरू पूर्णपालना हुने गरी गुणस्तरयुक्त विधि एवम् प्रणाली अनुसार पुनर्निर्माण कार्य सम्पन्न गरिनेछ।

घ) पुनर्निर्माण कार्यमा स्थानीय जनताको अपनत्व बढाउन विद्यालय परिवार (विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, अभिभावक, शिक्षक आदिको) प्रभावकारी रूपमा परिचालिन गरी पारदर्शी ढङ्गले पुनर्निर्माण गतिविधिहरू सञ्चालन गरिनेछ।

ङ) पुनर्निर्माण कार्यलाई व्यवस्थित, योजनाबद्ध एवम् प्रभावकारी ढङ्गले अगाडि बढाउन संरचनागत व्यवस्थाको साथसाथै दक्ष कर्मचारीहरूको व्यवस्थापन एवम् क्षमता विकास कार्यक्रम अगाडि बढाइने छ।

च) विशेष गरी बढी प्रभावित ३१ वटा जिल्लाहरूमा पुनर्निर्माण कार्यहरूलाई केन्द्रित गरिनेछ जसमध्ये अति प्रभावित जिल्लाहरूमा एशियाली विकास बैङ्क तथा जाइकाको ऋण सहयोगलाई आयोजना मार्फत् प्रभावकारी ढङ्गले परिचालन गरी पुनर्निर्माण कार्य गरिनेछ।

छ) पुनर्निर्माण गर्दा सकेसम्म स्थानीय सामग्री एवम् प्रविधिको उच्चतम प्रयोग गर्ने नीति लिइनेछ।

ज) आयोजना अन्तर्गत सञ्चालित भई पुनर्निर्माण हुने अति प्रभावित १४ वटा जिल्लाहरूमा गुणस्तरयुक्त निर्माण कार्य गर्न निर्माण व्यवसायी एवम् परामर्शदाताहरूको परिचालन गरी पुनर्निर्माण कार्य गरिने छ। साथै स्थानीय जनसहभागिता एवम् अपनत्व बढाउने क्रियाकलापहरू समेतसँगै लगिने छ।

झ) १७ वटा जिल्लाहरूमा नेपाल सरकारबाट प्राप्त हुने नियमित अनुदान (मर्मत, भवन निर्माण, प्रवलिकरण, शौचालय नियमित आदि) बाट पुनर्निर्माण कार्य सम्पन्न गरिने गरी कार्यक्रमहरूलाई व्यवस्थित गर्दै लगिनेछ।

ञ) आयोजनागत पुनर्निर्माण गरिने १४ वटा जिल्लामा नेपाल सरकारको नियमित अनुदानबाट समेत निर्माण, मर्मत एवम् प्रवलीकरण गर्ने कार्य जिल्ला आयोजना कार्यान्वयन इकाइ मार्फत गरिनेछ।

ट) विभिन्न सहयोगी सङ्घ संस्था एवम् व्यक्तिहरूको सहयोगमा निर्माण गरिने भौतिक पूर्वाधारको गुणस्तर कायम गर्न कार्यविधि बनाई जिल्ला आयोजना कार्यान्वयन इकाइ मार्फत पुनर्निर्माण कार्य अगाडि बढाइने छ।

## नेपाल राष्ट्रिय पुस्तकालय

### १. परिचय

नेपाल राष्ट्रिय पुस्तकालय नेपाल सरकारको केन्द्रीय स्तरको पुस्तकालय हो। यो पुस्तकालय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा रही सञ्चालनमा रहेको छ। तत्कालीन राजगुरु स्वर्गीय श्री हेमराज पाण्डेको निजी संग्रह तीन लाख भारतीय रूपैयाँमा खरिद गरेर सिंहदरवार स्थित केन्द्रीय सचिवालय पुस्तकालयमा रहेका मौजुदा पुस्तकहरू समेत मिलाएर नेपाल सरकारले वि सं. २०१३ साल पुस १९ (तदनुसार २ जनवरी १९५७ ) गते सिंहदरवार परिसरको सिक्री ढोकामा नेपाल राष्ट्रिय पुस्तकालयको विधिवत स्थापना गरिएको थियो। वि सं. २०१८ सालतिर यस पुस्तकालयललाई सिंहदरवारबाट हरिहर भवन स्थित शंकर भवनको पहिलो तल्लाको दक्षिणी भागमा स्थानान्तरण गरियो।

पुस्तकालयमा विभिन्न भाषाका एक लाख पचास हजारभन्दा बढी पुस्तक तथा पत्र पत्रिकाहरूको संग्रह रहेकोमा मिति २०७२ साल बैशाख १२ गते गएको भूकम्प र त्यसपछि पटक पटक आएका पराकम्पका कारण हरिहरभवन क्षतिग्रस्त भएको हुँदा वि.सं. २०७८ सालदेखि सानोठिमीस्थित अस्थायी भवनबाट पुस्तकालय सञ्चालन भइरहेको छ।
नेपालको संविधान जारी भएपछि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।३।३ को निर्णय अनुसार यस पुस्तकालयको सङ्गठन संरचना र दरवन्दि तेरिज स्वीकृत भएको छ जस अनुसार यस पुस्तकालयमा १५ जना कर्मचारी र तीनवटा शाखा कायम भएका छन्।

### २. पुस्तकालयको कार्य विवरण

क) नेपाल भित्र प्रकाशित सम्पूर्ण नेपाल सम्वन्धी पुस्तक, पत्र पत्रिका, प्रलेख, प्रतिवेदनहरू संकलन, सम्वर्द्धन र संरक्षण गरी वर्तमान र भावी सन्ततिका निमित्त सूचना तथा जानकारी एकै ठाउँबाट उपलव्ध गराउनु।

ख) देशभित्र प्रकाशित सम्पूर्ण सामग्रीहरूको नियमित रूपमा राष्ट्रिय वाङ्मय सूची (National Bibliography) तयार गरी प्रकाशन तथा वितरण गर्ने।

ग) देशभित्रका सम्पूर्ण सरकारी तथा गैर सरकारी पुस्तकालय, प्रलेख केन्द्र तथा सूचना केन्द्रहरूको अनुगमन एवम मूल्याङ्कन गर्ने, निर्देशन दिनु तथा उनीहरूको विकासको लागि प्राविधिक सर सल्लाह एवमम् नेतृत्व प्रदान गर्ने।

घ) पाठकहरूलाई सुविधा प्रदान गर्न देशभरिका विभिन्न पुस्तकालयहरू र सूचना केन्द्रहरूको स्थापना सञ्चालन र विकासको निम्ति आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।

ङ) सरकारी तथा गैर सरकारी पुस्तकालय तथा अन्तर्राष्ट्रिय पुस्तकालय एवम् सूचना केन्द्रसँग निर्वाध रूपमा सम्वन्ध कायम गरी राष्ट्रिय सूचना केन्द्र (National Information Service Center) को रूपमा सेवा पुऱ्याउनु।

च) पुस्तकालय एवम् सूचना केन्द्रहरूको विकासको निम्ति तालिम, गोष्ठी सभा, सम्मेलनको आयोजना गरी पुस्तकालय सम्वन्धी गतिविधिहरूको जानकारी तथा प्रवोधीकरण गर्ने।

छ) बाल साहित्य सङ्कलन तथा प्रकाशन र ब्रेल साहित्य आदि सङ्कलन गरी बालबालिका, बन्दी तथा विशेष क्षमता भएका पाठक वर्गलाई समेत सेवा पुऱ्याउनु।

ज) पुरातात्विक अभिलेखहरूको आँकडा तयार गर्ने र पाएसम्म संग्रह गर्ने।

झ) वहु मूल्य ऐतिहासिक कृतिहरूको संरक्षण एवम् सम्वर्धन गर्ने ।

ञ) नेपाल राष्ट्रका सम्वन्धमा विदेशबाट लेखिएका विभिन्न प्रकारका सामग्रीहरू राष्ट्रको आवश्यकता अनुसारका अनुसन्धानकर्ता र अन्य पाठकहरूलाई उपलव्ध गराउनु।

ट) राष्ट्रिय संघीय सूची तयार गर्ने तथा Union List of Periodicals तयार गरी वितरण गर्ने।

ठ) स्वदेशी तथा विदेशी पुस्तकालयहरूसँग सम्वन्ध कायम गरी विदेशी साहित्यहरू प्राप्त हुने व्यवस्था मिलाउने।

ड) अन्तर्राष्ट्रिय जगतमा प्रकाशनहरूको विनिमय Machine Readable Catalogue Form मार्फत् समेत मिलाउने व्यवस्था गर्ने।

ढ) विभिन्न प्रकाशन तथा सूचनाहरूको विश्वव्यापी उपलव्धता सेवा प्रदान गर्ने।

ण) ज्ञान–विज्ञानका सामग्रीहरूको आदान प्रदान गर्नको निमित्त अन्तर पुस्तकालय सहकारिता सञ्चालन गर्ने।

त) International Federation of Library Associations and Associations, Conference of Directors of National Libraries जस्ता पुस्तकालय सम्वन्धी अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्वन्ध कायम राख्ने।

थ) व्यक्तिबाट प्राप्त भएका पुस्तकहरू सम्वन्धित व्यक्ति कै नाउँमा स्पष्ट उल्लेख गरी स्रोत शाखा बनाई संरक्षण गरी राख्नु तथा उपयुक्त पुस्तकालयलाई वितरण गर्ने व्यवस्था मिलाउनु।

द) राष्ट्रिय संस्कृति झल्किने श्रव्य दृश्य सामग्रीहरू सङ्कलन गरी राख्नु।

ध) अप्राप्य, दुर्लभ पुस्तक तथा पत्रपत्रिकाहरू एक भाषाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषामा अनुवाद गरी सेवा पुऱ्याउनु।

न) देश भित्र स्थापना भएका पुस्तकालयहरूको विवरण अद्यावधिक गरी राख्नु।

प) प्रदेश केन्द्रीय पुस्तकालय सञ्चालनमा सहयोग गर्ने।

फ) नेपालबाट प्रकाशित सबै खालका पत्रिका तथा जर्नलहरूलाई International Standard Serial Number प्रदान गर्ने।

ब) पुस्तकालयलाई एक्काइसौं शताव्दीको माग अनुरूप परिवर्तन गर्नका लागि Institutional Repository तथा Digital Library को विकास गरी २४ सै घण्टा सेवा सुविधा प्रदान गर्न सक्षम बनाउने।

## केशर पुस्तकालय

१. **परिचय**

वि.सं. १८६९ साल भदौ १५ गते नेपालमा पुस्तक चिताई तहविल नामक पुस्तकालयको स्थापना गर्न औपचारिक रूपमा राजा गिर्वाणयुद्ध विक्रम शाहको शासनकालमा लालमोहर जारी भइ पुस्तकालय स्थापना भएको थियो। दरबार स्कूलको स्थापना भएपछि यसै पुस्तकालयलाइ विद्यालय पुस्तकालयका रूपमा परिणत गरिएको पाइन्छ। पछि वेग्लै पुस्तकालयको आवश्यकता बोध गरेर राणा प्रधानमन्त्री वीर शमशेरको शासनकाल विसं. १९५७ सालमा घण्टाघरमा उनकै नाममा सरकारी स्तरमा वीर पुस्तकालयको स्थापना भयो। घण्टाघरमा स्थापना भएकाले यो पुस्तकालयलाई घण्टाघर लाइब्रेरी पनि भन्न थालियो।

राणा शासन कालमा निजीस्तरमा समेत केही पुस्तकालयहरू खुलेका थिए। विशेषतः निजी स्तरबाट पुस्तकालय तयार गर्नेहरुमा नायव वडा गुरुज्यू हेमराज पाण्डे, सरदार राममणि आदि देखिएका छन् भने चन्द्र शमशेरका छोरा केशर शमशेरको नाम अग्र पंक्तिमा पर्दछ। केसर पुस्तकालय नेपालको एक महत्वोपूर्ण ऐतिहासिक एवं पुरातात्विक पुस्तकालय हो। यो पुस्तकालय सन्दर्भ पुस्तकालयको रुपमा परिचित छ। यो पुस्तकालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत सञ्चालित छ।

१९०८ मा पिता चन्द्रशमशेरसँग बेलायत भ्रमणमा गएका थिए। बेलायतमा रहदा त्यहाँको व्यवस्थित राष्ट्रिय पुस्तकालय तथा संग्रहालय प्रणालीबाट प्रभावित भएर बेलायतमा रहँदा नै नेपालमा फर्केर केसर पुस्तकालयको स्थापना गर्ने कुरा सोचेर बेलायत लगायत संसारका विभिन्न मुलुकवाट प्रकाशित पुस्तक, पत्रपत्रिका, प्रेश, क्लिप, जस्ता सामग्री आफ्नो पुस्तकालयमा पठाउने व्यवस्था मिलाएर काठमाण्डौ फर्किएका थिए।

वि.सं. १९६५ देखि पुस्तक सङ्कलन कार्यमा निरन्तरता दिइएको यो निजी पुस्तकालय तथा सङ्ग्रहालयमा उनका पाहुना तथा देश विदेशका खास पदाधिकारीले मात्र त्यहाँ प्रवेश गर्ने अनुमति पाउँथे। वि.सं. २०२१ सालमा भारतका प्रधानमन्त्री जवहारलाल नेहरूकको निधन भएको थाहा पाएर नेपालस्थित भारतीय राजदूतावासमा समवेदना दिएर केसरमहल फर्किएर नेहरुको जीवनी पढ्दा पढ्दै अचेत भएका केसरको सातदिन पछि उनको स्वर्गारोहण भयो। उनले देहान्त हुनुअघि आफूले लामो समयसम्म श्रम र साधन लगाएर सङ्कलन गरेको बौद्धिक तथा ऐतिहासिक रूपको पुस्तकालय सार्वजनिक सम्पत्तिको रूपमा जाओस् र ज्ञान पिपासु सबैले यसबाट लाभ लिन सकून् भन्ने इच्छा परिवारका सदस्यसँग राखेका थिए। सोही अनुसार उनका उत्तराधिकारीबाट वि.सं.२०२४ सालमा यो पुस्तकालय उहाँकी श्रीमती कृष्णचन्द्रदेवी राणा तथा छोराहरुले यो पुस्तकालय, केसरमहल, स्वप्न बगैचा लगायत यस केसर महल परिसरको जग्गा समेत गरी जम्मा ३४-१-२ क्षेत्रफल भएको जाग्गा र सो जग्गाले चर्चेका लिगलिगा पात समेत केसर पुस्तकालयको नाममा तत्कालीन जग्गा श्री ५ को सरकारलाई हस्तानान्तरण गरेका थिए। सुरुमा उहाँको निजी पुस्तकालयको रूपमा सञ्चालित यो पुस्तकालय सरकारको स्वामित्वमा आएपछि वि. सं. २०२६ साल साउन १ गते देखि सर्वसाधारण जनताका लागि खुला गरिएको थियो। नेपाल सरकारले सञ्चालन गर्न थालेपछि दाता श्री केसर शमशेरको नामवाटै पुस्तकालयको नामाकरण गरी केसरमहलमा यथावत कायम राखी केसर पुस्तकालय सञ्चालन हुँदै आएको छ।

वि.सं. २०७२ वैशाख १२ गतेको विनासकारी भूकम्प पछिको अस्थायी टहरा निर्माण गरेर हालसम्म पनि आंशिक रूपमा सेवा प्रदान गरिदै आएको छ। वि.सं.२०७४ साल पछिको परिवर्तित सन्दर्भ तथा भूकम्पपछि प्रवलीकरण भइसकेपछिको सन्दर्भमा केसर पुस्तकालयको भूमिकालाई प्रभावकारी रुपमा कार्यान्वयन तथा सञ्चालन गर्नका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संरचना र दरवन्दि पुनरावलोकन गर्नुपर्ने देखिएको छ। पुस्तकालयको साज सज्जा, सङ्कलन र बनावट हेर्दा यो पुस्तकालय मात्र नभएर संग्राहलयको रूपमा रहेको छ। यहाँ भएका सङ्कलनहरू भाषागत रूपमा अंग्रेजी विषयको प्रधानता रहेको यस पुस्तकालयमा दुलर्भ पुस्तकहरूको साथै महत्वपूर्ण हस्त लिखित ग्रन्थ तथा ट्याक्सि डर्मी गरिएका बाघ, भालु, हरिण, अर्ना, गैंडा आदि जनावरको टाउको, छाला, सिंगै बाघको डर्मीका साथै कलात्मक मूर्तिहरू, भव्य महल तथा सुन्दर स्वप्न बगैंचा रहेको छ।

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५ असार ३ गतेको निर्णय अनुसार केसर पुस्तकालयको संगठन संरचना स्वीकृत भएको हो। केशर पुस्तकालयमा जम्मा १५ जना कर्मचारीको दरवन्दी रहेको छ।

२. **केशर पुस्तकालयको मुख्य कार्य विवरण**

क) सङ्कलित एवम् उपलव्ध पुस्तकहरूको संरक्षण एवम् सम्वर्धन गर्ने, गराउने।

ख) दैनिक, साप्ताहिक तथा मासिक पत्रपत्रिका सङ्ग्रहित तथा व्यवस्थित गरी पाठक सेवा उपलब्ध गराउने।

ग) सर्वसाधारण पाठकका लागि प्रभावकारी पुस्तकालय सेवा प्रदान गर्ने।

घ) स्वीकृत नीति नियम अनुकूल र यसको समग्र विकास सम्वन्धी काम गर्न प्रयास गर्ने।

ङ) मुलुकमा विद्यमान सार्वजनिक एवं अन्य पुस्तकालयहरूसँग सम्वन्ध एवम् समन्वय कायम गर्ने।

च) केसर पुस्तकालयमा भएका पठन सामाग्रीलाई सूचना तथा सञ्चार प्रविधिले ल्याएका अवसरको उपयोग गर्दै आधुनिक एवम् युग सुहाँउदो विधुतिय पुस्तकालयको विकास गर्ने।

छ) मूलुक भित्र प्रकाशित नेपाल सम्वन्धी पुस्तक, पत्रपत्रिका, प्रलेख, प्रतिवेदनहरू संकलन, सम्वर्द्धन र संरक्षण गरी वर्तमान र भावी सन्ततिका निमित्त सूचना तथा जानकारी एकै ठाउँबाट उपलव्ध गराउने।

ज) मूलुक भित्रका सम्पूर्ण सरकारी तथा गैर सरकारी पुस्तकालय, प्रलेख केन्द्र तथा सूचना केन्द्रहरूको अनुगमन एवम मूल्याङ्कन गर्ने, निर्देशन दिने तथा उनीहरूको विकासको लागि प्राविधिक सरसल्लाह एवम् नेतृत्व प्रदान गर्ने।

झ) पुस्तकालय एवम् सूचना केन्द्रहरूको विकासको निम्ति तालिम, गोष्ठी सभा, सम्मेलनको आयोजना गरी पुस्तकालय सम्वन्धी गतिविधिहरूको जानकारी तथा प्रवोधीकरण गर्ने।

ञ) बाल साहित्य, ब्रेल साहित्य लगायतका विविध सामाग्री संकलन एवम् गरी बालबालिका, बन्दी एवम् विशेष क्षमता भएका पाठक वर्गलाइ सेवा पुऱ्याउनु।

ट) वहुमूल्य ऐतिहासिक कृतिहरूको संरक्षण एवम् सम्बर्धन गर्ने।

ठ) पुस्तकालयमा भएका पुस्तकहरुको वाङ्मय सूची तयार गरी युनियन क्याटलग तयार गर्न सहयोग गर्ने।

ड) स्वदेशी तथा विदेशी पुस्तकालय एवम् संघसंस्थाहरुसंग सम्वन्ध कायम गरी विदेशी साहित्यहरू प्राप्त हुने व्यवस्था मिलाउने।

ढ) ज्ञान-विज्ञानका सामग्रीहरूको आदान प्रदान गर्नको निमित्त अन्तर पुस्तकालय सहकारिता सञ्चालन गर्ने।

ण) व्यक्तिबाट प्राप्त भएका पुस्तकहरू सम्वन्धित व्यक्ति कै नाउँमा स्पष्ट उल्लेख गरी स्रोत शाखा बनाई संरक्षण गरी राख्ने तथा उपयुक्त पुस्तकालयलाई वितरण गर्ने व्यवस्था मिलाउने।

त) राष्ट्रिय, प्रदेशस्तरीय संस्कृति झल्किने श्रव्य दृश्य सामग्रीहरू सङ्कलन गरी राख्ने।

## डिल्लीरमण कल्याणी पुस्तकालय

१. **परिचय**

सेवा नै धर्म हो र धर्म नै सेवा हो" भन्ने भावनाबाट प्रेरित, बुद्ध र गान्धीका अनुयायी शान्तिकामी विद्वान डा. डिल्लीरमण रेग्मी वरिष्ठ राजनितिज्ञ एवं इतिहासकारका रूपमा नेपालमा मात्र होइन अन्तर्राष्ट्रिय स्तरमा नै सुपरिचित व्यक्ति हुनुहुन्थ्यो। उहाँले आफ्नो अध्ययन र अनुसन्धानका लागि धेरै पुस्तक, पत्रपत्रिका सङ्कलन गर्नुका साथै, पुरातात्त्विक वस्तुहरूको समेत सङ्कलन गर्नु भएको थियो। यिनै सङ्कलित वस्तुहरूलाई डा. रेग्मीले वि.स.२०३७ सालमा आफ्नो निजी पुस्तकालय, संग्रहालय र भवनहरु नेपाली जनतालाई अध्ययन, अनुसन्धान गर्न पाउने गरी नेपाल सरकार, शिक्षा (विज्ञान तथा प्रविधि) मन्त्रालयलाई शेष पछिको वकसपत्र गरिदिनु भएको थियो। उहाँकै इच्छाअनुसार डा. रेग्मीको देहवसान पछि नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा "डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति" गठन (आदेश), २०६० जारी गरी सञ्चालन र व्यवस्थापनका लागि ७ सदस्यीय समितिको व्यवस्था गरिएको छ। डा. रेग्मीको ९१ औं जन्मदिन वि.सं. २०६१ साल पौष ३ गतेदेखि यो पुस्तकालय सर्वसाधारणको लागि खुल्ला गरिएको छ। हाल यस पुस्तकालयमा ४३ हजार भन्दा बढी पुस्तक तथा पत्रपत्रिका, जर्नलहरु छन्।

डा. डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय सञ्चालन र व्यवस्थापनको लागि ७ सदस्यीय विकास सतिति रहेको छ। समितिमा एकजना अध्यक्ष र २ जना सदस्य मन्त्रिस्तरिय निर्णयबाट मनोनयन हुन्छ भने अन्य सदस्यहरुमा अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय र पुरातत्व विभागको प्रतिनिधि रहने गरेको छ भने पुस्तकालयको दैनिक कार्य सञ्चालन गर्न पुस्तकालय प्रमुखको व्यवस्था गरेको छ। पुस्तकालय प्रमुख नै विकास समितिको सदस्य–सचिवको कार्य गर्दछ। त्यस्तै पुस्तकालय सहायक (रा.प.अनं प्रथम) १, कम्प्यूटर अपरेटर तथा लेखापाल (रा.प.अनं प्रथम) १, रिसेप्सनिष्ट (रा.प.अनं दितिय) १, सवारी चालक १, गार्ड २, सहयोगी कर्मचारी २ गरी, माली १ गरी जम्मा १० जना कर्मचारी कार्यरत रहेका छन्।

२. **पुस्तकालयको उद्देश्य**

क) डा. रेग्मीको जीवन दर्शन एवम् सिद्धान्तको प्रचारप्रसार गर्ने।

ख) प्रत्येक दुई/दुई वर्षमा डा.णमरीलल्डि रेग्मी शान्ति पुरस्कारबाट शान्ति र अहिंसाको क्षेत्रमा योगदान पुर्याउने स्वदेशी तथा विदेशी व्यक्तित्वहरूलार्इ सम्मान गर्ने।

ग) शान्ति, अहिंशा, मानवीय मुल्य, मान्यता र राष्ट्रका जल्दाबल्दा विषयसँग सम्वन्धित गोष्ठी, कार्यशाला, अन्तरक्रिया लगायत विविध कार्यक्रमहरु गर्ने।

घ) सर्वसाधारणलाई निःशुल्क पुस्तकालय तथा सचना चना प्रविधि सेवा प्रदान गर्ने।

ङ) इतिहास, राजनीतिशास्त्र एवं दर्शनशास्त्र आदि विविध विषयमा अध्ययन र अनुसन्धानका लागि शान्ति केन्द्रको रूपमा विकास गर्ने ।

च) स्वदेशी तथा विदेशी पुस्तकालयहरूसँग नेटवर्किङ गरी पुस्तकालय सेवा प्रदान गर्ने।

छ) आय–आर्जनका लागि अन्य विविध क्रियाकलाप गर्ने।

## युनेस्कोका निमित्त नेपाल आयोगको सचिवालय

### १. परिचय

दोस्रो विश्व युद्धपश्चात् विश्वलाई आपसी शान्ति, मैत्री र विकासको माध्यमबाट समुन्नत गर्ने अभिप्रायले स्थापित संयुक्त राष्ट्र सङ्घको बहुआयामिक पहलमध्ये विश्व शान्तिमा शिक्षा, विज्ञान, संस्कृति, सञ्चार र सामाजिक तथा मानवीय क्षेत्रमा अनुसन्धान, सशक्तीकरण र विकास गर्ने उद्देश्यसहित स्थापित युनेस्को (UNESCO–United Nations Educational, Scientific and Cultural Organization) संयुक्त राष्ट्र सङ्घको एउटा विशिष्टिकृत सङ्गठन हो। यसको स्थापना सन् १९४५ नोभेम्बर १६ मा भएको हो। सुरुमा यस सङ्गठनका सदस्य राष्ट्रहरू ३७ वटा थिए भने हाल यसका सदस्य राष्ट्रहरू १९५ पुगेका छन। यसको प्रधान कार्यालय फ्रान्सको पेरिसमा रहेको छ। यसका क्षेत्रीय कार्यालय तथा स्थलगत कार्यालयहरू विभिन्न देशहरूमा रहेका छन्। सन् १९५३ मा नेपालले युनेस्कोको सदस्यता लिएको हो। नेपालले सन् १९५४ देखि युनेस्कोका निमित्त अन्तरिम आयोगको रूपमा काम गर्न सुरु गरेको थियो। सोही अन्तरिम आयोग २०२० साल देखि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगमा परिणत भएको पाइन्छ। युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको एउटा छुट्टै सचिवालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको छ। युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोगमार्फत् सरकार र युनेस्को बीच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट सदस्य राष्ट्रले प्राप्त गर्ने सहयोगमा अभिवृद्धि गर्ने गराउने कार्यका साथै युनेस्को सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्दछन्। नेपाल पनि उक्त सङ्गठनको सदस्य राष्ट्र भएकाले उपर्युक्त कार्य गर्न युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको स्थापना भएको हो। युनेस्कोको प्रधान कार्यालयसँग समन्वय गरी युनेस्को सम्बद्ध कार्यहरूलाई सहजता प्रदान गर्न पेरिसस्थित नेपाली राजदूतावासलाई नेपाल सरकारको स्थायी प्रतिनिधिका रूपमा कार्य गर्न तोकेको छ। प्रत्येक दुई—दुई वर्षमा युनेस्कोको महासभा युनेस्को प्रधान कार्यालय पेरिसमा सञ्चालन हुने व्यवस्था छ। सदस्य राष्ट्रहरूले उक्त महासभामा भाग लिने गर्दछन् ।

आयोगको सचिवालयले नेपाल सरकारले वार्षिक रूपमा उपलब्ध गराउने एकमुष्ट अनुदान रकमबाट विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको छ। सचिवालयले युनेस्को पेरिसको सहभागितामूलक कार्यक्रम अन्तर्गत द्वैवार्षिक रूपमा विभिन्न परियोजना संचालनार्थ पेरिसबाट प्राप्त हुने सहयोग परिचालन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन लगायतका कार्यहरू गर्दै आएको छ। सचिवालयले एएसपी नेट सम्बद्ध विद्यालय, युनेस्को क्लव तथा संघसंस्थाहरुको महासंघ, विभिन्न गैरसरकारी संस्था, अन्य राष्ट्रका राष्ट्रिय आयोगहरू, युनेस्कोको क्षेत्रीय व्यूरो र देशीय कार्यालय, युनेस्को आवद्ध अन्तर्राष्ट्रिय र क्षेत्रीय संस्थाहरूसँग सहकार्य गरी युनेस्को सम्बद्ध विविध कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ ।

आयोगले युनेस्कोको विधान तथा नेपाल सरकारको नीति निर्देशन अनुसार क्षमता विकास, पैरवी, कार्य सञ्चालन, सामाजिक परिचालन, सहजीकरण, नियमन, अनुगमन, प्रतिवेदन लगायतका कार्यहरू सञ्चालन गर्ने गर्दछ ।

### २. युनेस्कोका आर्दशहरू

विश्वमा दिगो शान्ति र संवृद्धिका लागि युनेस्कोले निम्न आदर्शहरूलाई आत्मसात गर्दै शिक्षा, विज्ञान,

संस्कृति, मानव तथा समाज विज्ञान र सञ्चार क्षेत्रमा संरक्षण, सम्बद्र्धन र विकासका कामहरू गर्दै आएको छ ।

क) शान्ति, मैत्री तथा आपसी सद्भाव,
ख) सहनशीलता,
ग) मानव अधिकारको सम्मान,
घ) सहकार्य र सामूहिक प्रयास,
ङ) सामाजिक न्याय तथा उपलब्धिको न्यायोचित वितरण,
च) रचनात्मक सिर्जनशीलताद्वारा शान्ति, प्रगति तथा सम्वृद्धिको प्रवद्र्धन र संस्थागत विकास,
छ) सहअस्तित्व,
ज) प्रजातन्त्रको सुदृढीकरण,
झ) आधारभूत स्वतन्त्रताको सुनिश्चितता

## ३. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको उद्देश्य

क) शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक कार्यक्रमहरूको माध्यमद्वारा नेपाली जनताको आर्थिक, सामाजिक एवं बौद्धिक विकास गर्ने,
ख) शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार तथा सामाजिक क्षेत्रमा अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी, सभा,सम्मेलन आदि गर्ने गराउने,
ग) आफ्नो देशको गौरवमय सांस्कृतिक वैभवलाई विश्वका अन्य राष्ट्रहरूमा आफ्नो साधनले भ्याएसम्म परिचित गर्ने गराउने,
घ) युनेस्कोको उद्देश्य एवं कार्यक्रमहरूको प्रचार प्रसार गरी सर्वसाधारण जनता समक्ष पुर्याउने,
ङ) अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं राष्ट्रियस्तरमा युनेस्कोद्वारा सञ्चालित कार्यक्रममा सघाउ पुर्याउने,
च) युनेस्कोको सहयोगमा सञ्चालित राष्ट्रिय तथा क्षेत्रीय विकास आयोजना एवं कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुर्याउनुका साथै आयोग अन्तर्गत गठन हुने विभिन्न विषय तथा विशेष समिति, युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ र युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जालको समन्वय र सहकार्यमा सहयोग पुर्याउने।

## ४. युनेस्को आयोगका प्रमुख कार्य

क) युनेस्कोका सदस्य राष्ट्रहरूको बिचमा पारस्परिक सम्बन्ध कायम गर्ने,
ख) युनेस्कोका कार्यक्षेत्रसँग सम्बन्धित शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आमसञ्चारका क्षेत्रहरूमा नेपाल सरकारलाई सल्लाह दिने,
ग) युनेस्कोका आदर्श र कार्यक्रमहरू मुलुकभरी प्रचार प्रसार गरी सर्वसाधारण जनताको समर्थन र सहयोग प्राप्त गर्ने,
घ) प्रत्येक दुई वर्षमा हुने युनेस्कोको महाधिवेशनमा भाग लिन जाने प्रतिनिधिमण्डललाई आवश्यक सरसल्लाह र निर्देशन दिने,

ङ)	युनेस्कोद्वारा पारित प्रस्तावहरू कार्यान्वयन गर्ने गराउने,

च)	युनेस्कोको उच्चतम आदर्श प्राप्तिका लागि समय समयमा सदस्य राष्ट्रहरूबीच भ्रमणको आदान प्रदानबाट अन्तर्राष्ट्रिय समझदारी र आपसी सहयोग बढाउने,

छ)	युनेस्कोको आदर्श प्राप्तिका निमित्त तालिम, गोष्ठी सञ्चालन तथा प्रकाशन सम्बन्धी कार्य गर्ने,

ज)	अन्तर्राष्ट्रिय समझदारी बढाउने खालका सामग्रीहरूको अन्तर्राष्ट्रिय स्तरमा आदान प्रदान आदि कार्य गर्ने गराउने,

झ)	आयोगसँग सम्बद्ध युनेस्को क्लबद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूको सुपरिवेक्षण गर्ने गराउने,

ञ)	युनेस्कोका अरू सदस्य राष्ट्रहरूको आयोगसँग सम्पर्क बढाउने र सहकार्य गर्ने,

ट)	आयोगको महाधिवेशन कम्तीमा वर्षको एक पटक बोलाउने,

ठ)	युनेस्कोको प्राविधिक तथा आर्थिक सहयोगमा विभिन्न कार्यक्रमहरूको सञ्चालन गर्ने गराउने र

ड)	युनेस्कोको उद्देश्य प्राप्तिका लागि सङ्कल्प प्रस्तावहरू पारित गर्ने ।

उल्लिखित कार्यका अलावा युनेस्कोको अगुवाईमा भएका र हुने अन्तर्राष्ट्रिय सन्धि महासन्धिको पक्ष राष्ट्र बन्न सदस्य राष्ट्रलाई अभिप्रेरित गर्ने, पारित अन्तर्राष्ट्रिय सन्धि, महासन्धिको कार्यान्वयनको अनुगमन गर्ने, विश्व शान्तिको निर्माणकालागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्ने, विश्वमा शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार र समाज तथा मानव विज्ञानको विकासका लागि विभिन्न कार्यक्रम निर्माण सञ्चालन र प्रसार गर्न सदस्य राष्ट्रलाई परिचालन गर्ने र उल्लिखित क्षेत्रमा हासिल भएका उपलब्धिको अभिलेखीकरण गरी र तिनमा सार्वजनिक पहुँचको सुनिश्चित गर्ने कार्य पनि युनेस्को आयोगले गर्दै आएको छ। अविकसित तथा पछाडि परेका सदस्य राष्ट्र र क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय समुदाय तथा स्रोतको परिचालन गर्ने गराउने, सार्वजनिक सरोकारका विषयमा विश्व अभिमत निर्माण र प्रचार प्रसार गरी सामूहिक हितको प्रवद्र्धन गर्ने गराउने र युनेस्को सम्बद्ध विषय क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सदस्य राष्ट्रको आवश्यकता र संगठनको विशेषज्ञताका आधारमा आवश्यक प्राविधिक तथा बौद्धिक सहयोग उपलब्ध गराउने कार्य समेत यस आयोगको कारेक्षेत्र भिब पर्दछन्।

## खण्ड ख

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका प्रमुख कार्यक्रमसम्वन्धी विवरण

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत सञ्चालित प्रमुख कार्यक्रम तल प्रस्तुत गरिएको छ।

१. **विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं.२०७८–२०८७)**

नेपालको संविधानको मार्गदर्शन, परिवर्तित संघीय संरचनाको आवश्यकता र उल्लिखित नीतिगत प्राथमिकता अनुकूल विद्यालय शिक्षाको विकासलाई दिशानिर्देश गर्न नयाँ योजनाको आवश्यकता देखिएको छ। नेपालमा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजना (SSDP 2073-2080 BS) सात वर्षका लागि तयार गरिएको भए पनि पहिलो पाँच बर्षका लागि मात्र स्रोतको व्यवस्थापनसहितको कार्यान्वयन योजना तय गरिएकाले पहिलो चरणको पाँच बर्षे अवधि आर्थिक वर्ष २०७७/७८ को अन्तसम्म मात्र रहेकाले हाल सञ्चालनमा रहेका कार्यक्रमहरूमध्ये प्रभावकारी देखिएका तथा परीक्षणबाट उपयोगी ठहरिएका कार्यक्रमहरूलाई निरन्तरता दिन, कतिपय कार्यक्रहरूलाई परिमार्जन गरी समसामयिक बनाउन र परिस्थितिअनुरूप नयाँ रणनीति तथा कार्यक्रम समावेश गर्न पनि विद्यालय शिक्षा क्षेत्रमा नयाँ योजना निर्माण गर्नु परेको हो।

शिक्षा, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिक बनाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ। विभिन्न समयमा देखापर्ने प्राकृतिक प्रकोप, महामारी तथा विपदबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्धति विकासको आवश्यकतालाई कोभिड १९ जस्तो माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोधले पनि थप पुष्टि गरेको छ। कोभिड १९ को प्रभावबाट शिक्षा क्षेत्रमा भएको नोक्सानी, खासगरी विद्यार्थीको सिकाइमा भएको क्षतिलाई घटाई गतिशीलता प्रदान गर्नुपर्ने छ ।

उल्लिखित सन्दर्भहरूले नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि नयाँ योजनाको आवश्यकता महसुस गरी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आगामी १० वर्ष (२०७८-२०८७) का लागि विद्यालय शिक्षा क्षेत्रको योजना (School Education Sector Plan–SESP) तयार गरेको छ। यस योजनामा शिक्षा विकासको १० वर्षे दृष्टिकोणसहित पहिलो पाँच वर्षका लागि आवश्यक स्रोतको आकलन गरी कार्यान्वयनको खाका तयार गरिएको छ।

### दूरदृष्टि, ध्येय, उद्देश्य

योजनाका दूरदृष्टि, ध्येय तथा उद्देश्यहरूलाई मूलतः नेपालको संविधानले गरेको मार्गदर्शन, नेपाल सरकारले निर्धारण गरेको विकासको दीर्घकालीन सोचको अनुकूलता र दिगो विकास लक्ष्य तथा पन्ध्रौं योजनाका प्राथमिकतासँगको सामञ्जस्यतामा आधारित गरिएको छ। उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा तथा उठान गरिएका मुख्य चुनौती तथा अवसरहरूले नेपालको विद्यालय शिक्षाको आागामी १० वर्षको

मार्ग पहिचानका लागि आधार तयार गरेका छन्। यही सन्दर्भमा आधारित भएर यस योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा हासिल गर्ने उद्देश्य, रणनीतिहरू र प्राप्त हुने उपलब्धिहरूलाई यसमा समेटिएको छ ।

**दीर्घकालीन सोच (Vision)**

सक्षम, सृजनशील र मूल्यउन्मुख नागरिक तयार गरी नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका माध्यमबाट"समृद्ध नेपाल, सुखी नेपाली" को आकांक्षा पूरा गर्ने।

**ध्येय (Mission)**

अन्तर्राष्ट्रिय स्तरसँग तुलनायोग्य गुणस्तरयुक्त सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सक्षम, सुशासित, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास।

**उद्देश्यहरू (Objectives)**

क) विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः आर्थिक तथा सामाजिक कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।

ख) प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु।

ग) सबै नागरिकलाई आधारभूत कार्यमूलक तथा जीवनोपयोगी सिपसहित साक्षर बनाउनु र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर विस्तार गर्नु।

घ) विद्यालय तथा विद्यालय शिक्षाका सबै निकायमा सुशासन प्रवर्द्धन, अन्तरसरकार समन्वय तथा सहकार्य सुदृढीकरण र क्षमता विकास गरी शैक्षिक सेवा प्रवाह प्रभावकारी बनाउनु।

योजनाले जोड दिएका विद्यालय शिक्षा क्षेत्रका प्रमुख कार्यक्रम देहाय बमोजिम रहेका छन।

**१) प्रारम्भिक बालविकास तथा शिक्षा**

शैक्षिक सत्र २०८१ मा बालविकास केन्द्रको जम्मा सङ्ख्या ४१ हजार २ सय ८४ पुगेको छ। जुन गत वर्षभन्दा ६ सयको संख्यामा वृद्धि भएको छ। जम्मा बालविकास केन्द्रहरूमध्ये सङ्घीय सरकारको अनुदानमा सञ्चालित बालविकास केन्द्रको सङ्ख्या ३० हजार २ सय १२, स्थानीय तहबाट सञ्चालितको सङ्ख्या ३ हजार २ सय ५८ रहेको छ। त्यसैगरी धार्मिक बालविकास केन्द्र र संस्थागत बालविकास केन्द्रको सङ्ख्या क्रमशः ५ सय २७ र ७ हजार ८ सय १४ रहेको छ। प्रारम्भिक बालविकास केन्द्रमा भएको बढोत्तरीले आम मानिसहरूमा प्रारम्भिक बालविकास शिक्षाको महत्त्व बढ्दै गएको देखाउँछ। बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थीको अनुपात वर्सेनी वृद्धि हुँदै गएको छ। शैक्षिक सत्र २०७५ मा ६६.९ प्रतिशत रहेको यस्तो अनुपात शैक्षिक सत्र २०८१ मा आइपुग्दा ७६.३ प्रतिशत पुगेको छ।

शैक्षिक सत्र २०८० मा प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका कुल विद्यार्थीको सङ्ख्या १२ लाख

८६ हजार ५ सय २६ रहेकामा  शैक्षिक सत्र २०८१ मा उक्त संख्यामा वृद्धि भै १३ लाख १ हजार ४ सय २८ पुगेको छ। ४७.५५ प्रतिशत बालबालिका सामुदायिक बालविकास केन्द्रमा र ५२.४५ प्रतिशत बालबालिका संस्थागत विद्यालयमा भर्ना भएको देखिन्छ। सामुदायिक र संस्थागत दुवै किसिमका बालविकास केन्द्रमा छात्राको भन्दा छात्रको प्रतिशत बढी रहेको छ।

**२) तहगत विद्यार्थी भर्नादर**

आधारभूत तहको कुल भर्नादर १२४.८ र माध्यमिक तहको कुल भर्नादर ८०.६ प्रतिशत पुगेको छ। त्यसै गरी आधारभुत र माध्यमिक तहको खुद भर्नादर क्रमशः ९४.१ र ५५.८ प्रतिशत पुगेको छ। विगत ५ वर्षको खुद भर्नादर आधारभूत तह (कक्षा १-८) मा ९४.७ देखि ९५.१ प्रतिशतको बिचमा र माध्यमिक तह (कक्षा ९-१२) मा ५१.२ देखि ५६.८ प्रतिशतको बिचमा रहेको छ आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) दुवै तहको खुद भर्नादर अघिल्ला ४ वर्षहरूमा बढ्दै आएको भएता पनि यस वर्ष थोरैले कमी आएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त उमेर समूह अनुसारको प्रक्षेपित जनसङ्ख्या प्रयोग गरिएको र विगतमा विद्यार्थीको उमेरसमूहको जनसङ्ख्या फरक पर्दा गत वर्षको तुलनामा यस वर्ष खुद भर्नादरमा केही प्रतिशतले कमी हुन आएको हो।

**३) विद्यार्थीको टिकाउ दर**

शैक्षिक सत्र २०८१ मा कक्षा ८ सम्मको टिकाउ दर ८६.५ प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ६६.९ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ४०.६ प्रतिशत पुगेको छ। शैक्षिक सत्र २०८० मा यस्तो टिकाउ दर क्रमशः ८६.२ प्रतिशत, ६९.९ प्रतिशत र ३७.२ प्रतिशत रहेको थियो। शैक्षिक सत्र २०८० को तुलनामा शैक्षिक सत्र २०८१ मा कक्षा १० को टिकाउ दर ३ प्रतिशतले घटेको छ। विषयगत शिक्षक दरवन्दी कमी हुनु, शिक्षक अध्यापन अनुमति पत्रको कारण गणित, विज्ञान जस्ता विषयमा तोकिएको समयमै शिक्षक नियुक्ति हुन नसक्नु, पढाइप्रति विद्यार्थीको रुचि नहुनु, असफलता भोग्नु, वा वैकल्पिक शिक्षाको प्रभावकारी कार्यान्वयन हुन नसक्नुजस्ता कारणले माध्यमिक तहको टिकाउ दरमा कमी आएको अनुमान छ।

**४) विद्यालय प्रकार अनुसारका विद्यालयको सङ्ख्या**

शैक्षिक सत्र २०८१ मा कुल विद्यालय सङ्ख्या ३५ हजार ४ सय ४७ रहेको छ। शैक्षिक सत्र २०८० मा कुल विद्यालय सङ्ख्या ३५ हजार ८ सय ७६ रहेको थियो। संस्थागत विद्यालयको हिस्सा बढ्दो क्रममा देखिन्छ। कुल विद्यालयमध्ये सामुदायिक विद्यालय ७३.० प्रतिशत, संस्थागत विद्यालय २३.० प्रतिशत र  परम्परागत/धार्मिक विद्यालय ४.० प्रतिशत रहेका छन्। गत आर्थिक वर्षमा उक्त सङ्ख्या क्रमशः ७४.१ प्रतिशत, २२.० प्रतिशत र  ३.९ प्रतिशत रहेको थियो। विद्यालय नक्साङ्कन तथा समायोजनका कारण शैक्षिक सत्र २०८० को तुलनामा शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयको संख्यामा कमी आएको हो।

कुल सामुदायिक विद्यालयमध्ये एक सयभन्दा कम विद्यार्थी भएका विद्यालय ५५.९ प्रतिशत रहेका छन् भने २ हजारभन्दा बढी विद्यार्थी भएका विद्यालय ०.४ प्रतिशत रहेका छन्। सहरी क्षेत्रमा बढ्दै गएको बसाइसराइ र जन्मदरमा आएको कमीले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदै गएको छ। विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई नक्साङ्कन गर्दै समायोजन गर्दै लगिएको छ।

५) विद्यार्थी विवरण

शैक्षिक सत्र २०८१ मा आधारभूत तह (कक्षा १-५) मा जम्मा विद्यार्थी ३५ लाख १४ हजार ९ सय २८, आधारभूत तह (कक्षा ६-८) मा जम्मा विद्यार्थी १८ लाख ३२ हजार १ सय ४०, माध्यमिक तह (कक्षा ९-१०) मा जम्मा विद्यार्थी ९ लाख ८९ हजार ८ सय ८५ र माध्यमिक तह (कक्षा ११-१२) मा जम्मा विद्यार्थी ६ लाख ७३ हजार ८ सय ५५ गरी कक्षा १ देखि कक्षा १२ सम्म ७० लाख १० हजार ८ सय ८ जना विद्यार्थी अध्ययरत छन्। यस वर्षको कुल विद्यार्थी भर्नामा छात्राको प्रतिशत ४८.११ र छात्रको प्रतिशत ५१.८८ रहेको छ।

शैक्षिक सत्र २०८१ मा ६६.२२ प्रतिशत विद्यार्थीहरू सामुदायिक विद्यालयमा अध्ययनरत छन् भने ३३.७८ प्रतिशत विद्यार्थीहरू संस्थागत विद्यालयमा अध्ययनरत छन् ।जम्मा विद्यालय संख्याको ७७ प्रतिशत सामुदायिक विद्यालय र २३ प्रतिशत संस्थागत विद्यालय रहेका छन्। माध्यमिक तह (कक्षा ११-१२) मा बाहेक तह बढ्दै जाँदा संस्थागत विद्यालयहरूमा विद्यार्थी भर्ना प्रतिशत घट्दै गएको छ।

६) शिक्षक विवरण

आधारभूत तहमा कार्यरत महिला शिक्षकको सङ्ख्या माध्यमिक तहको तुलनामा उच्च रहेको छ। शैक्षिक सत्र २०८१ मा सबै प्रकारका विद्यालयमा कार्यरत शिक्षकहरूको सङ्ख्या ३ लाख ९ हजार ८ सय ७१ मध्ये ४०.२६ प्रतिशत महिला र ५९.७३ प्रतिशत पुरुष शिक्षक रहेका छन्। आधारभूत तहमा पुरुष (५१.०९ प्रतिशत) को तुलनामा महिला शिक्षक (४९.९० प्रतिशत) थोरैले कम छन् भने माध्यमिक तहमा पुरुष (८१.८९ प्रतिशत)को तुलनामा महिला (१८.१० प्रतिशत) शिक्षक अत्यन्तै न्यून छन् ।

७) सामुदायिक विद्यालयमा तहगत विद्यालय विद्यार्थी र शिक्षक अनुपात

सामुदायिक विद्यालयमा विद्यार्थी विद्यालय अनुपात बढी रहेको छ। शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयमा विद्यार्थी विद्यालय अनुपात आधारभूत तह (कक्षा १-५) मा १४३, आधारभूत तह (कक्षा ६-८) मा २६८, माध्यमिक तह (कक्षा ९-१०) मा २१५ र माध्यमिक तह (कक्षा ११-१२) मा ११८ रहेको छ भने संस्थागत विद्यालयमा उक्त अनुपात क्रमशः ६८६, २९६, ८४ र १८० रहेको छ।

८) विद्यालयगत र तहगत शिक्षकको लैङ्गिक समता सूचकाङ्क

सबै प्रकारका विद्यालयमा कार्यरत कुल शिक्षक सङ्ख्यामा सबैभन्दा उच्च लैङ्गिक समता सूचकाङ्क आधारभूत तह (कक्षा १-५) मा १.२१ रहेको छ भने सबैभन्दा न्यून लैङ्गिक समता सूचकाङ्क माध्यमिक तह (कक्षा ११-१२) मा ०.१६ रहेको छ। यस्तो सूचकाङ्क सामुदायिक विद्यालयतर्फ सबैभन्दा उच्च आधारभूत तह (कक्षा १-५) मा ०.९१ रहेको छ भने सबैभन्दा न्यून माध्यमिक तह (कक्षा ११-१२) मा ०.१४ रहेको छ। संस्थागततर्फ सबैभन्दा उच्च आधारभूत तह (कक्षा १-५) मा २.९८ रहेको छ भने सबैभन्दा न्यून माध्यमिक तह (कक्षा ११-१२) मा ०.२० रहेको छ।

९) विद्यालयगत र तहगत शिक्षकको लैङ्गिक समता सूचकाङ्क

सबै प्रकारका विद्यालयमा कार्यरत कुल शिक्षक सङ्ख्यामा सबैभन्दा उच्च लैङ्गिक समता सूचकाङ्क आधारभूत तह (कक्षा १-५) मा १.१५ रहेको छ भने सबैभन्दा न्यून लैङ्गिक समता सूचकाङ्क माध्यमिक

तह (कक्षा ११-१२) मा ०.१६ रहेको छ। यस्तो सूचकाङ्क सामुदायिक विद्यालयतर्फ सबैभन्दा उच्च आधारभूत तह (कक्षा १-५) मा ०.८७ रहेको छ भने सबैभन्दा न्यून माध्यमिक तह (कक्षा ११-१२) मा ०.१४ रहेको छ। संस्थागततर्फ सबैभन्दा उच्च आधारभूत तह (कक्षा १-५) मा २.९९ रहेको छ भने सबैभन्दा न्यून माध्यमिक तह (कक्षा ११-१२) मा ०.१६ रहेको छ।

## १०) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम आव २०७६।०७७ देखि कार्यान्वयनमा आएको छ।स्थानीय तहमा वित्तीय हस्तान्तरण मार्फत कार्यान्वयन हुने यस कार्यक्रम अन्तर्गत विद्यालय सुधार एवम् विद्यालयको भौतिक संरचनाको निर्माण, कक्षाकोठा, शौचालय र सूचना प्रविधि प्रयोगशाला निर्माण भएको छ।विशेषगरी, सामुदायिक विद्यालयको कक्षाकोठा, शौचालय र सूचना प्रविधि प्रयोगशाला जस्ता भौतिक संरचना निर्माणमा विनियोजित बजेटको उल्लेख्य हिस्सा खर्च भएको देखिन्छ।

आव २०७६।०७७ देखि आव २०८०।०८१ सम्म राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रु २६ अर्ब ७६ करोड रकम विनियोजन भएको छ।आव २०७७।०७८ देखि शुरु भएको पढ्दै कमाउने कार्यक्रम पनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत समावेश गरिएको छ। हाल सम्म १४० वटा प्राविधिक धारका विद्यालयहरुमा पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत प्रति विद्यालय रु १० लाखका दरले अनुदान स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको छ।आव २०८०/८१ मा कार्यक्रम स्थगित गरेर छुट्याइएको बजेट जाजरकोट भूकम्पले क्षति पुऱ्याएका विद्यालयको पुनर्निर्माणमा खर्च गर्ने निर्णय गरिएको थियो।

हाल सम्म राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १५०० भन्दा बढी विद्यालयहरुका ४ कोठे भवन, १०१५वटा विद्यालयमा २ कोठे भवन, १०२३६ कक्षाकोठाहरु र ४६०८ वटा विद्यालयहरुमा सूचना प्रविधि ल्याव स्थापना भएका छन्। यस आ व २०८१।८२ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत कुल ८७ करोड ७० लाख बजेट विनियोजन भएकोमा १८२ स्थानीय तहहरुमा WASH सहितको शौचालय निर्माणका लागि प्रति शौचालय ८ लाखका दरले २० करोड र बुट क्याम्प कार्यक्रम अन्तरगत बालबिकास शिक्षकका लागि TPD मोडलमा प्रति प्रदेश ५० जनाका दरले आवाशीय तालिम सञ्चालनका लागि ७४ लाख गरी जम्मा २० करोड ७४ लाख स्थानीय तह र प्रदेश तहमा रकम निकासा गरिएको छ ।

## ११) वि.सं. २०७२ र २०८० को भूकम्प पश्चातको विद्यालय पुनर्निमार्ण कार्यक्रमः

वि.सं. २०७२ को गोरखा भूकम्प र सो पश्चातका परकम्पबाट क्षतिग्रस्त भएका सामुदायिक विद्यालयको पुनर्निर्माण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्न साविक राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत केन्द्रिय आयोजना कार्यान्वयन इकाई (शिक्षा) स्थापना भएको थियो।वि.सं. २०७८ साल असोजमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण खारेज भएसँगै यस आयोजनाबाट सञ्चालित विद्यालय पुनर्निर्माणको बाँकी कार्यहरू शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत हस्तान्तरण भई मन्त्रालयबाट प्राप्त मार्गदर्शन बमोजिमका कार्यहरू सम्पादन गर्दै आइरहेको छ।गोरखा भूकम्प र सो पश्चातका परकम्पबाट क्षतिग्रस्त भएका सामुदायिक विद्यालयको पुनर्निर्माण अन्तिम चरणमा रहेको छ ।नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८१/१०/२५ को

निर्णयानुसार सम्वत् २०८० मा गएको जाजरकोट र बझाङ भूकम्पबाट क्षति पुगेका विद्यालयको पुनर्निर्माण कार्यका लागि केन्द्रीय आयोजना कार्यान्वयन इकाइको सुदुर पश्चिम र कर्णालीका गरी १५ जिल्लामा कार्यक्षेत्र विस्तार भए अनुसार यस आयोजनाले विद्यालय पुनर्निर्माणको कामलाई द्रुततर रूपमा अगाडि बढाइरहेको छ ।यसै गरी मन्त्रालयको नीति तथा निर्देशनमा विद्यार्थी संख्या अधिक रहेका (हाल दुई हजार भन्दा बढी विद्यार्थी भएका) विद्यालयको भौतिक पूर्वाधार विकासको कार्यको प्रक्रिया अगाडी बढेको छ ।

२०७२ को गोरखा भूकम्प र सो पश्चातको परकम्पबाट अति प्रभावित १४ जिल्ला र प्रभावित १७ जिल्ला (सङ्घीय संरचना पश्चात नवलपरासीलाई पूर्व र पश्चिम गरी विभाजन गरे अनुसार हाल ३२) गरी ३१ जिल्ला मा विद्यालय पुनर्निर्माणमा जाइका एशीयाली विकास वैंक, युएस एड लगायतको सहयोगमा भूकम्प आपत्कालिन सहायता परियोजना(Earthquake Emergency Assistance Project, EEAP), एशीयाली विकास वैंकको ऋण सहयोगमा विपद् प्रतिरोधी विद्यालय पूनर्निर्माण आयोजना (Disaster Resilient Schools Project, DRSP),जापानी अन्तर्राष्ट्रिय सहयोग संस्थाको ऋण सहयोगमा आपतकालीन विद्यालय पूनर्निर्माण आयोजना (Emergency School Reconstruction Project, ESRP), भारतीय सरकारको अनुदान ,साउदी फन्डको ऋण सहयोगमा चिनिया सरकारको टर्न कि अनुदान लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था र विद्यालय व्यवस्थापन समितिमार्फत हालसम्म ७६६० विद्यालय पुनर्निर्माण भइसकेका छन् भने १७ वटा विद्यालय निर्माणको अन्तिम चरणमा रहेका छन्। निर्माण भएका विद्यालयहरू बाल एवम् अपाङ्गमैत्री रहेका छन्।विभिन्न परियोजना अन्तर्गत निर्माण भएका विद्यालयहरूमा सुविधा सम्पन्न खानेपानी,शौचालय समेत निर्माण भएका छन् ।

सम्वत् २०८० को जाजरकोट र बझाङ भूकम्पले क्षति पुर्याएका विद्यालयको पुनर्निर्माणको एशीयाली विकास वैंकको ऋण सहयोगमा जाजरकोट र रुकुम पश्चिमका ३० वटा र जाइकाको ऋण सहयोगमा ११ वटा गरी ४१ वटा विद्यालयमा ठुला पूर्वाधार विकासऽ विद्यालय व्यवस्थापन समिति मार्फत चालु आवमा १४४ वटा कक्षा कोठा निर्माण कार्य शुरु भएको छ।जिपिइको अनुदान सहयोगमा बझाङ भूकम्पबाट क्षति पुगेका विद्यालय पुनर्निर्माणको कार्यका लागि विद्यालय छनोट कार्य भैरहेको छ।नेपाल सरकार र अन्य दाताहरुको सहयोगमा पुनर्निर्माण कार्य एवं विद्यार्थी चाप रहेका र थप भौतिक पूर्वाधार निर्माण कार्य यसै आवबाट शुरु गरी ३ वर्ष भित्रमा निर्माण सम्पन्न गरिनेछ ।

**१२) निशुल्क पाठ्यपुस्तकः**

सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाइ हरेक वर्ष कक्षा १ देखि कक्षा १२ सम्म निःशुल्क पाठ्यपुस्तक प्रदान गरिदै आएको छ।विद्यालय शिक्षामा अध्ययनरत जम्मा ७० लाख विद्यार्थीहरुमध्ये सामुदायिक विद्यालयमा अध्ययनरत करिव ५५ लाख विद्यार्थीहरुलाई हरेक वर्ष निशुल्क पाठ्यपुस्तक वितरण गरिदै आइएको छ।

**१३) विद्यालय दिवा खाजा कार्यक्रम**

आर्थिक वर्ष २०६६/६७ बाट कार्यान्वयनमा आएको विद्यालय दिवा खाजा कार्यक्रमबाट शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत देशभरका ३० लाख ९ हजार ६ सय ४० जना विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। गत शैक्षिक सत्रमा यस्तो सङ्ख्या ३१ लाख १३ हजार ६ सय ८४ रहेको थियो। बझाङ, बाजुरा र दार्चुला जिल्लाका १ हजार ६६ सामुदायिक विद्यालयका बालबालिकाहरूका लागि भने शिक्षाका लागि खाद्य कार्यक्रमबाट खाद्य सामग्री

उपलब्ध गराइने व्यवस्था रहेको छ। चालु आर्थिक वर्षमा दिवा खाजा कार्यक्रमका लागि रु ८ अर्ब १० करोड ८३ लाख ३५ हजार बजेटको व्यवस्था रहेको छ ।

**१४) छात्रवृत्ति कार्यक्रम**

शैक्षिक सत्र २०८१ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये १५ लाख ५२ हजार १ सय ६८ जना विद्यार्थीले विभिन्न किसिमका (आवासीय, गैरआवासीय, दलित, छात्रा, अपाङ्ग, सीमान्तकृत समूह लगायतका) प्राप्त गरेका छन। आव २०८१।०८२ मा छात्रवृत्ति कार्यक्रम अन्तर्गत विद्यालय शिक्षामा रु १ अर्ब ८३ करोड, प्राविधिक शिक्षामा ५ करोड रकम विनियोजन गरिएको छ। यस्ता छात्रवृत्तिको उपलब्धताले लक्षित वर्गको पढाइ छाड्ने दरमा कमी ल्याउन योगदान गर्नुका साथै सामाजिक समता कायम गर्न समेत योगदान गरेको छ।

**१५) अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा**

अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न २०८१ फागुनसम्म ३३ वटा विशेष विद्यालय र २३ वटा एकीकृत विद्यालय सञ्चालनमा रहेका छन्। त्यसैगरी अपाङ्गता भएका बालबालिकाको लागि ३८० स्रोत कक्षाको व्यवस्था गरिएको छ। दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क रूपमा ब्रेल लिपिका पाठ्यपुस्तक उपलब्ध हुँदै आएको छ। साङ्केतिक भाषा एवम् अन्य सिकाइ सामग्रीको विकास तथा वितरण गर्ने कार्यक्रम सञ्चालनमा रहेको छ। साथै अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्न स्रोत शिक्षकका लागि विभिन्न विषयमा शिक्षक तालिम समेत सञ्चालन भइरहेको छ । सामुदायिक विद्यालयका बालबालिकाको अपाङ्गता पहिचान गरी उनीहरूको विशिष्ट शैक्षिक आवश्यकता पूरा गर्ने उद्देश्यले अपाङ्गताको पूर्व पहिचान (Disability Screening) गर्ने कार्य भैरहेको छ ।

**१६) छात्राहरुको लागि सेनेटरी प्याडः**

सामुदायिक विद्यालयमा कक्षा ६ देखि १२ कक्षा सम्म अध्ययनरत करिव १० लाख १८ हजार छात्राहरुलाई सेनेटरी प्याड वापतको रकम वित्तिय हस्तान्तरण हुदै आएको छ। यस कार्यक्रमको लागि हरेक वर्ष १ अरब ३८ करोड ३२ लाख बरावरको रकम खर्च हुदै आएको छ।

**१७) आपतकालिन अवस्थामा शिक्षाः**

विपद्बाट शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई व्यवस्थापन गरी आपत्कालीन अवस्थामा बालबालिकाको पठनपाठनलाई नियमित बनाई विपद्को प्रभाव शिक्षण सिकाइमा कमभन्दा कम गर्न र सिकाइमा निरन्तरताका लागि स्वीकृत भएको विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा सञ्चालन) निर्देशिका, २०८० बमोजिम सङ्घीय शिक्षा समूह, प्रदेश शिक्षा समूह र स्थानीय शिक्षा समूहको गठन गरिएको छ। विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य गर्न तथा शिक्षा क्षेत्रको निरन्तर सुधार गरी शैक्षिक उपलब्धि हासिल गर्न तथा विपद्का समयमा समेत शैक्षिक गतिविधि सञ्चालनका लागि सङ्घ, प्रदेश र स्थानीय तहले आवश्यकता अनुसार सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी सामूहिक प्रयास भएको छ। सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) सँग तालमेल हुने गरी सिकाइ निरन्तरता योजना बनाइ कार्यान्वयन गरिएको छ ।सबै तहका सरकारले विभिन्न समयमा आउन सक्ने प्राकृतिक तथा मानवीय विपद्का कारणले शिक्षा क्षेत्रमा पार्ने प्रमावलाइ व्यवस्थापन गरी सिकाइ निरन्तरताका लागि विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तथा मनसुन प्रतिकार्य योजना जस्ता योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

## १८) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम

विद्यालय वाहिर रहेका बालबालिकाहरुको लागि शैक्षिक पुहँचको सुनिश्चतता गर्ने उद्देश्यले आधारभूत तहमा बैकल्पिक शिक्षाको पाठ्यक्रम र सिकाइ सामग्री विकास गरी बैकल्पिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिएको छ। त्यसैगरी युवा तथा प्रौढहरुले औपचारिक, अनौपचारिक तथा अनियमित माध्यमबाट सिकेका ज्ञान, सिप तथा दक्षतालाई पूर्वसिकाइको पहिचान मार्फत राष्ट्रिय योग्यता परीक्षण बमोजिमका कार्यहरुलाई परीक्षणको रुपमा सञ्चालन गरिएको छ।चालु आर्थिक वर्षको फागुनसम्ममा मुगु र जुम्ला जिल्ला थप भई साक्षर घोषणा भएका जिल्लाको सङ्ख्या ६६ पुगेको छ। हालसम्म कोशी, गण्डकी र बाग्मती प्रदेश साक्षर प्रदेश घोषणा भएका छन्।भने सुदुरपश्चिम र लुम्विनी प्रदेश साक्षर प्रदेशको रुपमा घोषणाको तयारीमा रहेका छन।

## १९) विद्यालय शिक्षामा सूचना प्रविधि

मुलुकभर सञ्चालित २७ हजार २ सय २८ सामुदायिक विद्यालयहरूमध्ये २३,३२१ (८५.४३प्रतिशत) विद्यालयमा इन्टरनेट सुविधाको पहुँच पुगेको छ। त्यसैगरी ८,०७६ (२९.५८ प्रतशित) सामुदायिक विद्यालयमा ICT Lab को विस्तार भएको छ।त्यसैगरी वैकल्पिक स्रोतसमेतका विद्युत सेवा पुगेका विद्यालय २१,३६६ (६९.६ प्रतिशत) रहेका छन्।

## २०) पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री उत्पादन र प्रसारण

विद्यालय शिक्षासम्वद्व सरोकारवालासँगको वृहत परामर्श, छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय सुझावका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अद्यावधिक भएको छ।विद्यार्थीका आवश्यकता र रूचीलाई हृदयङ्गम गरेर विद्यालय तहको अतिरिक्त विषयको अनुकूलन र मातृभाषा विषयको छुट्टै समूह निर्माण भएको छ।कक्षा ११ र १२ मा पाठ्यक्रम तथा मूल्याङ्कन विषयलाई अतिरिक्त विषयको रूपमा पठनपाठनका लागि पाठ्यक्रम विकास गर्ने व्यवस्था गरिएको छ ।

कार्यान्वयनको ५ वर्षको समय पश्चात पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन हुने नीतिगत प्राबधानअनुरूप सरोकारवालाका पृष्ठपोषण र राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवर्तित सन्दर्भअनुसार कक्षा ४-१२ को सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयको पाठ्यक्रम पुनरावलोकन, कक्षा १-३ को श्रव्य दृष्य विहिन बालवालिकाका लागि पाठ्यक्रमको अनुकूलन, प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रम अद्यावधिक र कक्षा १-३ को एकीकृत पाठ्यक्रम अद्यावधिक तथा परिमार्जन गर्ने कार्य सम्पन्न गरिएको छ।शैक्षिक वर्ष २०८२ बाट कार्यान्वयनमा जाने गरी कक्षा ४ को सामाजिक अध्ययन, कक्षा ९ र १० को अनिवार्य नेपाली र कक्षा ९ को अनिवार्य गणित बिषयको पाठ्यपुस्तक अद्यावधिक गरिएको छ।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट विद्यालय तहका विभिन्न आठ बिषयका नयाँ पाठ्यक्रम स्वीकृतिका लागि सिफारिस भएको छ।शैक्षिक वर्ष २०८२ बाट कार्यान्वयन हुने गरी कक्षा ९ कम्प्युटर विज्ञान, ऐच्छिक अर्थशास्त्र, ऐच्छिक गणित र कक्षा ११-१२ को ऐच्छिक गणित बिषयका नयाँ पाठ्यपुस्तकका PRC (Print Ready Copy) विकास गरी छपाइका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा पठाइएको छ।

घरायसी कार्यलाई आन्तरिक मूल्याङ्कनभित्र समावेश गरेर विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्डलाई परिमार्जन गरिएको छ। विद्यालय तहदेखि नै कामलाई सिकाइको अभिन्न अङ्गका रूपमा स्थापित गर्न, सिकारुमा श्रमप्रति सकरात्मक भावनाको विकास गर्न तथा उद्यमशिलता, रोजगारमूलक र स्वरोजगारन्मुख जस्ता विविध सिप विकासमा यस कार्यबाट महत्त्वूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ।

शैक्षिक वर्ष २०८२ बाट लागु हुने गरी विद्यार्थीमा समलोचनात्मक चिन्तन र सिर्जनात्मक क्षमता विकास गर्नका निम्ति खुला प्रश्नावली राखी कक्षा ९ र १० का अनिवार्य गणित र विज्ञान तथा प्रविधि बिषयको विशिष्टीकरण तालिका परिमार्जन गरिएको छ । विश्वव्यापी सिकाइ सिद्धान्त (Universal Design for Learning) को मान्यताअनुसार दृष्टिविहीन, बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सिकाइ सामग्री, क्रियाकलाप र मूल्याङ्कनमा समान पहुँच सुनिश्चित गर्नका हेतु Accessible Digital Textbook (ADT) निर्माण कार्य कक्षा १ को हाम्रो सेरोफेरो विषयबाट सुरू गरिएको छ। प्राविधिक तथा व्यावसायिक धार अन्तरगत माध्यमिक तह कक्षा ९ र १० का लागि सिकाइ स्रोत सामग्री विकास गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्रलाई अध्ययन अनुसन्धान केन्द्रको रूपमा समेत विकास गर्नका लागि विद्यालय तहका शैक्षिक मुद्दा, विश्वविद्यालय र विद्यायल तहको शिक्षाबिचको तादात्म्यता, प्राविधिक तथा व्यावसायिक शिक्षाको नक्शाङ्कन र गुणस्तर विश्लेषण, राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरको शिक्षाबिच तुलनात्मक अध्ययन र विश्लेषण गर्ने जस्ता विविध विषयमा अनुसन्धानात्मक कार्य भइरहेको छ। अनुसन्धानबाट उपलब्ध हुने प्राप्ति र निष्कर्षलाई विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण, विकास र परिमार्जनमा उपयोग गरी पूर्वाधारको पनि पूर्वाधारको रूपमा रहेको शिक्षलाई गुणस्तरीय बनाउन यसप्रकारका थालनीले थप दिशानिर्देश गर्नेछ।

पाठ्यक्रम विकास केन्द्रलाई समाजसँग जोड्नका लागि शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम पाक्षिक रूपमा सञ्चालन गरिएको छ। विद्यार्थीका सिर्जनालाई उनीहरू स्वयंले अध्ययन गर्ने पाठ्य तथा सन्दर्भ सामग्रीमा समावेश गरी प्रतिभा पहिचान र प्रोत्साहन कार्यलाई निरन्तर अघि बढाउन डिजिटल चित्रकला प्रतियोगिता कार्यक्रम सञ्चालनका लागि कार्यविधि स्वीकृत गरी कार्य सम्पादन प्रक्रिया अघि बढाइएको छ ।

नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक भएकोले पाठ्यक्रम विकास केन्द्रले प्रत्येक आर्थिक वर्षमा विभिन्न मातृभाषामा पाठ्यक्रम तथा नमुना पाठ्यपुस्तक निर्माण गर्ने लक्ष्य लिंदै आएकोमा हालसम्म ३३ मातृभाषाका पाठ्यक्रम तथा नमुना पाठ्यपुस्तक विकास भएका छन् ।

### २१) प्राविधिक तथा व्यावसायिक शिक्षा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत सचालित शिक्षालय/तालिम केन्द्रहरूले स्थानीयहरूसँग समन्वय र सहकार्य गर्दै स्थानीय तहको स्रोत र साधनहरूको प्रयोग गरी लक्षित युवाहरूलाई उत्पादन तथा रोजगारीका क्षेत्रमा जोड्नका लागि सहजिकरण गर्ने उद्देश्यले श्रम बजारको उच्च सम्भाव्यता भएका क्षेत्रमा आधारित कार्यकम अन्तर्गत ५३६० जनाको लागि निशुल्क छोटो अविधको सीपमूलक तालीम संचालन भएका छन्। त्यस्तै गरी बालसुधार गृहका १२० बालबालिकालाइ लक्षित गरी छोटो अवधिको सीपमूलक तालीम निशुल्क रूपमा प्रदान गरिएको छ।

औपचारिक, अनौपचारिक तथा अरितिक रुपमा हासिल गरेका सीप र दक्षतालाई परीक्षण तथा प्रमाणीकरण गर्नका लागि राष्ट्रिय सीप परीक्षण समिति मार्फत २७ वटा क्षेत्रमा प्रारम्भिक तह देखि चौथो तहसम्म ३१४ वटा पेशा र व्यावसायका राष्ट्रिय पेशागत सीप प्रमाणीका निर्माण गरेको छ। विभिन्न तह र पेशामा सीप परीक्षण प्रमाणीकृत भएका जनशक्तिको संख्या ४९७,९४६ रहेको छ। सन् २०२३ मा गरिएको ट्रेसर अध्ययन अनुसार तहगत रूपमा सीप परीक्षण ग्र्याजुएटको रोजगारी दर तह १, २ र ३ मा क्रमश: ५५.९८, ७८.०८ र ८०.३६ प्रतिशत रहेको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले समावेशी TVET को सुनिश्चितता अन्तर्गत प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरूमा पिछडिएका वर्ग, क्षेत्र र समुदायको पहुँचवृद्धि गर्ने उद्देश्यले दलित, मुस्लिम, विपन्न र सीमान्तकृत समुदायका ३६० जना तथा प्राविधिक शिक्षालयको संस्थागत पहुँच नपुगेका ७८ वटा स्थानीय पालिकामा १२० जना छात्रछात्राहरुलाई विशेष छात्रवृत्ति प्रदान गरिएको छ।

प्राविधिक शिक्षालयहरूमा अध्ययनरत प्रशिक्षार्थीहरूलाई व्यावहारिक सीप सिकाई उद्यमशील बनाउने उद्देश्यले आङ्गिक शिक्षालयहरुमा सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन भएका छन्। त्यस अन्तर्गत उद्यमशीलता विकासका लागि प्रयोगात्मक अभ्यास मार्फत वस्तु तथा सेवा उत्पादनमा अभिवृद्धिका लागि १४ वटा आङ्गिक शिक्षालयहरुमा इन्टर्न र १५ वटा आङ्गिक शिक्षालयहरुमा वस्तु सेवा उत्पादन गरी बजारीकरण कार्यक्रमको व्यवस्था गरिएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सञ्चालन हुदै आएका कार्यक्रमहरू प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका ग्र्याजुएटहरूको रोजगारीको अवस्था समग्रमा ५८.२% रहेको देखिन्छ। सञ्चालित भएका कार्यक्रमहरूको कार्यक्रमगत रुपमा रोजगारीको अवस्था तल चार्टमा दिइएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका शिक्षालय र तालिम केन्द्रहरूबाट सञ्चालनमा रहेको २४ महिने औधोगिक प्रशिर्क्षाथी तालिममा भर्ना भएका ४८५२ जना प्रशिक्षार्थी (२०६५महिला सहित) मध्ये ६२४ जनाले तालिम सम्पन्न गरी रोजगारीका जोडिएका छन् भने अन्य बाँकी प्रशिक्षार्थीहरू तालिममा संलग्न छन्। कार्यस्थलमा आधारित यस तालिमको कूल अवधि मध्ये १९.५ महिना उद्योगमा रही सिप सिक्ने र बाँकी अवधि तालिम केन्द्रमा रहने छन्। उद्योगमा रहेर काम गर्दै सिप सिक्ने उद्योग व्यवसायीहरुले प्रशिक्षार्थीहरुलाई प्रोत्साहन बापत निर्बाह भत्ता प्रदान गर्ने गर्दछ।

२२) **प्राविधिक शिक्षाबाट रोजगारीको अवस्था**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट उत्पादित जनशक्तिको रोजगारीको अवस्थालाई विभिन्न समयमा भएका अनुसन्धानहरूले दर्शाएका छन्। वि.सं. २०७९ साल (सन् २०२२) मा त्रिभुवन विश्वविद्यालयले गरेको Impact Assessment of Technical and Vocational Training शीर्षकको अनुसन्धानले प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका graduate मध्ये औसतमा ५८.२% रोजगार भएको देखाएको छ।

त्यसैगरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको रणनीतिक योजना (२०७९/८० — २०८७/८८) को प्रतिवेदनमा परिषद् र शिक्षा तथा मानव श्रोत विकास केन्द्र अन्तर्गत सन्चालित शिक्षालय तथा प्राविधिक धारका विद्यालयहरूबाट उत्पादित जनशक्तिको रोजगारीको दर औसतमा ४९% रहेको उल्लेख गरिएको छ।

यसका साथै औपचारिक, अनौपचारिक तथा अरितिक विधि र प्रकृयाबाट सिकेका सीपको परीक्षण तथा प्रमाणीकरण भएका तह १ देखि तह ३ सम्मका ग्र्याजुएटहरूको रोजगारीको अवस्था पहिचान गर्ने उद्देश्यले राष्ट्रिय सीप परीक्षण समितिले तेस्रो पक्षबाट अध्ययन गराएको थियो।

२३) **माध्यमिक शिक्षा परीक्षा कक्षा १०**

माध्यमिक शिक्षा परीक्षा (SEE) परीक्षा, २०८० मा सामेल भएका ४ लाख ६४ हजार ७ सय ६७ परीक्षार्थीमध्ये सबैभन्दा धेरै १७ प्रतिशत परीक्षार्थीहरू जिपिए २.८१ देखि ३.२० को वर्गमा परेका छन्। जिपिएका ८ वटा वर्गहरूलाई दुई भागमा (जिपिए ०-८० देखि २.४० सम्म र जिपिए २.४० देखि ४.०० सम्म) विभाजन गरेर हेर्दा ती वर्गमा पर्ने परीक्षार्थीहरूको प्रतिशत क्रमशः ४७.७८ र ५२.२२ रहेको छ।

शैक्षिक सत्र २०८० मा दुइ पटक माध्यमिक परीक्षा सञ्चालन गरिएको थियो। नियमित तर्फको परीक्षामा जम्मा ४७.८७ प्रतिशत विद्यार्थी मात्र ग्रेडेड भएको र बाँकी ५२.१३ प्रतिशत अवर्गीकृत भएको हुँदा पुनः अवर्गीकृत मा परेका विद्यार्थीहरुको लागि मौका परीक्षा सञ्चालन गरियो। मौका परीक्षा पश्चात ग्रेडेड हुने विद्यार्थीको प्रतिशत ७३.५६ प्रतिशत पुगेको थियो।

२४) **माध्यमिक शिक्षा परीक्षा कक्षा १२**

शैक्षिक सत्र २०८० को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) मा कुल ३ लाख ७२ हजार ६ सय ३७ परीक्षार्थी सहभागी भएकामा ४७.८५ प्रतिशत अवर्गीकृत वर्ग अर्थात पुनः परीक्षामा सामेल हुने वर्गमा परेका छन्। गत शैक्षिक सत्रको नतिजामा यस्तो प्रतिशत ४९.०९ रहेको थियो। सबैभन्दा उत्कृष्ठ औसत स्तरीकृत अङ्क ३.६१ देखि ४.०० को वर्गमा पर्ने विद्यार्थीको प्रतिशत २.४५ रहेको छ। गत शैक्षिक सत्रमा उक्त वर्गमा पर्ने विद्यार्थीको प्रतिशत १.८७ रहेको थियो।

२५) **उच्च शिक्षा**

आर्थिक वर्ष २०८०/८१ मा विभिन्न विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीको सङ्ख्या ६ लाख ६१ हजार १ सय २६ रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा यो सङ्ख्या ६ लाख १ हजार ७ सय ८३ रहेको थियो । आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा ९.८६ प्रतिशतले विद्यार्थीको संङ्ख्या वृद्धि भएको छ । विद्यार्थी अध्ययन गरिरहेका १६ विश्वविद्यालय, ७ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान र विदेशी विश्वविद्यालका सम्बन्धनमा नेपालमा सञ्चालित क्याम्पसमा अध्ययनरत विद्यार्थीमध्ये ७४.३१ प्रतिशत विद्यार्थीहरू त्रिभुवन विश्वविद्यालयमा (आङ्गिकमा २६.३९ र सम्बन्धनप्राप्त ४७.९२) र २५.६९ प्रतिशत अन्य विश्वविद्यालय/प्रतिष्ठान/विदेशी विश्वविद्यालका सम्बन्धनका क्याम्पसमा अध्ययनरत रहेका छन् ।

विश्वविद्यालय अनुदान आयोगबाट २०८१ माघमसान्तसम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance and Accreditation) प्रमाणपत्र प्राप्त गर्ने उच्च शिक्षाका शैक्षिक संस्थाको सङ्ख्या ११४ पुगेको छ। २०८० फागुनसम्म यस्तो सङ्ख्या १०३ रहेको थियो।

२६) **उच्च शिक्षामा उत्कृष्टता प्रबर्द्धन कार्यक्रम**

विश्वविद्यालय अनुदान आयोगले राष्ट्रिय उच्च शिक्षा कार्यक्रम कार्यान्वयनको क्रममा उच्च शिक्षाको श्रम बजारमा सान्दर्भिकता र गुणस्तरको सवलीकरण र सहकार्यमा आधारित अनुसन्धान र नवप्रर्वतनको प्रवर्धन तथा अल्पसंख्यक र प्रकोप प्रभावित समूहहरुको उच्च शिक्षामा समतामूलक पहुँचको विस्तार गर्ने उद्देश्यका साथ उच्च शिक्षामा विशिष्टताको प्रबर्द्धन कार्यक्रम सञ्चालनमा ल्याएको छ। उच्च शिक्षाको विकास र

विस्तारका लागि यस कार्यक्रम अन्तर्गत व्यवस्था गरिएको अनुदान सहयोगका विभिन्न प्रावधानहरुमध्ये समतामा आधारित अनुदान पनि रहेको छ। यस कार्यक्रम अन्तर्गत पिछडिएका, दुर्गम र प्रकोप प्रभावित क्षेत्रमा सञ्चालित विभिन्न विश्वविद्यालयहरुबाट सम्वन्धन प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक क्याम्पसहरु तथा सबै विश्वविद्यालयका आङ्गिक क्याम्पसहरुलाई निर्धारित मापदण्डको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ।

## २७) कक्षा ५ को विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण

कक्षा ५ को NASA परीक्षण सन् २०२२ मा ७५ जिल्लाका १८०० विद्यालयबाट ३४,१७० विद्यार्थी र कक्षा १० को परीक्षण सन् २०२३ मा ७६ जिल्लाका १८०० विद्यालयबाट ४३,२१९ विद्यार्थी सहभागी भएका थिए ।कक्षा ५ को सिकाइ सक्षमतालाई चार तहमा विभाजन गरी विश्लेषण गरिएको छ। धेरै विद्यार्थी न्यूनतम सिकाइ हासिल गर्नका लागि पनि सङ्घर्षरत छन्। जम्मा २२ प्रतिशत विद्यार्थीले गणितमा, ५१ प्रतिशतले नेपालीमा, ५३ प्रतिशतले विज्ञान तथा प्रविधिमा र ४४ प्रतिशतले अङ्ग्रेजीमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका छन्। सन् २०१८ मा २८ प्रतिशतले गणितमा र ४५ प्रतिशतले नेपालीमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका थिए।

## २८) कक्षा १० को विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणको विवरण

कक्षा १० को सिकाइ उपलब्धिलाई ६ तहमा विभाजन गरी विश्लेषण गरिएको छ। सिकाइस्तरका हिसाबले विषयगत रूपमा नतिजा फरक फरक रहेको छ। समग्रमा कक्षा १० NASA सन् २०२३ को नतिजाअनुसार मधेश, बागमती र गण्डकी प्रदेशको उपलब्धि अन्य प्रदेशका तुलनामा उच्च रहेको छ।

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सन् २०२२ र सन् २०२३ का निष्कर्षहरूबाट शिक्षण सिकाइका रणनीतिहरू, उपचारात्मक कार्यहरू र प्रधानाध्यापकहरूको भूमिकामा समस्याहरू रहेको देखिन्छ। औसतमा संस्थागत विद्यालयका विद्यार्थीको नतिजा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा राम्रो देखिन्छ ।

## २९) प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्ड सम्बन्धी अध्ययन

कक्षा १ मा बालबालिका विद्यालय शिक्षाका लागि कत्तिको तयार अवस्थामा आउने गर्छन् भन्ने विषयमा केन्द्रित रहेर शैक्षिक गुणस्तर परीक्षण केन्द्रले युनिसेफको सहयोगमा सन् २०१७ देखि प्रारम्भिक बालविकास सूचकाङ्क परीक्षण भन्ने अध्ययन वार्षिक रूपमा गर्दै आएकामा, हालसम्मको सुझाव र परीक्षणको उद्देश्यलाई समेटेर आ व २०८०/०८१ मा प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्डमा आधारित परीक्षण (ELDS based assessment) प्रतिवेदन तयार गरिएको छ। कक्षा १ मा भर्खरै भर्ना भएका विद्यार्थी विकासात्मक तथा शैक्षिक रूपमा कत्तिको तयार छन् भन्ने विषयलाई यस परीक्षणले ४८-६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डलाई आधार मानेर मापन गर्न खोजेको छ।

सातै प्रदेश समेटिने गरी २९ जिल्लाबाट जनसङ्ख्यामा आधारित Random Sampling विधिबाट २७४ विद्यालयका ३९७८ विद्यार्थीबाट वि.स. २०७९-८० जेठ, असारमा तथ्याङ्क सङ्कलन गरिएको थियो

भने आ.व. २०८०।८१ मा प्रतिवेदन तयारीको कार्यक्रम रहेकोमा सोको प्रतिवेदन तयार पारिएको छ।सर्वेक्षणमा, विद्यालयमा रहेको पूर्वप्राथमिक कक्षाको अवस्था, पूर्वाधार, शिक्षण सामग्री, शिक्षकको शैक्षिक योग्यता आदि समेट्ने गरी ६८ प्रश्न र विद्यालय तत्परता परीक्षणका ४८ वटा प्रश्न समेटिएको थियो।प्रश्नावलीहरू प्रारम्भिक बालविकास विज्ञ, निजी तथा सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास शिक्षक आदिको संग्लनतामा विकास तथा परिमार्जन गरिएको हो।विद्यार्थीको स्तर निर्धारण गर्ने प्रक्रियामा समेत यस्तै विज्ञ समूहको संग्लनतामा स्थापित विधि र प्रक्रिया प्रयोग गरिएको थियो।

## ३०) विज्ञान तथा प्रविधि

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट गरिने टक्सिकोलोजी, केमेष्ट्री तथा लागूऔषध, डि.एन.ए. बायोलोजी/सिरोलोजी तथा वन्यजन्तु र विवादित प्रलेखसम्बन्धी परीक्षण भएका केसको सङ्ख्या आर्थिक वर्ष २०८१/८२ को माघ मसान्तसम्ममा १ हजार ६ सय ११ वटा पुगेको छ। आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ को माघ मसान्तसम्ममा १० हजार १९ वटा केसको परीक्षण गरी सम्बन्धित निकायहरूमा प्रतिवेदन गरिएको छ। सो अवधिमा परीक्षणका लागि १० हजार ४४ वटा केस प्राप्त भएका थिए। यसरी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका प्रदेश कार्यालयहरूसमेतको परीक्षण प्रगति प्रतिशत ९९.७५ रहेको छ। यस्तो परीक्षणले विभिन्न निकायबाट गरिने अनुसन्धानमा सहयोग पुगेको छ।

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका केन्द्रीय निकायको आ.व. २०८१/०८२ का प्रमुख उपलब्धि

| क्षेत्र | अवस्था तथा उपलब्धि |
|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | • जम्मा वालबिकास केन्द्रको संख्या ४१,२८४ पुगेको छ,<br>• बालबालिकाको संख्या १३,०१,४२८ जना रहेको छ।<br>• वालविकास केन्द्रको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिको प्रतिशत ७६.३ पुगेको छ।<br>• प्रारम्भिक बाल विकास र शिक्षाको सुधारको लागि कार्यदल गठन भै प्रतिवेदन प्राप्त भएको,<br>• वालविकास शिक्षकको लागि बुटक्याम्प सञ्चालन गर्न कार्य सञ्चालन संहिता स्वीकृत गरी कार्यान्वयन प्रक्रिया अगाढी बढाईएको, |
| अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन | • सबै बालबालिकाहरुलाई आधारभूत तथा निःशुल्क शिक्षा सुनिश्चिततताका लागि आधारभूत तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्ययोजना २०८१ जारी गरी कार्य प्रारम्भ गरिएको छ।<br>• माध्यमिक तहसम्म निःशुल्क शिक्षा व्यवस्थाका लागि स्रोतको प्रबन्ध गर्ने उद्देश्यले बैधानिक संयन्त्रका रूपमा सङ्घ-प्रदेश-स्थानीय तहको 'साझेदारी कोष' स्थापनाको लागि प्रक्रिया शुरु भएको,<br>• विद्यालय बाहिर रहेका बालबालिकाहरुको लागि बैकल्पिक शिक्षाको माध्यमवाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइएको छ।<br>• विद्यालय वाहिर रहेका बालबालिकाहरुको नाम नामेशी विवरण सहितको प्रोफाइल तयारीको कार्य शुरुवात गरिएको छ। |
| विद्यालय शिक्षा | • आधारभूत तहको खुद भर्नादर ९४.१ प्रतिशत र माध्यमिक तहको खुद भर्नादर ५५.८ प्रतिशत पुगेको छ।<br>• कुल विद्यालय सङ्ख्या ३५ हजार ४ सय ४७ पुगेको छ।<br>• ७१ लाख १० हजार विद्यार्थी विद्यालय शिक्षामा अध्ययनरत छन।<br>• ६६.२२ प्रतिशत विद्यार्थीहरू सामुदायिक विद्यालयमा अध्ययनरत छन् भने ३३.७८ प्रतिशत विद्यार्थीहरू संस्थागत विद्यालयमा अध्ययनरत छन्।<br>• विद्यालयमा कार्यरत शिक्षकहरूको सङ्ख्या ३ लाख ९ हजार ८ सय जना छन।<br>• विद्यालयको व्यवस्थापन, नेतृत्व, लगानी र गुणस्तर वृद्धिका लागि गरिएका विभिन्न प्रयासका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गएको छ।<br>• बालबालिकाको अपाङ्गता पहिचान गरी उनीहरूको विशिष्ट शैक्षिक आवश्यकता पूरा गर्ने उद्देश्यले अपाङ्गताको पूर्व पहिचान (Disability Screening) गर्ने कार्य भैरहेको छ । |

| क्षेत्र | अवस्था तथा उपलब्धि |
| --- | --- |
| | • मुलुकभर सञ्चालित २७ हजार ९ सय ९० सामुदायिक विद्यालयहरूमध्ये १६ हजार २ सय ६२ वटा (५८.१ प्रतिशत) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरण तथा पूर्वाधार विस्तार भएको छ। |
| विद्यालको भौतिक तथा शैक्षिक पूर्वाधार | • सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालय सुधार, विद्यालयको भौतिक संरचनाको निर्माण, कक्षाकोठा, शौचालय र सूचना प्रविधि प्रयोगशाला निर्माण भएको छ।<br>• हाल सम्म राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १५०० भन्दा बढी विद्यालयहरुका ४ कोठे भवन, १०१५वटा विद्यालयमा २ कोठे भवन, १०२३६ कक्षाकोठाहरु र ४६०८ वटा विद्यालयहरुमा सूचना प्रविधि ल्याव स्थापना भएका छन्।<br>• त्यसै गरी २०७२ को गोरखा भूकम्प र सो पश्चातको परकम्पबाट अति प्रभावित १४ जिल्ला र प्रभावित १७ जिल्ला गरी ३१ जिल्लामा हालसम्म ७६६० विद्यालय पुनर्निर्माण भइसकेका छन् भने १७ वटा विद्यालय निर्माणको अन्तिम चरणमा रहेका छन्।<br>• जाजरकोट र बझाङ भूकम्पबाट क्षतिग्रस्त विद्यालयहरूमध्ये ADB, JICA, GPE र नेपाल सरकारको लगानीमा १०८ वटा विद्यालय पुनर्निर्माणको कार्य भैरहेको । |
| छात्रवृत्ति कार्यक्रम | • शैक्षिक सत्र २०८१ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये १५ लाख ५२ हजार १ सय ६८ जना विद्यार्थीले विभिन्न किसिमका (आवासीय, गैरआवासीय, दलित, छात्रा, अपाङ्ग, सीमान्तकृत समूह लगायतका) प्राप्त गरेका छन।<br>• आव २०८१।०८२ मा छात्रवृत्ति कार्यक्रम अन्तर्गत विद्यालय शिक्षामा रु १ अर्ब ८३ करोड, प्राविधिक शिक्षामा ५ करोड, उच्च शिक्षामा ३९ करोड ४६ लाख र चिकित्सा शिक्षामा रु ५ अरब ११ करोड गरी कुल ७ अरब ३९ करोड रकम विनियोजन गरिएको छ ।<br>• साविकमा कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीलाई वितरण गर्ने गरिएको विपन्न लक्षित छात्रवृत्ति कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन गरिएको।<br>• छात्रवृत्तिको उपलब्धताले लक्षित वर्गको पढाइ छाड्ने दरमा कमी ल्याउन योगदान गर्नुका साथै सामाजिक समता कायम गर्न समेत योगदान गरेको छ |

| क्षेत्र | अवस्था तथा उपलब्धि |
|---|---|
| पाठ्यक्रम तथा पाठ्यपुस्तक | • सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाइ हरेक वर्ष कक्षा १ देखि कक्षा १२ सम्म निःशुल्क पाठ्यपुस्तक प्रदान गरिदै आएको छ।<br>• विद्यालय शिक्षामा अध्ययनरत जम्मा ७० लाख विद्यार्थीहरुमध्ये सामुदायिक विद्यालयमा अध्ययनरत करिव ५५ लाख विद्यार्थीहरुलाई हरेक वर्ष निशुल्क पाठ्यपुस्तक वितरण गरिदै आइएको छ।<br>• शैक्षिक सत्रको शुरुमै विद्यार्थीको हातमा पाठ्यपुस्तक प्राप्त हुने गरी पाठ्पुस्तकको सुनिश्चितता गरिएको छ।<br>• विद्यालय तहका ६ वटा विषयका पाठ्यक्रम अद्यावधिक, परिमार्जन र विकास गर्ने प्रक्रिया सम्पन्न भएको<br>• कक्षा १-३ को श्रव्य दृष्य विहिन बालवालिकाका लागि पाठ्यक्रमको अनुकूलन, प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रम अद्यावधिक र कक्षा १-३ को एकीकृत पाठ्यक्रम अद्यावधिक तथा परिमार्जन गर्ने कार्य सम्पन्न गरिएको छ।<br>• राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट विद्यालय तहका विभिन्न आठ बिषयका नयाँ पाठ्यक्रम स्वीकृतिका लागि सिफारिस भएको छ<br>• विद्यालय तहदेखि नै कामलाई सिकाइको अभिन्न अङ्गका रूपमा स्थापित गर्न, सिकारुमा श्रमप्रति सकरात्मक भावनाको विकास गर्न तथा उद्यमशिलता, रोजगारमूलक र स्वरोजगारन्मुख जस्ता विविध सिप विकासमा यस कार्यबाट महत्त्वूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ।<br>• ३३ मातृभाषाका पाठ्यक्रम तथा नमुना पाठ्यपुस्तक विकास भएका छन्<br>• घरायसी कार्यलाई आन्तरिक मूल्याङ्कनभित्र समावेश गरेर विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्डलाई परिमार्जन गरिएको छ। |
| दिवा खाजा | • प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत देशभरका ३० लाख ९ हजार ६ सय ४० जना विद्यार्थी विद्यालय दिवा खाजा कार्यक्रमबाट प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।<br>• स्थानीय उत्पादनमा आधारित विद्यालय पोषण प्रारुप २०८१ स्वीकृत गरिएको, मेघा किचेन स्थापना तथा सञ्चालनका लागि कार्य सञ्चालन संहिता स्वीकृत गरी प्रदेश राजधानी रहेका स्थानीय तहमा वित्तिय हस्तान्तरण भएको, |
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | • विद्यालय वाहिर रहेका बालबालिकाहरुको लागि शैक्षिक पुहँचको सुनिश्चतता गर्ने उद्देश्यले आधारभूत तहमा बैकल्पिक शिक्षाको पाठ्यक्रम र सिकाइ सामग्री विकास गरी बैकल्पिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिएको छ।<br>• युवा तथा प्रौढहरुले औपचारिक, अनौपचारिक तथा अनियमित माध्यमबाट सिकेका ज्ञान, सिप तथा दक्षतालाई पूर्वसिकाइको पहिचान मार्फत राष्ट्रिय योग्यता परीक्षण बमोजिमका कार्यहरुलाई परीक्षणको रुपमा सञ्चालन गरिएको छ। |

| क्षेत्र | अवस्था तथा उपलब्धि |
|---|---|
| | • चालु आर्थिक वर्षको फागुनसम्ममा मुगु र जुम्ला जिल्ला थप भई साक्षर घोषणा भएका जिल्लाको सङ्ख्या ६६ पुगेको छ।<br>• हालसम्म कोशी, गण्डकी र बागमती प्रदेश साक्षर प्रदेश घोषणा भएका छन्।भने सुदुरपश्चिम र लुम्बिनी प्रदेश साक्षर प्रदेशको रुपमा घोषणाको तयारीमा रहेका छन। |
| परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार | • राष्ट्रिय परीक्षा वोर्डको समग्र पुनसंरचना सहित कक्षा १० र १२ को परीक्षा प्रणालीमा सुधार गर्न प्रस्तुत कार्यविधि, प्रक्रिया र कार्य सर्तको अधिनमा रही कार्य सम्पादन गर्न उच्चस्तरीय कार्यदल गठन भै प्रतिवेदन प्राप्त भै कार्यान्वयनको प्रक्रियामा रहेको,<br>• सार्वजनिक परीक्षाको नतिजा सुधार गर्नका लागि समिति गठन।<br>• विद्यालय तहको  परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधारको कार्ययोजना तयार भएको<br>• विद्यार्थी केन्द्रित डिजिटल सिकाइ सामग्री सहितको सिकाइ चौतारी(Learning Portal) विकास भै सञ्चालनमा रहेको, SEE पुरक परीक्षा लक्षित सहयोग कक्षा रेडियो नेपालबाट ७२ बटा र र नेपाल टेलिभिजनबाट १४४ वटा श्रव्यदृष्य पाठ प्रसारण भैरहेको।<br>• विद्यालय तहको समकक्षता प्रमाणपत्र (Equivalence Certificate) अनलाइन आवेदन दिएको पाँच दिनभित्रै प्रदान गरिने व्यवस्था।<br>• आगामी आव बाट कक्षा ९ को रजिष्ट्रेशन सम्वन्धमा राजश्व छुटको तथा कक्षा ११ मा रजिष्ट्रसन फाराम भर्न नपर्ने निर्णय राष्ट्रिय परीक्षा बोर्डबाट भएको । |
| शिक्षक व्यवस्थापन र पेशागत सहयोग | • माध्यमिक विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षकको अभावपूर्ति गर्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई मूल्याङ्कन सहितको शिक्षण इन्टर्नसिपमा पठाउनको लागि आवश्यक प्रक्रियाको थालनी भएको छ।<br>• माध्यमिक तहमा ३७८०४, निम्नमाध्यमिक तहमा १,१९,६९९ जना अध्यापन अनुमति पत्रको उम्मेदवार भएकोमा माध्यमिकमा १२६२९ जना र निमातहमा १०,९७४ जनाले अध्यापन अनुमति पत्र प्राप्त गरेका।<br>• विद्यार्थी संख्या र विषयका आधारमा सबै विद्यालयको शिक्षक दरबन्दीको पुनरावलोकन, मिलान तथा रूपान्तरण गर्नेको लागि कार्य भैरहको छ।<br>• शिक्षकहरुलाई सरकारी अस्पतालहरुमा स्वास्थ्य सेवामा छुट सम्बन्धी निर्णय भएको |

| क्षेत्र | अवस्था तथा उपलब्धि |
|---|---|
| प्राविधिक तथा व्यवसायिक शिक्षा | • प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत ६६ वटा आङ्गिक शिक्षालय, ५७ वटा साझेदारी स्वरुपमा सञ्चालित शिक्षालय, ६३९ वटा सामुदायिक विद्यालय (टेक्स स्कुल) र ४२२ वटा निजी शिक्षालय गरी जम्मा ११८४ वटा प्राविधिक शिक्षालयहरुले प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरू संचालनका लागि सम्बन्धन/स्वीकृति पाएका छन्।<br>• औपचारिक, अनौपचारिक तथा अरितिक रुपमा हासिल गरेका सीप र दक्षतालाई परीक्षण तथा प्रमाणीकरण गर्नका लागि राष्ट्रिय सीप परीक्षण समिति मार्फत २७ वटा क्षेत्रमा प्रारम्भिक तह देखि चौथो तहसम्म ३१४ वटा पेशा र व्यावसायका राष्ट्रिय पेशागत सीप प्रमाणीका निर्माण गरेको छ।<br>• विभिन्न तह र पेशामा सीप परीक्षण प्रमाणीकृत भएका जनशक्तिको संख्या ४९७,९४६ रहेको छ। सन् २०२३ मा गरिएको ट्रेसर अध्ययन अनुसार तहगत रूपमा सीप परीक्षण ग्र्याजुएटको रोजगारी दर तह १, २ र ३ मा क्रमश: ५५.९८, ७८.०८ र ८०.३६ प्रतिशत रहेको छ।<br>• प्राविधिक शिक्षालयको नक्साङ्कन लगायतका कार्य गर्न अध्ययन कार्य प्रारम्भ भएको<br>• CTEVT का आङ्गिक शिक्षालयहरूमा सातै प्रदेशहरूमा रहेका सरकारी अस्पतालसँग सम्झौता गरी नर्सिङ र फार्मेसीको कक्षा सञ्चालन गर्नका लागि यस वर्ष देखि मधेश प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा सुरु भएको ।<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पाठ्यक्रम सुधारको खाका तयार।<br>• Non-graded SEE का विद्यार्थीहरूलाई Pre Diploma तहमा पढ्न दिने व्यवस्था यस वर्षदेखि सुरु।<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सञ्चालन हुदै आएका कार्यक्रमहरू प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका ग्र्याजुएटहरूको रोजगारीको अवस्था समग्रमा ५८.२% रहेको देखिन्छ। |
| उच्च शिक्षा | • उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई सहकारी कार्यप्रणालीको आधारभूत तालिम प्रदान गर्न र शैक्षिक विदामा बसेका विद्यार्थीलाई अनौपचारिक शिक्षा र सामुदायिक विकास कार्यमा सहभागी गराउन **'करिअर काउन्सिलिङ'** कार्यक्रम सञ्चालनको प्रक्रिया अगाढी बढेको छ।<br>• ८९० वटा शैक्षिक परामर्श सेवा प्रदायक संस्थाहरुको नवीकरण तथा नियमन,<br>• बैदेशिक सम्वन्धन प्राप्त कलेजको अनुगमन तथा नियमन,<br>• विश्वविद्यालय अनुदान आयोगबाट २०८१ फागुन मसान्तसम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance and Accreditation) प्रमाणपत्र प्राप्त गर्ने उच्च शिक्षाका शैक्षिक संस्थाको सङ्ख्या ११४ पुगेको छ |

| क्षेत्र | अवस्था तथा उपलब्धि |
| --- | --- |
| | • नेपाल संस्कृत विश्वविद्यालय,पोखरा विश्वविद्यालय र कृषि तथा वनविज्ञान विश्वविद्यालयमा उपकुलपति नियुक्तिको लागि सिफारिस गरिएको साथै काठमाडौ विश्विवविद्श्वयालयमा रिक्त उपकुलपति नियुक्तिकोलागि उपकुलपति छनौट सिफारिस समिति गठन ।<br>• विश्वविद्यालयहरूको व्यबस्थापन, गुणस्तर र  भौतिक सुधारका लागि मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग र सम्पूर्ण विश्वविद्यालयसँग छलफल गरी सुधारको कार्य सुरु गरिएको, सामुदायिक क्याम्पसका शिक्षकको स्तरीकरण कार्य सुरु गरिएको,<br>• शिक्षा क्षेत्रमा गरिने अनुसन्धान मूलक कार्यक्रमलाई प्रभावकारी र नतिजामूलक बनाउनको लागि प्राज्ञिक तथा अनुसन्धानमूलक संस्थामार्फत हुने व्यवस्था मिलाइएको छ।<br>• त्रिभुवन विश्वविद्यालयले आगामी वर्षदेखि वार्षिक परीक्षा प्रणालीअनुसार सबै सङ्कायहरूको स्नातक तहका प्रश्नपत्रहरू तयार गर्दा अङ्ग्रेजी र नेपाली दुवै भाषामा सोधिने निर्णय भएको<br>• त्रिविमा २०५८ पछिका परीक्षार्थीले मौका परीक्षा दिन पाउने व्यवस्था।<br>• त्रिभुवन विश्वविद्यालय तथा नेपाल संस्कृत विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजवीन समितिको प्रतिवेदन प्राप्त भएको।<br>• विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शैक्षिक संस्थाहरूबाट सञ्चालित उच्च शिक्षाका कार्यक्रमहरू व्यवस्थित गर्ने कार्ययोजना निर्माण भएको<br>• उच्च शिक्षा मापदण्ड तथा सञ्चालन ऐनको मस्यौदा तयार गर्न नेपाल कानुन आयोगसँग सहकार्य,<br>• विदेशि विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षा सेचालन गर्ने सम्बन्धि नियमावली तथा शैक्षिक परामर्स तथा भाषा शिक्षण सम्बन्धि नियमावलीको मस्दौदा तयार<br>• शहिद दशरथचन्द विश्वविद्यालयको विधेयेकका बारेमा प्रतिनिधि सभा शिक्षा, स्वास्थ्य तथा सूचना सञ्चार समितिमा दफावार छलफल |
| विज्ञान तथा प्रविधि | • राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट गरिने टक्सिकोलोजी, केमेष्ट्री तथा लागूऔषध, डि.एन.ए. बायोलोजी/सिरोलोजी तथा वन्यजन्तु र विवादित प्रलेखसम्बन्धी परीक्षण भएका केसको सङ्ख्या आर्थिक वर्ष २०८१/८२ को माघ मसान्तसम्ममा १ हजार ६ सय ११ वटा पुगेको छ।<br>• वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन तथा आविष्कारका कार्यक्रम कार्यान्वयन गर्न विश्वविद्यालय,विद्यालय, अनुसन्धानकर्ता र वैज्ञानिकलाई परिचालन गरिएको छ। |

| क्षेत्र | अवस्था तथा उपलब्धि |
|---|---|
| | • विज्ञान, प्रविधि तथा नवप्रवर्तनका लागि Open Learning Platform को अवधारणा पत्र तयार।<br>• विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमहरु (School to work transition) अन्तर्गत १५० वटा विद्यालयसंग सम्झौता भएको।<br>• विज्ञान तथा प्रविधिलाई उत्पादन, उत्पादकत्व र उद्यमशीलता विकासका लागि सामाजिक समस्या पहिचान र आर्थिक सम्भावनाको विषयमा केन्द्रित हुने गरी अनुसन्धानात्मक विषय पहिचान गर्ने |
| शिक्षा प्रणालीमा सुधारको लागि गठन भएका कार्यदल एवम् प्रतिवेदन | • पाठ्क्रम विकास केन्द्रबाट जारी हुने समकक्षताको प्रमाण प्रदान गर्दा सार्वजनिक भएका गुनासोका सम्बन्धमा समकक्षताको प्रमाणपत्र लिदा अपनाउनुपर्ने प्रक्रिया ,सोमा लाग्ने दस्तुरका पक्ष सहित उठान भएको विषयबस्तुका सम्बन्धमा आवश्यक छानविन समितिको प्रतिवेदन<br>• त्रि.वि.को जग्गा तथा अचल सम्पत्ति खोजविन समितिको प्रतिवेदन<br>• प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन सम्बन्धमा कार्यदल गठन ।<br>• नेपाल संस्कृत विश्वविद्यालय जग्गा तथा सम्पत्ति खोजबिन उच्च स्तरिय समितिको प्रतिवेदन<br>• मन्त्रालय र अन्तर्गतका निकायहरुको रित्त दरबन्दीमा जनशक्ति व्यवस्थापनको कार्य, संगठन संरचना र दरबन्दी पुनरावलोकनका लागि संगठन र व्यवस्थापन (O&M)को लागि समिति गठन,<br>• उच्चस्तरीय दरबन्दी पुनरावलोकन कार्यदलको प्रतिवेदन (शिक्षक दरबन्दी पुनःवितरण)<br>• राष्ट्रिय परीक्षा वोर्डको समग्र पुनसंरचना सहित कक्षा १० र १२ को परीक्षा प्रणालीमा सुधार गर्न प्रस्तुत कार्यविधि, प्रक्रिया र कार्य सर्तको अधिनमा रही कार्य सम्पादन गर्न गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन<br>• स्थानीय आवश्यकतामा आधारित विद्यालय पोषण प्रारूप विकासका लागि गठित समिति प्रतिवेदन<br>• सार्वजनिक परीक्षाको नतिजा सुधार गर्नका लागि गठित समितिको प्रतिवेदन<br>• विद्यालय तहमा स्वास्थ्य तथा जनसंख्या विषयलाई के कसरी समायोजन / व्यवस्थापन गर्ने भन्ने लगायतको विषयको सम्वन्धमा गठीत कार्यदलको प्रतिवेदन |

| क्षेत्र | अवस्था तथा उपलब्धि |
| --- | --- |
| | • प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन सम्बन्धमा कार्यदल गठन ।<br>• अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन कार्ययोजनाको मस्यौदा सुधारका लागि सुझाव तथा पृष्ठपोषण<br>• कृषि तथा वन विज्ञान विश्वविद्यालय झगडा सम्वन्धी छानविन समितिको प्रतिवेदन<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद पुनसंरचना सम्वन्धी प्रतिवेदन<br>• विदेशी सम्बन्धन प्राप्त कलेजको अध्ययन सम्वन्धी छानविन समितिको प्रतिवेदन<br>• विशेष शिक्षाको अनुगमन सम्बन्धी प्रतिवेदन<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पाठ्यक्रम सुधारसम्बन्धी अध्ययन कार्यटोलीको प्रतिवेदन |
| नीतिगत तथा कानुनी सुधार | • विद्यालय शिक्षासम्बन्धी  विधेयक प्रतिनिधि सभाको समितिमा छलफलमा,<br>• शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक प्रतिनिधि सभाको समितिमा छलफलमा,<br>• तिलगङ्गा नेत्र विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक राष्ट्रिय सभाको समितिमा छलफलमा,<br>• राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विधेयक<br>• उच्च शिक्षासम्बन्धी विधेयक, नेपाल कानुन आयोगमा ।<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी विधेयक मस्यौदा तयार ।<br>• राष्ट्रिय योग्यता प्रारुपसम्बन्धी विधेयक मस्यौदा तयार ।<br>• प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम विधेयक तर्जुमा भइरहेको।<br>• रासायनिक पदार्थ सम्बन्धी विधेयक अर्थ मन्त्रालयमा पठाइएको।<br>• विज्ञान प्रविधि विधेयक तर्जुमा भइरहेको।<br>• व्यवहारिक विज्ञान प्रविधि तथा नवप्रवर्तन कोष विधेयक तर्जुमा भइरहेको।<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको समन्वयमा " एकीकृत स्वास्थ्य प्रतिष्ठान विधेयक" तर्जुमा भइरहेको।<br>• ख्वप विश्वविद्यालय सम्बन्धी विधेयक थप परिमार्जनको क्रममा रहेको।<br>• बुट क्याम्प कार्य सञ्चालन संहिता, २०८१ स्वीकृत<br>• मेगा किचन कार्य सञ्चालन संहिता, २०८१ स्वीकृत<br>• विश्वविद्यालय अनुदान आयोग आर्थिक कार्यविधि नियमावली २०८१ मन्त्रिपरिषद्मा पेस। |

| क्षेत्र | अवस्था तथा उपलब्धि |
| --- | --- |
| | • नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (दोस्रो संशोधन) आदेश २०८१ जारी।<br>• राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ मन्त्रिपरिषदमा पेस।<br>• व्यावहारिक विज्ञान प्रविधि तथा उद्यमोदय कोषसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त।<br>• प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनसम्बन्धी विनियमावली, २०८१ अर्थ मन्त्रालयमा पेस।<br>• विद्यालय पुनर्निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत।<br>• मेडिकल रेडियो थेरापी उपकरण तथा सेवा संचालन मापदण्ड २०८१ स्वीकृत भएको।<br>• औधोगिक रेडियोग्राफीसम्बन्धी मापदण्ड २०८१ स्वीकृत भएको |

खण्ड ग

# शैक्षिक तथ्याङ्क सम्बन्धी विवरण

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सँग सम्वन्धित शैक्षिक तथ्याङ्क तल प्रस्तुत गरिएको छ।

**तालिका १ : प्रारम्भिक बाल शिक्षाको स्थिति**

| शैक्षिक सत्र | जम्मा बालविकास केन्द्र (सङ्ख्या) | लाभान्वित बालबालिका (सङ्ख्या) | प्रारम्भिक बालविकासको कूल भर्नादर | प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा नयाँ भर्ना हुन आएका विद्यार्थीहरूको प्रतिशत |
|---|---|---|---|---|
| २०७९ | ४०६५४ | १२०८४२५ | ९४.९ | ७६.७ |
| २०८० | ४०६८४ | १२८६५२६ | ९९.९ | ७६.९ |
| २०८१ | ४१२८४ | १३०१४२८ | १०१.० | ७६.३ |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८१

बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थी (प्रतिशत)



तालिका २ : शैक्षिक सत्र २०८१ को वालविकास केन्द्र र बालबालिकाको संख्या

| वालविकास संख्या | | बालबालिका संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | | | संस्थागत | | |
| सामुदायिक | संस्थागत | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ३३४७० | ७८१४ | ३१९४०० | २९९४५२ | ६१८८५२ | ३९७२०१ | २८५३७५ | ६८२५७६ |

तालिका ३ : तहगत विद्यार्थी भर्ना दर

| तह | कुल भर्नादर | | | खुद भर्नादर | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| आधारभूत तह (कक्षा १-५) | १२५.१ | १३५.८ | १३०.५ | ९४.५ | ९४.३ | ९४.४ |
| आधारभूत तह (कक्षा ६-८) | ११४.७ | ११५.३ | ११५. | ९३.६ | ९३.७ | ९३.६ |
| आधारभूत तह (कक्षा १-८) | १२१.३ | १२८ | १२४.८ | ९४ | ९४. | ९४.१ |
| माध्यमिक तह (कक्षा ९-१०) | ९८.० | १०० | ९९.१ | ७७.३ | ७४.२ | ७५.८ |
| माध्यमिक तह (कक्षा ११-१२) | ५८.९ | ६८.३ | ६३.३ | ३७.५ | ३६.८ | ३७.१ |
| माध्यमिक तह (कक्षा ९-१२) | ७७.१ | ८४.३ | ८०.६ | ५६.१ | ५५.५ | ५५.८ |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८१

**आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) मा विगत ५ वर्षको खुद भर्नादर**



### तालिका ४ : प्रदेशगत रूपमा शैक्षिक सत्र २०८१ को खुद विद्यार्थी भर्नादर

| प्रदेश | कक्षा १-५ | कक्षा ६-८ | कक्षा १-८ | कक्षा ९-१० | कक्षा ११-१२ | कक्षा ९-१२ |
|---|---|---|---|---|---|---|
| कोशी | ९४.६ | ९३.४ | ९४.१ | ७५.४ | ३८.३ | ५६.५ |
| मधेस | ९४.१ | ९३.७ | ९४.० | ८२.४ | २६.४ | ५४.३ |
| बाग्मती | ९४.९ | ९३.७ | ९४.४ | ७१.९ | ४०.० | ५५.० |
| गण्डकी | ९५.२ | ९३.३ | ९४.४ | ७२.६ | ४३.१ | ५७.९ |
| लुम्बिनी | ९३.८ | ९३.७ | ९३.८ | ७६.५ | ३७.५ | ५५.९ |
| कर्णाली | ९४.९ | ९३.६ | ९४.४ | ७१.१ | ४४.५ | ५७.७ |
| सुदूरपश्चिम | ९४.३ | ९३.६ | ९४.० | ७६.२ | ३८.२ | ५६.४ |
| नेपाल | ९४.४ | ९३.६ | ९४.१ | ७५.८ | ३७.१ | ५५.८ |

### तालिका ५: विद्यालय विवरण

| प्रकार | सामुदायिक* (परम्परागत सहित) | सामुदायिक मात्र | संस्थागत | जम्मा | परम्परागत |
|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | १५३२२ | १४१५७ | १९३५ | १७२५७ | ११६५ |
| आधारभूत तह (कक्षा ६-८) | ४७६३ | ४५९६ | १८८५ | ६६४८ | १६७ |
| माध्यमिक तह (कक्षा ९-१०) | ३४०१ | ३३४३ | ३०९२ | ६४९३ | ५८ |
| माध्यमिक तह (कक्षा ११-१२) | ३८१२ | ३७७८ | १२३७ | ५०४९ | ३४ |
| **जम्मा** | **२७२९८** | **२५८७४** | **८१४९** | **३५४४७** | **१४२४** |

* सामुदायिक भन्नाले परम्परागत विद्यालयलाई समेत बुझाउँछ।



### तालिका ६ : विद्यार्थी सङ्ख्याका आधारमा सामुदायिक विद्यालयको सङ्ख्या

| विद्यार्थी सङ्ख्या | विद्यालय सङ्ख्या |
|---|---|
| १०० भन्दा कम | १५२७३ |
| १०० देखि ५०० सम्म | ९७०४ |
| ५०१ देखि १००० सम्म | १६३६ |
| १००१ देखि १५०० सम्म | ४४९ |
| १५०१ देखि २००० सम्म | १३६ |
| २००० भन्दा बढी | १०० |
| **जम्मा** | २७२९८ |

### तालिका ७ : प्रदेश अनुसार विभिन्न तहका विद्यालयको विवरण

| प्रदेश | आधारभूत तह कक्षा ५ सम्म | | आधारभूत तह कक्षा ८ सम्म | | माध्यमिक तह कक्षा १० सम्म | | माध्यमिक तह कक्षा १२ सम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत |
| कोशी | ३०३२ | ३७९ | ९६६ | ४१५ | ६१५ | ६१२ | ६५५ | २२८ |
| मधेश | २०५१ | ४५८ | ६२६ | ४६२ | ३३८ | ३६७ | ४५४ | १५७ |
| बागमती | २३९२ | ३१३ | ७४८ | १९८ | ६७९ | ११५७ | ७६५ | ४४० |
| गण्डकी | १८१३ | १३२ | ४८३ | ११३ | ४४६ | २६० | ५०५ | १३८ |
| लुम्बिनी | २४६४ | ३१७ | ७९९ | ३४७ | ५५० | ४६२ | ६२६ | १७० |
| कर्णाली | १७५३ | ११८ | ५१० | ७७ | ३२१ | ५६ | ३४९ | २६ |
| सुदूरपश्चिम | १८१७ | २१८ | ६३१ | २७३ | ४५२ | १७८ | ४५८ | ७८ |
| **जम्मा** | **१५३२२** | **१९३५** | **४७६३** | **१८८५** | **३४०१** | **३०९२** | **३८१२** | **१२३७** |

### तालिका ८: सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण

| प्रदेश / तह | | कोशी | मधेश | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **आधारभूत (कक्षा १-५)** | स्थायी | १३२२२ | ७०८७ | १२१२९ | ९२५७ | ९९६५ | ४८४३ | ५८६६ | **६२३६९** |
| | अस्थायी | ३४४४ | १७६० | ३४९६ | ३०९० | २६१९ | १४०० | १३७६ | **१७१८५** |
| | राहत | ३०५१ | ३०४४ | ३६३५ | १३३५ | ३३०६ | १९५५ | ३२१६ | **१९५४२** |
| **आधारभूत (कक्षा ६-८)** | स्थायी | २९३६ | १५६७ | २६४५ | २१४५ | २०६४ | ८४२ | १२६२ | **१३४६१** |
| | अस्थायी | ११०१ | ५२० | १०८१ | ८४१ | ८४९ | ५५९ | ५४८ | **५४९९** |
| | राहत | १६७४ | ६५९ | २११५ | १०४० | १५०४ | ८८१ | १४२२ | **९२९५** |

| प्रदेश / तह | | कोशी | मधेश | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक (कक्षा ९-१०) | स्थायी | २१७४ | १३७४ | २५०६ | १८६१ | १७७९ | ५७६ | ८८९ | ११९५९ |
| | अस्थायी | १००६ | ५०१ | १०४१ | ८०९ | ८३९ | ४९९ | ३९३ | ५०८८ |
| | राहत | १३१२ | ५२३ | १५८७ | ८७७ | १११७ | ६१३ | ११४६ | ७१७५ |
| माध्यमिक कक्षा(११-१२) | स्थायी | - | - | - | - | - | - | - | - |
| | अस्थायी | २५९ | २३३ | ४१७ | २५५ | २४८ | २०१ | ३१४ | १९२७ |
| | राहत | ५९९ | २७६ | ६५३ | ६०० | ६१२ | ३९३ | ८१७ | ३९५० |
| कुल | स्थायी | १८३३२ | १००२८ | १७२८० | १३२६३ | १३८०८ | ६२६१ | ८०१७ | ८६९८९ |
| | अस्थायी | ५८१० | ३०१४ | ६०३५ | ४९९५ | ४५५५ | २६५९ | २६३१ | २९६९९ |
| | राहत | ६६३६ | ४५०२ | ७९९० | ३८५२ | ६५३९ | ३८४२ | ६६०१ | ३९९६२ |
| जम्मा | | ३०७७८ | १७५४४ | ३१३०५ | २२११० | २४९०२ | १२७६२ | १७२४९ | १५६६५० |

### तालिका ९ : विगत ५ वर्षको तहगत विद्यार्थी सङ्ख्या

| तह | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | ३५१८९५० | ३५४८६३६ | ३६१०६०३ | ३५१९२१४ | ३५१४९२८ |
| आधारभूत तह (कक्षा ६-८) | १८१६७७६ | १७७७३४४ | १८२७४३३ | १८५२४९३ | १८३२१४० |
| माध्यमिक तह (कक्षा ९-१०) | १०६४८१५ | १०७९३५२ | १०६३२८५ | १०४५०९२ | ९८९८८५ |
| माध्यमिक तह (कक्षा ११-१२) | ६८०२२१ | ६१७५५९ | ७३५९५३ | ७२६४६३ | ६७३८५५ |
| जम्मा | ७०८२८३९ | ७०२४९६९ | ७२३९३५३ | ७१४३२६२ | ७०१०८०८ |



## तालिका १० : प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण

| तह/प्रदेश | | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | छात्रा | २५१८९५ | ४४८५३० | २८२६८८ | १०६७१० | ३०५७८६ | ११२५०७ | १६२०२७ | १६७०१४३ |
| | छात्र | २७४८५१ | ४८८४४५ | ३२७८३५ | १२३६८७ | ३४०३६२ | ११६६५५ | १७२९५० | १८४४७८५ |
| | जम्मा | ५२६७४६ | ९३६९७५ | ६१०५२३ | २३०३९७ | ६४६१४८ | २२९१६२ | ३३४९७७ | ३५१४९२८ |
| आधारभूत तह (कक्षा ६-८) | छात्रा | १३९६६४ | २०२५२७ | १६६४२६ | ६४३४४ | १५२४०७ | ६२८५८ | ९७७९२ | ८८६०१८ |
| | छात्र | १४७७८४ | २०८९३१ | १८९५५६ | ७२९२८ | १६६२४३ | ६२७२० | ९७९६० | ९४६१२२ |
| | जम्मा | २८७४४८ | ४११४५८ | ३५५९८२ | १३७२७२ | ३१८६५० | १२५५७८ | १९५७५२ | १८३२१४० |
| आधारभूत तह (कक्षा १-८) | छात्रा | ३९१५५९ | ६५१०५७ | ४४९११४ | १७१०५४ | ४५८१९३ | १७५३६५ | २५९८१९ | २५५६१६१ |
| | छात्र | ४२२६३५ | ६९७३७६ | ५१७३९१ | १९६६१५ | ५०६६०५ | १७९३७५ | २७०९१० | २७९०९०७ |
| | जम्मा | ८१४१९४ | १३४८४३३ | ९६६५०५ | ३६७६६९ | ९६४७९८ | ३५४७४० | ५३०७२९ | ५३४७०६८ |
| माध्यमिक तह (कक्षा ९-१०) | छात्रा | ८१४७२ | ९१३०८ | १०१४१२ | ४०१३५ | ८२९११ | ३७३१३ | ५०५९० | ४८५१४१ |
| | छात्र | ८२०२९ | ९८०७७ | १०९२९३ | ४२३९५ | ८५५२३ | ३७०२५ | ५०४०२ | ५०४७४४ |
| | जम्मा | १६३५०१ | १८९३८५ | २१०७०५ | ८२५३० | १६८४३४ | ७४३३८ | १००९९२ | ९८९८८५ |
| माध्यमिक तह कक्षा (११-१२) | छात्रा | ५६०३५ | ४४३२१ | ८९०८७ | २५६११ | ५६५६२ | २७२०३ | ३३००३ | ३३१८२२ |
| | छात्र | ५३४८१ | ४६८६९ | १०१९४२ | २५२८४ | ५६४७८ | २६२८२ | ३१६९७ | ३४२०३३ |
| | जम्मा | १०९५१६ | ९१११९० | १९१०२९ | ५०८९५ | ११३०४० | ५३४८५ | ६४७०० | ६७३८५५ |
| माध्यमिक तह (कक्षा ९-१२) | छात्रा | १३७५०७ | १३५६२९ | १९०४९९ | ६५७४६ | १३९४७३ | ६४५१६ | ८३५९३ | ८१६९६३ |
| | छात्र | १३५५१० | १४४९४६ | २११२३५ | ६७६७९ | १४२००१ | ६३३०७ | ८२०९९ | ८४६७७७ |
| | जम्मा | २७३०१७ | २८०५७५ | ४०१७३४ | १३३४२५ | २८१४७४ | १२७८२३ | १६५६९२ | १६६३७४० |
| कुल | छात्रा | ५२९०६६ | ७८६६८६ | ६३९६१३ | २३६८०० | ५९७६६६ | २३९८८१ | ३४३४१२ | ३३७३१२४ |
| | छात्र | ५५८१४५ | ८४२३२२ | ७२८६२६ | २६४२९४ | ६४८६०६ | २४२६८२ | ३५३००९ | ३६३७६८४ |
| | जम्मा | १०८७२११ | १६२९००८ | १३६८२३९ | ५०१०९४ | १२४६२७२ | ४८२५६३ | ६९६४२१ | ७०१०८०८ |

## तालिका ११: सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण २०८१

| तह | सामुदायिक | | | संस्थागत | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| प्राथमिक (१-५) | ५३९७३ | ५९६३१ | ११३६०४ | ३०४१४ | १०२१७ | ४०६३१ | ८४३८७ | ६९८४८ | १५४२३५ |
| निम्न माध्यमिक (६-८) | १२५३५ | २९११२ | ४१६४७ | ११११९२ | १२११९ | २३३११ | २३७२७ | ४१२३१ | ६४९५८ |
| माध्यमिक (९-१०) | ४५५४ | २१५९३ | २६१४७ | ४९३६ | १७९४३ | २२८७९ | ९४९० | ३९५३६ | ४९०२६ |
| माध्यमिक (११-१२) | ८६१ | ६०८५ | ६९४६ | ७४८ | ३६७२ | ४४२० | १६०९ | ९७५७ | ११३६६ |
| जम्मा | ७१९२३ | ११६४२१ | १८८३४४ | ४७२९० | ४३९५१ | ९१२४१ | ११९२१३ | १६०३७२ | २७९५८५ |

## तालिका १२ : विद्यालय शिक्षक दरवन्दी तथा अनुदान शिक्षक विवरण २०८१

| सि न | विवरण | स्वीकृत दरवन्दी | राहत/ अनुदान | जम्मा |
|---|---|---|---|---|
| १ | **तहगत शिक्षक दरवन्दी एवम् अनुदान** | | | |
| १.१ | प्राथमिक | ८०१७६ | २१८७१ | १०२०४७ |
| १.२ | निम्नमाध्यमिक | १६२२४ | ९६०९ | २५८३३ |
| १.३ | माध्यमिक(९-१०) | १२७३० | ६८९८ | १९६२८ |
| १.४ | उच्चमाध्यमिक | २००० | ४००० | ६००० |
| १.५ | प्राविधिक धार माध्यमिक (प्रशिक्षक तथा सहायक प्रशिक्षक) | | २१४८ | २१४८ |
| १.६ | प्राविधिक धार उच्चमाध्यमिक (प्रशिक्षक तथा विज्ञान शिक्षक अनुदान) | ० | २१४८ | २१४८ |
| १.७ | बालबिकास शिक्षक | | | ३०४०९ |
| १.८ | विद्यालय कर्मचारी | | | ७०७६ |
| १.९ | विद्यालय सहयोगी | | | २५९५९ |
| १.१० | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ७८०३ | | ७८०३ |
| १.११ | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३१६३ | | ३१६३ |

## तालिका १३:विद्यालय विद्यार्थी र शिक्षक अनुपात

| विद्यार्थी विद्यालय अनुपात | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तह | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
| | विद्यालय | विद्यार्थी | विद्यार्थी विद्यालय अनुपात | विद्यालय | विद्यार्थी | विद्यार्थी विद्यालय अनुपात | विद्यालय | विद्यार्थी | विद्यार्थी विद्यालय अनुपात |
| आधारभूत तह (कक्षा १-५) | १५३२२ | २१८७४४९ | १४३ | १९३५ | १३२७४७९ | ६८६ | १७२५७ | ३५१४९२८ | २०४ |
| आधारभूत तह (कक्षा १-८) | ४७६३ | १२७४१५४ | २६८ | १८८५ | ५५७९८६ | २९६ | ६६४८ | १८३२१४० | २७६ |
| माध्यमिक तह (कक्षा १-१०) | ३४०१ | ७२९५६९ | २१५ | ३०९२ | २६०३१६ | ८४ | ६४९३ | ९८९८८५ | १५२ |
| माध्यमिक तह (कक्षा १-१२) | ३८१२ | ४५१५५७ | ११८ | १२३७ | २२२२९८ | १८० | ५०४९ | ६७३८५५ | १३३ |
| कुल | २७२९८ | ४६४२७२९ | १७० | ८१४९ | २३६८०७९ | २९१ | ३५४४७ | ७०१०१६९ | १९८ |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८१

शैक्षिक सत्र २०८१ मा खुद विद्यार्थी भर्नामा तहगत लैङ्गिक समता सूचकाङ्क




**तालिका १४ : सबैभन्दा बढी विद्यार्थी सङ्ख्या रहेका १० सामुदायिक विद्यालयको विवरण**

| क्र. सं. | प्रदेश | जिल्ला | स्थानीय तह | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | लुम्बिनी | रुपन्देही | बुटवल उमनपा | कालिका मानवज्ञान मावि | ७४६७ |
| २ | मधेस | धनुषा | विदेह नपा | जनता नमुना मावि | ६५८७ |
| ३ | लुम्बिनी | रुपन्देही | तिलोत्तमा नपा | शान्ति नमुना मावि | ५६४१ |
| ४ | लुम्बिनी | रुपन्देही | बुटवल उमनपा | कान्ति मावि | ५३२४ |
| ५ | बागमती | काठमाडौं | काठमाडौं मनपा | ज्ञानोदय मावि | ४९२२ |
| ६ | मधेस | पर्सा | विरगञ्ज मनपा | त्रिजुद्ध महाविर रघुविर राम मावि | ४४४६ |
| ७ | लुम्बिनी | रुपन्देही | बुटवल उमनपा | नवीन औद्योगिक कदरबहादुर रिता मावि | ४४३२ |
| ८ | कोशी | मोरङ | सुन्दरहरैंचा नपा | सुकुना मावि | ४२०४ |
| ९ | बागमती | भक्तपु | भक्तपुर नपा | वागेश्वरी मावि | ४०२८ |
| १० | मधेस | रौतहट | कटहरीया नपा | जनता मावि | ३८८६ |

तालिका १५: २०७२ को भूकम्पले क्षति पुर्याएका विद्यालय पूनर्निर्माण कार्यको प्रगति

| क्र.स. | विवरण | निर्माण सम्पन्न | निर्माणाधिन | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | वि.व्य. स. मार्फत | ६०१० | ० | ६०१० | |
| २. | निर्माण व्यवसायी मार्फत | ८५८ | १६ | ८७४ | |
| ३. | गैर सरकारी संघ संस्था मार्फत | ७९२ | १ | ७९३ | |
| | जम्मा | ७६६० | १७ | ७६७७ | |
| ४. | शौचालय | ३४५९ | ० | ३४५९ | |
| ५. | खानेपानी | २१७० | ० | २१७० | |

तालिका १६ : आव २०८१।०८२ को छात्रवृत्ति विवरण

**विद्यालय शिक्षा छात्रवृत्ति**

| क्रस | छात्रवृत्तिको प्रकार | दर | लक्षित विद्यार्थी | जम्मा बजेट रु हजारमा |
|---|---|---|---|---|
| **क** | **आवासीय छात्रवृत्ति कक्षा १-१२** | | | |
| १ | अपाङ्गता भएका विद्यार्थीहरुका लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार | ८१८२ | ४०९१०० |
| २ | मुक्त कमलरी छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार | ३०३ | १५१५० |
| ३ | फिडर छात्रावासमा अध्ययनरत छात्रालाई छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार | ४०० | २०००० |
| ४ | सार्वजनिक निजी साझेदारीमा सञ्चालित नमुना विद्यालयमा स्वीकृत कोटामा अध्ययनरत छात्रछात्रालाई छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार | ५३० | २६५०० |
| ५ | हिमाली आवासीय छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार | २०८२ | १०४१०० |
| ६ | अति सिमान्तकृत समुदायका विद्यार्थीका लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार | ५० | २५०० |
| ७ | सडक बालबालिका तथा वालश्रमिकका लागि आवासीय शैक्षिक प्रबन्धका लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार | २४० | १२००० |
| ८ | HIV प्रभावित बालबालिका तथा वादी समुदायका विद्यार्थीका लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार | २७८ | १३९०० |
| | **जम्मा बजेट** | | **१२०६५** | **६०३२५०** |
| **ख** | **गैर आवासीय छात्रवृत्ति कक्षा १-१२** | | | |

| क्रस | छात्रवृत्तिको प्रकार | दर | लक्षित विद्यार्थी | जम्मा बजेट रु हजारमा |
|---|---|---|---|---|
| १ | छात्रा छात्रवृत्ति (कक्षा १- ५) कर्णाली प्याकेज समेत | मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाको हकमा कक्षा १- ५ मा अध्ययनरत छात्राका लागि वार्षिक रु १,०००। र अन्य जिल्लाको हकमा प्रति विद्यार्थी वार्षिक रु ४०० का दरले | ९३५१३३ | ३८८८२६ |
| २ | दलित विद्यार्थी छात्रवृत्ति (कक्षा १- ५) | प्रति विद्यार्थी वार्षिक रु ४००। | ५५२७९१ | २११११६ |
| ३ | मुक्त कमलरी छात्रवृत्ति | आधारभुत तहका लागि १५००। माध्यमिक तह (कक्षा ९- १०) को लागि १८००। र माध्यमिक तह (कक्षा ११- १२) को लागि रु ५०००। | २९० | ११६० |
| ४ | आधारभूत तह (कक्षा १- ५) मा अध्ययनरत लक्षित समूहका २२ जनजाति तथा सिमान्तकृत समुह, मुक्त कमैया, बादी, हलिया, चरुवाका सन्तती समेतका विद्यार्थीको लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक रु ५००। | ५१८८९ | २५९४५ |
| | **जम्मा बजेट** | | **१५४०१०३** | **६२७०४७** |
| ग | **विपन्न लक्षित छात्रवृत्ति** | | | |
| **१** | कक्षा ११- १२ मा विज्ञान विषय र प्राविधिक धार समेत (छात्र/छात्रा) | वार्षिक रु २४ हजार | | |
| **२** | कक्षा ११- १२ मा अन्य विषय (छात्र/छात्रा) | वार्षिक रु १८ हजार | | |
| **३** | कक्षा ६-१० (छात्र/छात्रा) | वार्षिक रु ६ हजार | | |
| | **जम्मा बजेट** | | | **६००००००** |
| | **कुल जम्मा** | | | |

**प्राविधिक तथा व्यावसायिक शिक्षा छात्रवृत्ति**

| क्रस | छात्रवृत्तिको प्रकार | दर / सुविधा | लक्षित विद्यार्थी | जम्मा बजेट रु हजारमा |
|---|---|---|---|---|
| १ | **वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति** (सबै प्रकारका शिक्षालयमा सञ्चालन हुने प्रि-डिप्लोमा र डिप्लोमा तहका हरेक कार्यक्रमको लागि तोकिएको जम्मा कोटा संख्याको १०% सिट संख्यामा प्रदान गरिने छात्रवृत्ति) | प्रि-डिप्लोमा र डिप्लोमा तहमा प्राविधिक शिक्षाका कार्यक्रम अवधिभर प्रशिक्षण शुल्क नलाग्ने (नि:शुल्क अध्ययन गर्न पाउने) | डिप्लोमा ४१५४ प्रि-डिप्लोमा १६४१ | नियमित क्रियाकलाप |

| क्रस | छात्रवृत्तिको प्रकार | दर | लक्षित विद्यार्थी | जम्मा बजेट रु हजारमा |
|---|---|---|---|---|
| २ | **जेहेन्दार छात्रवृत्ति** (सबै प्रकारका शिक्षालयमा सञ्चालन हुने प्रि-डिप्लोमा र डिप्लोमा तहका हरेक कार्यक्रममा १ जना सर्वोत्कृष्ट नतिजा ल्याउने प्रशिक्षार्थीलाई प्रदान गरिने छात्रवृत्ति) | हरेक शिक्षालयमा सञ्चालित प्रत्येक कार्यक्रममा सर्वोत्कृष्ट नतिजा ल्याउने १ जना प्रशिक्षार्थीलाई सो वर्ष वा सेमेष्टरको प्रशिक्षण शुल्क नलाग्ने (नि:शुल्क अध्ययन गर्न पाउने) | डिप्लोमा १३१९ प्रि-डिप्लोमा ६५१ | नियमित क्रियाकलाप |
| ३ | प्राविधिक शिक्षाको पहुँच नपुगेका ७८ वटा स्थानीय तहमा स्थायी बसोबास गर्नेहरूका लागि **विशेष छात्रवृत्ति** | कार्यक्रम अवधिभर नि:शुल्क अध्ययन गर्न पाउने निर्वाह भत्ता बापत प्रति महिना रु. ३,५००।- , यातायात खर्च बापत प्रति वर्ष रु. १,५००।- पोशाक खर्च बापत प्रति वर्ष रु. २,५००।- ,प्रशिक्षण अवधिभर नि:शुल्क छात्राबासको सुबिधा | डिप्लोमा १०६ प्रि-डिप्लोमा १४ | १४४०० |
| ४ | दलित, मुस्लिम, विपन्न र सीमान्तकृत समुदायका प्रशिक्षार्थीका लागि विशेष छात्रवृत्ति | कार्यक्रम अवधिभर नि:शुल्क अध्ययन गर्न पाउने निर्वाह भत्ता बापत प्रति महिना रु. ३,५००।-, यातायात खर्च बापत प्रति वर्ष रु. १,५००। पोशाक खर्च बापत प्रति वर्ष रु. २,५००।- प्रशिक्षण अवधिभर नि:शुल्क छात्राबासको सुबिधा | डिप्लोमा ३२४ प्रि-डिप्लोमा ३६ | ४५००० |
| | कुल जम्मा | | | **५९४००** |
| | | **उच्च शिक्षा छात्रवृत्ति** | | |
| **क्रस** | **प्रकार** | **दर** | **कोटा** | **जम्मा रकम** |
| **क** | **उच्च शिक्षा छात्रवृत्ति (स्नातक र स्नातकोत्तर तह)** | | | |
| १ | शहिद तथा द्वन्द्ध पिडित विद्यार्थीको लागि | बार्षिक २४ हजार | विज्ञापन अनुसार | १३६०० |

| क्रस | छात्रवृत्तिको प्रकार | दर | लक्षित विद्यार्थी | जम्मा बजेट रु हजारमा |
|---|---|---|---|---|
| २ | मुक्त कमलहरी विद्यार्थीको लागि | बार्षिक २४ हजार | विज्ञापन अनुसार | १४००० |
| ३ | मुस्लिम महिला विद्यार्थीको लागि | वार्षिक २४ हजार | विज्ञापन अनुसार | |
| ४ | अपाङ्गता भएका विद्यार्थीको लागि | वार्षिक २४ हजार | विज्ञापन अनुसार | ४७००० |
| ५ | आर्थिक रुपले विपन्न र दतिल विद्यार्थीको लागि | साधारण विषयको लागि वार्षिक रु १५ हजार र प्राविधिक विषयको लागि रु २१ हजार | विज्ञापन अनुसार | ३२०००० |
| | **कुल जम्मा** | | | **३९४६००** |
| | **चिकित्सा शिक्षा छात्रवृत्ति** | | | |
| १ | चिकित्सा शिक्षा छात्रवृत्ति | अध्ययन जारी रहेका अगिल्लो वर्षका विद्यार्थी समेत | १०५९४ | **५११२९६८** |

तालिका १७: माध्यमिक तथा निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्रसम्बन्धी विवरण

| आर्थिक वर्ष | माध्यमिक तह | | निम्न माध्यमिक तह | |
|---|---|---|---|---|
| | दरखास्त सङ्ख्या | उत्तीर्ण सङ्ख्या | दरखास्त सङ्ख्या | उत्तीर्ण सङ्ख्या |
| २०७८/७९ | ६७,२७८ | २३,०१२ | विज्ञापन नभएको | |
| २०७९/८० | विज्ञापन नभएको | | २,०६,६८० | ३३,१५८ |
| २०८०/८१ | ५९,०७५ | २४,३६६ | १,७९,४३७ | १२,००६ |

तालिका १८: प्राथमिक तह, तृतीय श्रेणी (खुला, समावेशी) को शिक्षक पदपूर्ति विवरण-२०८०

| क्र.स. | प्रदेश | माग | प्रारम्भिक परीक्षा | | | विषयगत परीक्षा | | | सिफारिस |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सहभागी | उत्तीर्ण | प्रतिशत | सहभागी | उत्तीर्ण | प्रतिशत | |
| १ | कोशी | १७४५ | १८७६१ | ३०७६ | १६.४० | २९८८ | १४४९ | ४८.४९ | १३७८ |
| २ | मधेश | ११३७ | १५७५९ | २२०२ | १३.९७ | २२४५ | ११७३ | ५२.२५ | १०४७ |
| ३ | बागमती | १३८२ | १५८३३ | ३०९९ | १९.५७ | २८४९ | १३३२ | ४६.७५ | १२१२ |
